# वन श्रमिकहरूको
# पेशागत स्वास्थ्य र सुरक्षा
# स्रोत पुस्तिका

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं

# वन श्रमिकहरुको पेशागत स्वास्थ्य र सुरक्षा स्रोत पुस्तिका

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं

२०८३

**सङ्कलन तथा सम्पादनः**
प्रकाश थापा, उपसचिव (प्रा.), रेड कार्यान्वयन केन्द्र
पशुपति नाथ कोइराला, वरिष्ठ वन तथा उद्यम विज्ञ, समृद्धिका लागि वन परियोजना
भगवती खाँण, सामाजिक सुरक्षा तथा लैङ्गिक विज्ञ, समृद्धिका लागि वन परियोजना
भरत गोतामे, वातावरणीय तथा सामाजिक सुरक्षा विज्ञ, उत्सर्जन न्यूनीकरण कार्यक्रम
अजित श्रीवास्तव, वातावरणीय सुरक्षा विज्ञ, समृद्धिका लागि वन परियोजना

प्रकाशन मिति: २०८३ असार

प्रकाशन प्रति:

**प्रकाशनः**
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं
www.redd.gov.np

# प्रकाशकीय

वन क्षेत्र नेपालको आर्थिक समृद्धि, सामाजिक विकास तथा वातावरणीय सन्तुलनको महत्वपूर्ण आधार हो। यस क्षेत्रको दिगो व्यवस्थापन र प्रभावकारी सञ्चालनमा वन श्रमिकहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ। वन श्रमिकहरू वन व्यवस्थापन कार्यका वास्तविक कार्यान्वयनकर्ता तथा वन क्षेत्रका प्रमुख आधारस्तम्भ भएकाले उनीहरूको सुरक्षित, स्वस्थ, सम्मानजनक तथा मर्यादित कार्य वातावरण सुनिश्चित गर्नु हाम्रो साझा दायित्व हो। यसै उद्देश्यलाई मूर्त रूप दिन **"वन श्रमिकहरूको पेशागत स्वास्थ्य र सुरक्षा स्रोत पुस्तिका"** तयार गरिएको छ। यो स्रोत पुस्तिका वन क्षेत्रमा कार्यरत श्रमिक, व्यवस्थापक, अनुसन्धानकर्ता, व्यवसायी, विद्यार्थी तथा अन्य सरोकारवालाहरूका लागि पेशागत स्वास्थ्य तथा सुरक्षासम्बन्धी अध्ययन सामग्री र व्यावहारिक मार्गदर्शक दस्तावेजका रूपमा विकास गरिएको हो।

यस स्रोत पुस्तिकामा कार्यस्थल सुरक्षा व्यवस्थापन, जोखिमको पहिचान तथा न्यूनीकरण, व्यक्तिगत सुरक्षा सामग्रीको उचित प्रयोग, आपत्कालीन तयारी तथा प्रतिकार्य, गुनासो सुनुवाई संयन्त्र, साथै लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका विषयहरू समावेश गरिएका छन्। वनसम्बन्धी कार्यहरू जोखिमयुक्त हुने भएकाले कार्यस्थल सुरक्षा र स्वास्थ्यको व्यवस्थापन, जिम्मेवारी निर्धारण, नियमित अनुगमन तथा निरन्तर सुधारका उपायहरूको कार्यान्वयन अपरिहार्य हुन्छ। यस पुस्तिकाले यस्ता प्रयासहरूलाई व्यवस्थित गर्दै वन श्रमिकहरूको सुरक्षा अभिवृद्धि, कार्यदक्षता वृद्धि तथा उत्पादकत्व सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

यस पुस्तकले वन क्षेत्रका विविध गतिविधिहरूको प्रभावकारी कार्यान्वयनका लागि डिभिजन वन कार्यालयहरू, वन क्षेत्रका परियोजनाहरू, वनमा आधारित उद्यमहरू तथा अन्य सम्बन्धित निकाय र सरोकारवालाहरूका लागि उपयोगी सन्दर्भ सामग्रीका रूपमा सहयोगी हुने अपेक्षा गरिएको छ। विशेषगरी कार्यस्थलका सुपरिवेक्षक, व्यवस्थापन पक्ष तथा नीति निर्माताहरूले सुरक्षित, स्वास्थ्यप्रद र समावेशी कार्य संस्कृति विकास गर्न यसलाई व्यवहारिक मार्गदर्शनका रूपमा उपयोग गर्न सक्नेछन्।

अन्त्यमा, यस स्रोत पुस्तिकाको प्रभावकारी प्रयोगबाट वन श्रमिकहरूको पेशागत स्वास्थ्य तथा सुरक्षामा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु। साथै, यस स्रोत पुस्तिका तयारीमा संलग्न रेड कार्यान्वयन केन्द्रका कर्मचारी तथा समृद्धिका लागि वन परियोजना मधेश प्रदेशका सामाजिक र वातावरणीय विज्ञहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

...................................

नवराज पुडासैनी

केन्द्र प्रमुख/ सहसचिव

## Abbreviations

| | | |
|---|---|---|
| GEDSI | : | Gender Equality, Disability, and Social Inclusion |
| GRM | : | Grievance Redress Mechanism |
| NTFPs | : | Non-Timber Forest Products |
| OHS | : | Occupational Health and Safety |
| PPE | : | Personal Protective Equipments |
| REDD | : | Reducing Emission from Deforestation and Forest Degradation |
| SEA/SH | : | Sexually Exploitation Abuse/ Sexual Harassment |
| UNFCCC | : | United Nations Framework Convention on Climate Change |

# विषयसूची

**परिच्छेद १: संक्षिप्त परिचय ........................................................... १**
१.१ पेशागत स्वास्थ्य र सुरक्षा........................................................... १
१.२ मुख्य मुख्य शब्दावलीहरु........................................................... ३
१.३ पेशागत स्वास्थ्य तथा सुरक्षासम्बन्धी संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था५
१.४ व्यक्तिगत सुरक्षा र स्वास्थ्यका उपकरणहरुको संक्षिप्त विवरण.................. १०
**परिच्छेद २: वन क्षेत्रमा श्रमिक सुरक्षा र स्वास्थ्यका विभिन्न पक्षहरु...................... १४**
२.१ वृक्षारोपण (Plantation) ........................................................... १५
२.२ गोडमेल तथा काँटछाँट (Tending operation)........................................ १७
२.३ वन पैदावार कटान, सङ्कलन तथा ओसारपसार कार्य (Forest Harvesting Operation and Transportation)............................................... १९
२.४ गैह्रकाष्ठ वन पैदावार सङ्कलन (Non-Timber Forest Products Collection)..... २२
२.५ वन डढेलो नियन्त्रण (Forest Fire Control) ........................................ २४
२.६ खोटो सङ्कलन (Resin Collection)................................................. २८
२.७ वन उद्यम (Forest Based Enterprises)............................................. २९
२.८ वन संरक्षण गस्ती (Forest Patrolling) ............................................ ३२
२.९ वन्यजन्तु उद्धार (Wildlife Rescue)................................................ ३४
**परिच्छेद ३: वन श्रमिकहरुको पेशागत स्वास्थ्य मापदण्ड.................................. ३६**
**परिच्छेद ४: प्रशिक्षण र क्षमता विकास ........................................................ ४०**
**परिच्छेद ५: दुर्घटना र घटना जानकारी तथा अभिलेख....................................... ४२**
**परिच्छेद ६: वातावरणीय तथा पारिस्थितिकीय प्रणालीको संरक्षण.......................... ४३**
**परिच्छेद ७: श्रमिक स्वास्थ्य र सुरक्षा दर्ता अभिलेख व्यवस्थापन.......................... ४५**
**परिच्छेद ८: श्रमिक अधिकार र क्षतिपूर्ति...................................................... ४८**
**परिच्छेद ९: सरोकारवालाको सहभागिता ...................................................... ५१**
**परिच्छेद १०: निरीक्षण, पुनरावलोकन, सिकाइ र सुधार...................................... ५४**
**परिच्छेद ११: अनुगमन र अनुपालन ............................................................ ५६**
**परिच्छेद १२: गुनासो व्यवस्थापन तथा यौन दुर्व्यवहार सम्बन्धी व्यवस्था................ ५७**
१२.१ गुनासो व्यवस्थापन (Grievance Management).................................. ५७

१२.२ यौनजन्य व्यवहारमा निषेध (Prohibition to Sexual Behaviour) ............... ५८
१२.३ गुनासो निवारण संरचना (Grievance Redressal Mechanism) .................. ५८
**परिच्छेद १३ः लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था**.................................................................................६२
१३.१ लैङ्गिक समानता सम्बन्धी विषयहरु ................................................. ६२
१३.२ अपाङ्गता समावेशीकरण सम्बन्धी मापदण्ड.......................................... ६२
१३.३ सामाजिक समावेशीकरण सम्बन्धी मापदण्ड........................................ ६३
१३.४ वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१), २०८२.. ६४
**सन्दर्भ ग्रन्थसूची**...................................................................................६७
**अनुसूचीहरु**...........................................................................................७०

# परिच्छेद १ः संक्षिप्त परिचय

## १.१ पेशागत स्वास्थ्य र सुरक्षा

पेशागत स्वास्थ्य तथा सुरक्षा (Occupational Health and Safety - OHS) भन्नाले कार्यस्थलमा कार्यरत श्रमिकहरूको जीवन, स्वास्थ्य र सुरक्षाको संरक्षण गर्दै दुर्घटना, घाइते हुने अवस्था, पेशागत रोग तथा अन्य कार्यसम्बन्धी जोखिमहरूको न्यूनीकरण गर्ने उद्देश्यले सुरक्षित, स्वस्थ तथा अनुकूल कार्य वातावरणको सिर्जना, प्रवर्द्धन र व्यवस्थापन गर्ने प्रक्रियालाई बुझिन्छ। प्रभावकारी पेशागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थाले श्रमिकहरूलाई कार्यस्थलमा सुरक्षित, सम्मानित र आत्मविश्वासी महसुस गराउँदै उनीहरूको कार्यदक्षता, उत्पादकत्व तथा समग्र कार्यसम्पादनमा सकारात्मक योगदान पुऱ्याउँछ।

अन्तराष्ट्रिय श्रम सङ्गठनले सुरक्षित र स्वास्थ्य कार्यस्थल श्रमिकको आधारभूत अधिकारको रुपमा परिभाषित गरेको छ। सुरक्षित र स्वास्थ्य कार्यस्थलको प्रबन्ध मिलाउँदा जोखिम घट्ने, दीर्घकालीन दायित्व नपर्ने वा कम हुने र अन्ततः उत्पादन क्षमता बढ्ने हुन्छ । पछिल्ला दशकहरूमा अत्यधिक गर्मी लगायतका जलवायुजन्य जोखिमहरू कार्यस्थलमा बढ्दै गएकाले व्यावसायिक सुरक्षा तथा स्वास्थ्यका यी पक्षहरूमा थप ध्यान दिनु अपरिहार्य भएको छ। यसको साथै सामयिक प्रविधिहरुको पनि आगमनसँगै जोखिमहरु पनि थप हुन गएको छ।

सुरक्षित तथा स्वास्थ्यकर कार्यस्थलको अवधारणा वन संरक्षण, व्यवस्थापन र उपयोगसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ। वन व्यवस्थापनसँग सम्बन्धित कार्यहरू सञ्चालन गर्ने वन श्रमिकहरू पेशागत सुरक्षा तथा स्वास्थ्यका विषयमा जानकार, सचेत र प्रशिक्षित हुनु अत्यन्त आवश्यक हुन्छ।

नेपालको वन व्यवस्थापन कार्यहरुमा वृक्षरोपण, गोडमेल तथा बिरुवा संरक्षण, हाँगा छाँट्ने, रूख कटानी, वन डढेलो नियन्त्रण तथा व्यवस्थापन, वनको रोग तथा किरा व्यवस्थापन, जैविक विविधता संरक्षण पूर्वाधारहरु, भू-संरक्षण एवम् जल सञ्चिति पुनर्भरण क्रियाकलापहरु लगायत विविध गतिविधिहरू सञ्चालन गरिन्छन्। यस्ता कार्यहरू सञ्चालन गर्दा कतिपय कार्यहरु जोखिमयुक्त हुने भएकाले वन श्रमिकहरूको सामाजिक सुरक्षा, स्वास्थ्य तथा कल्याण सुनिश्चित गर्नु आवश्यक हुन्छ। वन क्षेत्रमा कार्यरत श्रमिकहरूको पेशागत स्वास्थ्य तथा सुरक्षा केवल श्रमिकको व्यक्तिगत सुरक्षासँग मात्र सीमित नभई समग्र वन तथा वन्यजन्तु संरक्षण, दिगो वन व्यवस्थापन, जैविक विविधित र वातावरणीय संरक्षणसँग समेत गहिरो रूपमा आबद्ध रहेको छ।

त्यसैले वन क्षेत्रमा सुरक्षित र स्वास्थ्यकर कार्य वातावरणको प्रवर्द्धन गर्नु वन व्यवस्थापनको अभिन्न अङ्गका रूपमा लिनुपर्दछ।

वन श्रमिकहरूको शारीरिक, मानसिक, प्राविधिक तथा सिर्जनात्मक क्षमताको विकास र सुदृढीकरण गर्नु प्रभावकारी तथा दिगो वन व्यवस्थापनको आधारशिला हो। वन व्यवस्थापनसँग सम्बन्धित कार्यहरू सुरक्षित, दक्ष र गुणस्तरीय रूपमा सम्पन्न गर्न श्रमिकहरूको पेशागत सुरक्षा तथा स्वास्थ्य सुनिश्चित गर्नु अपरिहार्य हुन्छ।

श्रमिकहरूको कार्यस्थलमा हुन सक्ने जोखिमहरूको पहिचान, न्यूनीकरण तथा सुरक्षा प्रवर्द्धनका लागि आवश्यक प्रावधानहरू क्रियाकलापहरु पहिचान देखी कार्यान्वयन कार्य योजना तर्जुमाकै चरणदेखि समावेश गरिनुपर्दछ। साथै, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका सम्पूर्ण चरणहरूमा पेशागत सुरक्षा तथा स्वास्थ्यका पक्षहरूलाई समान प्राथमिकताका साथ ध्यान दिनु आवश्यक हुन्छ। यसबाट श्रमिकहरूको सुरक्षा सुनिश्चित हुनुका साथै वन व्यवस्थापन कार्यको प्रभावकारिता, उत्पादकत्व र दिगोपनामा समेत सकारात्मक योगदान पुग्दछ।

**"वन श्रमिकहरूको पेशागत स्वास्थ्य र सुरक्षा स्रोत पुस्तिका"** वन क्षेत्रमा कार्यरत श्रमिकहरूको हकहित संरक्षण, कार्यस्थलको सुरक्षा सुनिश्चितता तथा समग्र कार्यक्षमता अभिवृद्धि गर्ने उद्देश्यले तयार गरिएको हो। यस स्रोत पुस्तिकाले वन क्षेत्रमा कार्यरत श्रमिक, वन व्यवस्थापक, परियोजना कार्यान्वयनकर्ता तथा अन्य सरोकारवाला निकायहरूलाई कार्यस्थलमा पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनमा मार्गदर्शन प्रदान गर्ने सन्दर्भ सामग्रीका रूपमा कार्य गर्नेछ।

यस पुस्तिकाको मुख्य उद्देश्य वन श्रमिकहरूमा पेशागत स्वास्थ्य तथा सुरक्षाप्रति सचेतना अभिवृद्धि गर्नुका साथै वन संरक्षण, विकास तथा व्यवस्थापनका क्रममा सञ्चालन हुने विभिन्न गतिविधिहरूमा हुन सक्ने जोखिम तथा दुर्घटनाहरूको रोकथामका लागि आवश्यक व्यावहारिक ज्ञान, सीप र उपायहरू उपलब्ध गराउनु हो। साथै, वन क्षेत्रमा कार्यरत श्रमिकहरूका लागि सुरक्षित, स्वस्थ, समावेशी र सम्मानजनक कार्य वातावरण सुनिश्चित गर्न आवश्यक आधारभूत अभ्यासहरूको जानकारी प्रदान गर्नु पनि यस पुस्तिकाको ध्येय रहेको छ।

त्यसैगरी, यस पुस्तिकाले पेशागत दुर्घटना तथा घटनाहरूको अभिलेखीकरण, प्रतिवेदन तथा अनुगमन प्रणालीलाई व्यवस्थित बनाउन, कार्यस्थलमा हुन सक्ने वातावरणीय तथा अन्य जोखिमहरूको पहिचान र व्यवस्थापन गर्न तथा श्रमिकहरूमा सुरक्षा संस्कृतिको विकास गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यसले कार्यस्थलमा सुरक्षा तथा स्वास्थ्यसम्बन्धी अनुशासन, जिम्मेवारी र

सकारात्मक व्यवहारको प्रवर्द्धन गरी समग्र वन व्यवस्थापनलाई थप प्रभावकारी, सुरक्षित र दिगो बनाउन योगदान पुऱ्याउने विश्वास लिइएको छ।

यो स्रोत पुस्तिका नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रद्वारा सञ्चालित उत्सर्जन न्यूनीकरण कार्यक्रम (Emission Reduction Program) तथा समृद्धिका लागि वन परियोजना (Forests for Prosperity Project) को कार्यानुभव, सिकाइ तथा अभ्यासहरूका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भ सामग्रीहरूको अध्ययनका आधारमा तयार गरिएको हो। पुस्तकमा समावेश गरिएका सिद्धान्त, प्रक्रिया र अभ्यासहरूलाई सम्बन्धित निकाय तथा सरोकारवालाहरूले प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा वन क्षेत्रमा सुरक्षित, स्वस्थ तथा मर्यादित कार्य वातावरणको निर्माण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## १.२ मुख्य मुख्य शब्दावलीहरु

क. **वन श्रमः** वन श्रम भन्नाले वन पैदावारको सङ्कलन, उत्पादन, प्रशोधन तथा वनजन्य वस्तु एवं सेवाको संरक्षण, व्यवस्थापन र उपयोगका क्रममा कुनै पनि व्यक्तिले गर्ने शारीरिक, मानसिक वा सीपमा आधारित कार्यलाई जनाउँछ।

ख. **वन श्रमिकः** वन सम्बन्धी सरोकारवाला समूहहरु, सरकारी तथा गैह्रसरकारी संघ संस्था एवं निजी क्षेत्रमा काम गर्ने स्थायी, अस्थायी, ज्यालादारी कर्मचारीहरु तथा कामदार वन श्रमिक हुन्।

ग. **वन संवर्धन (Silviculture)ः** वन संवर्धन भनेको वनको स्थापना, वृद्धि, व्यवस्थापन तथा पुनरुत्पादन गर्ने विज्ञान र कला हो। वनको स्थापनादेखि उत्पादन तथा समग्र उत्पादनशिलता सुधार गर्न गरिने व्यवस्थापनका अभ्यासलाई वन संवर्धन बुझिन्छ। यसमा विशेष गरी रुख बिरुवाहरुको नर्सरी व्यवस्थापन, रुखको रोपण, वृद्धि, कटान, र पुनर्स्थापना सम्बन्धी क्रियाकलाप समावेश हुन्छन्। यसको मुख्य उद्देश्य वनको दीर्घकालीन स्वास्थ्य (Forest Health) र उत्पादनशीलता (Productivity) सुनिश्चित गर्नु हो।

घ. **पेशागत स्वास्थ र सुरक्षाः** पेशागत स्वास्थ र सुरक्षा भन्नाले कार्यस्थलमा कार्यरत श्रमिकहरूको जीवन, स्वास्थ्य र सुरक्षाको संरक्षण गर्दै दुर्घटना, घाइते हुने अवस्था, पेशागत रोग तथा अन्य कार्यसम्बन्धी जोखिमहरूको न्यूनीकरण गर्ने उद्देश्यले सुरक्षित, स्वस्थ तथा अनुकूल कार्य वातावरणको सिर्जना, प्रवर्द्धन र व्यवस्थापन गर्ने प्रक्रियालाई बुझिन्छ।

ङ. **खतरा:** खतरा भनेको कुनै श्रमिक वा व्यक्ति माथि कुनै पनि प्रकारको सम्भावित क्षति, चोटपटक वा स्वास्थ्यमा प्रतिकूल असर हो।

च. **जोखिमः** जोखिम भन्नाले खतरायुक्त काम गर्दा कुनै श्रमिक माथि हुन सक्ने हानीको सम्भावनालाई बुझिन्छ।

छ. **पूर्व सावधानी**ः वनजन्य वस्तुको व्यवस्थापनमा कार्य गर्दा अग्रिम रुपमा अपनाउनु पर्ने सचेतना हो।

ज. **सरोकारवाला**ः सरोकारवाला भन्नाले वन स्रोतको संरक्षण, व्यवस्थापन, उपयोग, विकास तथा त्यससँग सम्बन्धित निर्णय, योजना, कार्यक्रम वा गतिविधिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित हुने, लाभ प्राप्त गर्ने वा योगदान पुर्‍याउने व्यक्ति, समूह, समुदाय, संस्था वा निकायलाई बुझिन्छ। यसमा सरकारी तथा गैरसरकारी निकाय, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, निजी वन, स्थानीय तह, राजनीतिक दल, शैक्षिक संस्था, सहकारी संस्था, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, उपभोक्ता समितिहरु तथा अन्य सम्बन्धित पक्षहरू समावेश हुन्छन्।

झ. **उपकरण**ः उपकरण भन्नाले वन श्रमिकहरुले कार्यस्थलमा प्रयोग गर्ने मेसिनरी औजार सामग्रीहरु हुन्।

ञ. **घाटगद्दी**ः घाटगद्दी भन्नाले वन क्षेत्रबाट निकालिएका काठ दाउराहरुलाई डिभिजन वन कार्यालयले कुनै निश्चित क्षेत्र तोकी काठहरु एक ठाउँमा जम्मा गरी राख्ने ठाउँ हो।

ट. **यौन दुर्व्यवहार:** यौन दुर्व्यवहार भन्नाले कुनै व्यक्तिको इच्छा विपरीत जबरजस्ती यौनसम्बन्धी व्यवहार, शारीरिक, मौखिक वा संकेतमार्फत गरिने कुनै पनि कार्य बुझिन्छ, जसले पीडितलाई असहज, त्रसित वा अपमानित महसुस गराउँछ।

ठ. **यौन शोषण तथा दुरुपयोगः** यौन शोषण तथा दुरुपयोग भन्नाले विद्यमान कानूनको प्रतिकूल र यौनिक किसिमको वास्तविक वा धम्कीपूर्ण, बल प्रयोग गरी असमान वा जबर्जस्ती गरिने शारीरिक वा कुनै साङ्केतिक हस्तक्षेप सम्झनुपर्छ।

ड. **गुनासो**ः गुनासो भन्नाले कुनै कर्मचारी, सरोकारवाला व्यक्ति, संस्था वा सङ्गठनले कुनै कार्य, निर्णय वा व्यवहारलाई अनियमित, अवैधानिक, पक्षपातपूर्ण, अन्यायपूर्ण, असङ्गत वा विभेदकारी भएको ठानी व्यक्त गरेको असन्तुष्टि जनाउँछ।

## १.३ पेशागत स्वास्थ्य तथा सुरक्षासम्बन्धी संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२** को धारा ३४ ले श्रमिकहरूको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३४ अनुसार प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यास (Decent Work Practice) को हक प्रदान गरिएको छ। यहाँ श्रमिक भन्नाले पारिश्रमिक प्राप्त गरी रोजगारदाताका लागि शारीरिक वा बौद्धिक श्रम गर्ने कामदार वा मजदुरलाई जनाउँछ। यस व्यवस्थाले श्रमिकलाई सुरक्षित, सम्मानजनक, भेदभावरहित तथा मानव मर्यादाअनुकूल कार्य वातावरणमा काम गर्ने अधिकार सुनिश्चित गरेको छ। त्यसैगरी, प्रत्येक श्रमिकलाई आफ्नो श्रमको उचित पारिश्रमिक प्राप्त गर्ने, आवश्यक सेवा—सुविधा उपभोग गर्ने तथा योगदानमा आधारित सामाजिक सुरक्षा प्राप्त गर्ने संवैधानिक हक रहेको छ। यस व्यवस्थाले श्रमिकहरूको आर्थिक तथा सामाजिक सुरक्षालाई सुदृढ बनाउँदै उनीहरूको जीवनस्तर सुधार गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ। संविधानले श्रमिकहरूको संगठनात्मक अधिकारलाई समेत संरक्षण गरेको छ। प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन स्थापना गर्ने, त्यस्ता युनियनमा आबद्ध भई सहभागिता जनाउने तथा आफ्ना पेशागत हकहित र सेवासुविधाका विषयमा सामूहिक सौदाबाजी (Collective Bargaining) गर्ने अधिकार सुनिश्चित गरिएको छ। यसले श्रमिक र रोजगारदाताबीच सन्तुलित श्रम सम्बन्ध कायम गर्न तथा श्रमिकहरूको अधिकार संरक्षण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

नेपालको संविधानको धारा ३० (१) ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ। यस हकअन्तर्गत श्रमिकहरूले काम गर्ने कार्यस्थल पनि प्रदूषणमुक्त, सुरक्षित तथा स्वास्थ्य अनुकूल हुनुपर्दछ। त्यसैगरी, संविधानको धारा ३५ (१) र (३) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा समान पहुँचको हक प्रदान गरेको छ। यस व्यवस्थाले पेशागत रोग वा कार्यस्थलमा हुने दुर्घटनाबाट प्रभावित श्रमिकहरूलाई आवश्यक स्वास्थ्य सेवा र उपचार प्राप्त गर्न सहज बनाउँछ।

त्यसैगरी, महिलाको हकलाई धारा ३८ ले सुनिश्चित गरेको छ। विशेषगरी, धारा ३८ को उपधारा (३) अनुसार महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै प्रकारको हिंसा तथा शोषण गर्न पाइँदैन। यस्ता हिंसाजन्य कार्यहरू कानूनबमोजिम दण्डनीय हुने व्यवस्था गरिएको छ। साथै, हिंसा वा शोषणबाट पीडित महिलाले कानूनबमोजिम क्षतिपूर्ति प्राप्त गर्ने अधिकार पनि राख्छन्।

नेपालको संविधान, २०७२ को धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी राज्यको नीति व्यवस्था गरिएको छ। यस नीतिअनुसार सबै नागरिकले काम गर्न पाउने अवसर सुनिश्चित गर्दै देशको प्रमुख सामाजिक आर्थिक शक्तिका रूपमा रहेको श्रमशक्तिलाई दक्ष, सीपयुक्त र व्यावसायिक बनाउने तथा स्वदेशमै रोजगारीका अवसर अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ। साथै,

मर्यादित श्रमको अवधारणाअनुरूप सबै श्रमिकका आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै प्रकारको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायीबीच सुमधुर सम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने नीति अवलम्बन गरिएको छ। यसका साथै, वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित बनाउँदै श्रमिकको रोजगारी तथा अधिकारको संरक्षण सुनिश्चित गर्न यस क्षेत्रको प्रभावकारी नियमन र व्यवस्थापन गर्ने तथा वैदेशिक रोजगारीबाट आर्जित पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशको उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ। यसरी संविधानले श्रमिकको हकहित संरक्षण, सम्मानजनक रोजगारको प्रवर्द्धन र समग्र आर्थिक विकासलाई मार्गदर्शन गर्ने नीति अवलम्बन गरेको छ।

**वन ऐन, २०७६** ले प्रत्यक्ष रुपमा वनको संरक्षण, दिगो व्यवस्थापन र उपभोगमा वन उपभोक्ताको कुरा उल्लेख गरिएको छ तर कार्यस्थल सुरक्षाको बारेमा स्पष्ट उल्लेख गरिएको छैन। रणनीतिक योजनाको अधिनमा रही प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको संरक्षण, विकास र सदुपयोग गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना अनुसार वन उद्यम र पर्यापर्यटन संचालन गर्न सक्ने प्रावधान रहेको छ। वनमा गरिने संरक्षण, व्यवस्थापन र उपभोग कार्य तथा वन पैदावारको प्रशोधनमा वन श्रमिकको संलग्नता रहेकोले पेशागत सुरक्षा र स्वास्थ्यको सम्बन्धित छन्।

त्यसैगरी **वन नियमावली, २०७९** ले पनि वन संबर्धन कार्य, वन कटान तथा ओसारपसार कार्य, वनमा आगलागी नियन्त्रण जस्ता नियमित तथा आवधिक रुपमा गरिने क्रियाकलाप तथा ती कार्यको प्राविधिक पक्षमा वन श्रमिकको भूमिका उल्लेख गरिएको छ। साथै वनक्षेत्रबाट वन पैदावार सङ्कलन गर्ने इजाजतपत्र प्राप्त गरेका उपभोक्ता समूह, व्यक्ति, फर्म, उद्योग, कम्पनी वा आयोजनाले वन व्यवस्थापन तथा वन पैदावारको सङ्कलनदेखि प्रशोधनसम्मको कार्यमा श्रमिकको रुपमा संलग्न हुने जनशक्ति व्यवस्थापन कार्य गर्नुपर्ने विषय उल्लेख गरिएको छ। जसको लागि वन श्रमिकको अभिलेख राख्ने र परिचय पत्र उपलब्ध गराउने, वन पैदावार सङ्कलकलाइ तालिम प्रदान गर्ने, जोखिम तथा जोखिम न्यूनीकरणका उपाय बारेमा सचेतना र व्यक्तिगत सुरक्षा सम्बन्धी तालिम, प्राथमिक उपचारको सामान तथा श्रमिक/समूहको कम्तीमा एकजनालाई आधारभूत प्राथमिक उपचारको तालिम दिने र सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्ने विषय संलग्न गरिएको छ।

नेपालको **वातावारण संरक्षण ऐन, २०७६** तथा **वातावरण संरक्षण नियमावली, २०७७** ले समग्रतामा वन वातावरण तथा जनस्वास्थ्यमा पर्ने जोखिमको प्रभाव मुल्याङ्कन गरी जोखिम

न्यूनीकरणको लागि अपनाउन सकिने विकल्पहरुको विस्तृत विश्लेषण गरिने विषय समावेश गरिए पनि विशेषगरी वन वातावारण श्रमिक, कार्यस्थल सुरक्षा र स्वास्थ्यको विषयमा भने प्रत्यक्ष रुपमा उल्लेख गरिएको छैन।

नेपालको **राष्ट्रिय वन नीति**, **२०७५** ले सामाजिक सुरक्षा, समावेशीकरण र सुशासन नीति अन्तर्गतको रणनीति तथा कार्यनीतिमा “वन स्रोतको व्यवस्थापन गर्दा वनका श्रमिक, व्यवस्थापक समुदाय, महिला, आदिवासी जनजाति, दलित, मधेसी, थारु, मुस्लिम अल्पसंख्यक, फरक क्षमता भएका, विपन्न र पछाडि पारिएको समुदायको अधिकार सुनिश्चित गर्दै लाभमा उनीहरुको पहुँच वृद्धि गरिने" कुरा सुनिश्चित गरेको छ।

**राष्ट्रिय वनको एकीकृत रणनीति योजना (२०८१-२१००)** को विषयगत क्षेत्र दुईमा दिगो वन व्यवस्थापन अन्तर्गत वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको लागि विद्यमान श्रम कानुन र Egronomics Principle अनुसार वन श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्ने विषय उल्लेख गरिएको छ। साथै विषयगत क्षेत्र चारमा वनउद्यम तथा पर्यापर्यटन प्रवर्द्धन गर्दा वन श्रमिकको क्षमता विकास, वन श्रमिकको उत्पादकत्व सुदृढीकरणमार्फत वनक्षेत्रमा युवाहरूको आकर्षण बढाउने कार्यनीति लिईएको छ। त्यस्तै विषयगत क्षेत्र एकमा वन तथा जैविक विविधता संरक्षण अन्तर्गत वन डढेलो व्यवस्थापनको लागि पानी बोक्ने ट्यांकर, वाटर ब्याग, हँसिया, बञ्चरो, कोदालो, दाँते, साबेल, गैंची, आगो निभाउने स्वाटरलगायतका औजारहरू तथा व्यक्तिगत सुरक्षा सामग्रीहरूको व्यवस्था गर्ने कार्यनीति लिईएको छ।

नेपाल सरकारद्वारा स्वीकृत **राष्ट्रिय व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा नीति, २०७६** ले श्रमिकको सुरक्षा, स्वास्थ्य र कार्य वातावरण सुधार, जोखिम न्यूनीकरण, व्यवासायजन्य सुरक्षा तथा स्वास्थ्य र श्रमिकको उत्पादकत्व बीच अन्तरसम्बन्ध कायम गर्ने तथा उत्पादकत्व बढाउने उद्देश्य राखेको छ।

विश्वब्यापी रुपमा लिईएको **दिगो विकास लक्ष्य (२०१५-२०३०)** ले सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रबर्धन गर्ने लक्ष्य लिएकोले श्रमिकको कार्यस्थल सुरक्षा र स्वास्थ्यको विषय अझ महत्वपूर्ण रहेको छ।

नेपालको **१६औं योजना**ले श्रम व्यवस्थापनमा सुधार गर्न हरेक प्रतिष्ठानमा व्यावसायिक सुरक्षा तथा स्वास्थ्य सम्बन्धी क्षेत्रगत मापदण्ड बनाइ क्रमशः लागु गर्ने कार्यनीति लिएको छ। त्यस्तै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षक, श्रम निरीक्षक र सरोकारवालाको क्षमता विकासलाई पनि निरन्तरता दिने विषय उल्लेख गरिएको छ । १६औं योजना मार्फत वन क्षेत्रले लिएको काठ

तथा गैरकाष्ठ वन पैदावारको उत्पादनको लागि प्राकृतिक वितरण, उपलब्धता र विकासको सम्भाव्यता समेतको आधारमा दिगो वन व्यवस्थापन र हरित उद्योगप्रवर्धन गर्दा मर्यादित श्रमको अभ्यास महत्वपूर्ण हुन्छ।

नेपाल सरकार, तत्कालीन वन तथा वातावरण मन्त्रालयको **दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१** ले वन व्यवस्थापन योजना तयारी र कार्यान्वयन गर्दा वनकर्मी, वन उपभोक्ता समूह, कर्मचारी तथा श्रमिकहरुलाई प्रशिक्षण, व्यावसायिक स्वास्थ्य र सुरक्षा सम्वन्धी उपायहरू अनिवार्य लागू गर्नु पर्ने व्यवस्था उल्लेख गरेको छ। जसमा वनकर्मी, कर्मचारी तथा कामदारहरूलाई तोकिएको कार्यहरूको लागि उपयुक्त व्यक्तिगत सुरक्षात्मक उपकरणहरू प्रदान गरिएको हुने र काममा खटिँदा व्यक्तिगत सुरक्षात्मक उपकरणहरूको प्रयोग गरिएको हुने र कामदारहरूलाई जोखिमपूर्ण कार्यहरू जस्तैः चेन सः प्रयोग, आगो निभाउने र रातको समयमा सुरक्षाको लागि उचित बिमाको (मेडिकल र जीवन) व्यवस्था गरिएको हुने विषय उल्लेख गरिएको छ।

**वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३** ले वन पैदावार सङ्कलनको कार्य गर्ने प्लटमा छपान भएका रुखहरुको कटान, मुछान, ढुवानी, घाटगद्दी आदि कार्यमा लगाइने कामदारहरुलाई र यस्ता कामहरुको निरीक्षणमा खटिने कर्मचारीहरुलाई समेत सम्बन्धित वन कार्यालयको सहयोगमा आवश्यक पर्ने तालिमको प्रबन्ध मिलाउनुपर्ने विषय समेटिएको छ। साथै पिउन योग्य पानी, सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनुपर्ने विषय समेत उल्लेख गरिएको छ।

**खोटो सङ्कलन निर्देशिका, २०६४** ले खोटो सङ्कलनको क्रममा कर्मचारी तथा कामदारलाई तालिम तथा सुरक्षासम्बन्धी व्यवस्था गर्नुपर्ने र सरसफाई र सुरक्षा व्यवस्था मिलाउनु पर्ने प्रबन्ध गरेको छ। खोटो सङ्कलन गर्दा भौगोलिक अवस्थिति र वन क्षेत्रको पारिस्थितिकीय प्रणालीको संरक्षण तथा वातावरणीय पक्षलाई पनि ध्यान पुर्याउन श्रमिकको ठुलो भूमिका हुन्छ।

**गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६९** ले सामुदायिक वन, राष्ट्रिय वन अथवा अन्य व्यवस्थापन प्रणाली भएको वनमा स्रोत सर्वेक्षण गर्दा रूख प्रजातिसँगै गैरकाष्ठ वन पैदावार र जडीबुटीको पनि स्रोत सर्वेक्षण गर्दा व्यक्तिगत सुरक्षाका लागि अति गर्मी, वर्षा, हिउँ र हावाहुरी भएको दिनमा सर्वेक्षण नगर्ने कुराहरूमा ध्यान दिई पूर्व तयारी गर्नु पर्ने विषय उल्लेख गरेको छ।

व्यावसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् र उपयोग गर्ने कार्यलाई व्यवस्थापन र नियमन गरी वन्यजन्तुको दिगो संरक्षण तथा उपयोगबाट आर्थिक समृद्धि हासिल गर्न तयार गरिएको **व्यावसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०** ले फार्ममा

कार्यरत कर्मचारी र आगन्तुकलाई पोशाक बदल्ने कोठा, निःसंक्रमण गर्ने तथा सफा शौचालयको व्यवस्था गर्नु पर्ने र कर्मचारीको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था समेत गर्नु पर्ने विषय समेटिएको छ।

**वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०** ले वन क्षेत्रमा विधिपूर्वक प्रवेश गर्दा वन्यजन्तुको आक्रमणमा परी नेपाली नागरिकको मृत्यु भएमा, गम्भीर घाइते भएमा वा सामान्य घाइते भएका नेपाली नागरिक र राष्ट्रिय निकुञ्ज वा आरक्षमा सरकारी काममा खटिएका कर्मचारी, वन तथा वन्यजन्तुको संरक्षण र व्यवस्थापनको काममा अनुमति लिई खटिएका वन हेरालु तथा कामदार वा अनुमतिप्राप्त प्रकृति पथ प्रदर्शकलाई वन्यजन्तुले आक्रमण गरी मृत्यु भएमा, गम्भीर घाइते भएमा वा सामान्य घाइते भएमा तथा सरकारी काममा खटिएका कर्मचारीलाई राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रको कार्यालय वा चिडियाखानामा पालिएका, उद्धार गरिएका वा उपचारका लागि राखिएका वन्यजन्तुले क्षति पुर्याएमा नियमानुसार राहत दिने व्यवस्था गरेको छ।

**यसैगरी श्रम ऐन, २०७४** ले श्रमिक सम्बन्धी आधारभूत व्यवस्था र व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी नीति बनाउनुपर्ने व्यवस्थाको प्रावधान उल्लेख गरेको छ। जसमा श्रमिकको अधिकार, उत्पादनकर्ता, आयातकर्ता र आपूर्तिकर्ताको एवं श्रमिकको कर्तव्य, र रोजगारदाताको जिम्मेवारी, कार्यस्थलको सुरक्षा, स्वास्थ्य र बिमा तथा जोखिम व्यवस्थापन, प्राथमिक उपचारको स्पष्ट व्यवस्था गरेको छ।

**श्रम नियमावली, २०७५** ले श्रमिकको ज्याला, सामाजिक सुरक्षा, र विवाद समाधान प्रक्रियाका बारेमा स्पष्ट प्रावधानहरु उल्लेख गरेको छ। व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी नीतिको साथसाथै सुरक्षा र स्वस्थ समिति गठन, काम कर्तब्य र अधिकार तथा आगलागी तथा रासायनिक पदार्थको प्रयोग गर्दा अपनाउनुपर्ने सुरक्षाका विषय समेत व्यवस्था गरेको छ।

**वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना** (२०८२-२०९१), २०८२ ले १० वर्षे दीर्घकालीन रणनीति समेटि महिला, आदिवासी जनजाति, दलित, मधेशी, अपाङ्गता भएका व्यक्ति, पिछडिएका क्षेत्र तथा सीमान्तकृत समुदायलाई विकासको मूलधारमा ल्याउने लक्ष्य राखेको छ।

**सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५** ले महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्न सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चित गर्ने व्यवस्था गरेको छ। ऐनले यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सूचना, परामर्श र सेवामा पहुँच, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, नवजात शिशु हेरचाह तथा सुरक्षित गर्भपतनसम्बन्धी अधिकारलाई प्रत्याभूत गरेको छ। साथै, गर्भावस्था,

प्रसूति तथा प्रसूति पश्चात् आवश्यक स्वास्थ्य सेवा, पोषण र विश्राम प्राप्त गर्ने अधिकारलाई पनि सुनिश्चित गरिएको छ।

**अन्तराष्ट्रिय श्रम सङ्गठन (International Labor Organigation-ILO)** ले विश्वव्यापी श्रमिकहरूको अधिकार र हितको मापदण्डलाई संस्थागत गर्न सहयोग गरेका छन् । तसर्थ श्रमिकहरूको स्वास्थ्य र कार्यस्थल सुरक्षा सुनिश्चित गर्न विद्यमान नेपालको राष्ट्रिय श्रम कानून र अन्तर्राष्ट्रिय मापदण्डहरूसँग सामञ्जस्य गराउन सकेमा श्रमिकको जीवनस्तर सुधार्ने, दैनिक कार्यस्थलमा सुरक्षित महसुस हुने र उत्पादकत्व बढाउने मात्र होइन, नेपालको श्रम क्षेत्रलाई विश्वस्तरमा प्रतिस्पर्धी पनि बनाउन सक्छन।

विश्व बैंकले सन् १९९८ मा तयार गरेको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी निर्देशिकामा विभिन्न प्रकृतिका कार्यस्थलमा अपनाउनुपर्ने विषयहरु कार्यस्थल सुरक्षा, स्वस्थ, ध्वनि तथा धुलो प्रदूषण, सरसफाई सामाग्री, स्वास्थ्य जाँच, तालिम तथा सचेतना एवं रेकर्ड कीपिंगलाई समेटेको छ। हाल सञ्चालित उत्सर्जन न्यूनीकरण कार्यक्रमको लागि वातावरणीय तथा सामाजिक मापदण्ड (Environmental and Social Safeguard Standards) श्रमिकहरुको काम गर्ने अवस्था, समुदायको स्वास्थ्य र सुरक्षा, न्यूनतम ज्याला र कार्यसमय निर्धारण गरेका छन्।

**संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन फ्रेमवोर्क (UNFCCC) REDD+ अन्तर्गतको क्यानकुन** सुरक्षा योजनाहरूले (Cancun Safeguard Framework) ले "पेसागत स्वास्थ्य र सुरक्षा" लाई प्रत्यक्ष रूपमा उल्लेख नगरिए पनि स्थानीय समुदाय, आदिवासी जनजाति र अभ्यासकर्ताहरूसंग सम्बन्धित सुरक्षा सिद्धान्तहरूलाई समावेश गरेको छ। सरोकारवालाहरूको प्रभावकारी सहभागिता, श्रमिक अधिकार, सामाजिक समावेशीकरण, सुरक्षित कार्य वातावरण तथा गुनासो व्यवस्थापनजस्ता विषयहरू क्यानकुन सुरक्षा उपायका सामाजिक पक्षहरूसँग अन्तरसम्बन्धित छन्।

## १.४ व्यक्तिगत सुरक्षा र स्वास्थ्यका उपकरणहरुको संक्षिप्त विवरण

व्यक्तिगत सुरक्षा वन क्षेत्रका कार्यहरुको प्रत्येक चरणमा काम गर्दा कामदारहरुलाई व्यक्तिगत सुरक्षा सामग्रीहरुको **(Personal Protective Equipment - PPE)** उपलब्धता र त्यसलाई श्रमिकहरुले उचित तरिकाले प्रयोग गर्ने विषय महत्वपूर्ण छ। सम्पूर्ण श्रमिकहरुले स्वास्थ्य सुरक्षा अभ्यासको महत्वबारे नबुझेसम्म र त्यसलाई अनिवार्य नगरिएसम्म कार्यस्थलमा खटिरहँदा गम्भीर प्रकारका चोटपटकहरु र रोगहरु लाग्न सक्ने जोखिमहरु हुन सक्छन्। अझ कुनै लापर्बाही तथा सानो असावधानीको कारणले ज्याननै जाने पनि खतरा रहन्छ। यस्ता जोखिमबाट सुरक्षित रहनको लागि सुरक्षा सामग्री अनिवार्य प्रयोग गर्नु पर्दछ। वन श्रमिकहरुको लागि व्यक्तिगत सुरक्षा सामग्री अन्तर्गत पञ्जाहरु, सुरक्षा चस्मा, माक्स, बलियो ह्याट वा हेलमेट, बुट र सम्पूर्ण शरिर ढाक्ने लुगा

आदि पर्दछन्। ती सामाग्रीहरुको प्रत्यक्ष फाइदाहरु निम्नअनुसार छन्। यी सामग्रीको प्रयोगमात्र पर्याप्त हुँदैन पूर्वसावधानी अपनाउने गरी कार्यस्थलमा कार्य गर्नु भन्दा अगाडीको सावधानी अभिमुखिकरण पनि अति महत्वपूर्ण रहेको छ।

| क्र.स. | सुरक्षा सामग्रीहरु | जोखिमबाट बच्ने |
|---|---|---|
| १. | पञ्जा (Gloves) | हातलाई कामको दौरानमा प्रयोग गरिने रसायन, फोहरपानी, धारिलो वस्तु आदिसँग प्रत्यक्ष सम्पर्कबाट बचाउँछ। |
| २. | सुरक्षा चस्मा (Safety Glasses) | काठको टुक्रा धुलो, धुँवा, रसायनबाट आखाँलाई बचाउँछ साथै चर्को घाम तथा प्रकाशबाट पनि बच्न सहयोगी हुन्छ। |
| ३. | मास्क (Protective Mask) | काम गर्ने क्रममा आउने धुलोहरु, ग्याँसको गन्ध, बाफ साथै धुवाँवाट बचाउँछ। काठको काम गर्दा उड्नेसिमेन्ट, बालुवा, र काठको धुलोलाई श्वासप्रश्वासको नलीमा पस्न दिंदैन।<br>यसले गर्दा फोक्सोमा धुलो जमेर हुने दीर्घकालीन रोगहरूबाट जोगिन मद्दत गर्छ।<br>पेन्टिङ गर्ने, केमिकल उद्योगमा काम गर्ने, वा कीटनाशक औषधि छर्कने कामदारहरूका लागि विशेष प्रकारका मास्कले हानिकारक ग्याँस, केमिकलको बाफ र कडा गन्धलाई फिल्टर गरेर सफा हावा दिन्छन्।<br>साथै, कामदार आफैं बिरामी छ भने उसको र्‍याल वा सिंगानका कणहरू बाहिर नफैलिउन भनी अरूलाई सुरक्षित राख्न पनि यसले मद्दत गर्छ। |
| ४. | हेल्मेट (Safety Helmet) | रुख तथा अग्लो ठाउँबाट खस्दा, चिप्लिंदा वा खसेको कुनै वस्तु आदिबाट टाउकोमा लाग्न सक्ने चोटपटकबाट बचाउँछ। |
| ५. | सम्पूर्ण शरिर ढाक्ने लुगा (Protective Clothing) | शरीरलाई घाम, खतरनाक रसायन, किटाणुबाट बचाउँछ। छालाको लागि हानिकरक फुल तथा वनस्पतिको सम्पर्कबाट बच्न सहयोगी हुन्छ । |


| क्र.स. | सुरक्षा सामग्रीहरु | जोखिमबाट बच्ने |
|---|---|---|
| ६. | बुट (Safety Boots) | खुट्टालाई फोहर पानी, खतरनाक रसायन, किटाणु, धारिलो वस्तुसँग हुने सम्पर्कबाट बचाउँछ। |
| ७. | सुरक्षा बेल्ट (Safety Belt) | उचाँइबाट खस्नबाट बचाउँछ। यदि अग्ला रुखमा चढेर कटानी छटानीको कार्य गर्नु पर्ने अवस्थामा, सुरक्षा बेल्टले सहायता प्रदान गर्दछ। |
| ८. | फायर फाइटर ड्रेस (Bunkar Gear) | वन डढेलो नियन्त्रण गर्ने कार्य गर्दा आगोबाट बचाउने काम गर्दछ। |
| ९. | कान बचाउन प्रयोग गरिने उपकरण (Ear Defender) | धुलो, धुँवा, ध्वनी प्रदूषणबाट बचाउने काम गर्दछ। |

व्यक्तिगत सुरक्षा र स्वास्थ्यका उपकरणहरुको प्रयोगमा ध्यान दिनुपर्ने मुख्य विषयहरुः

- सकेसम्म आवाज, कम्पन कम आउने साधनको प्रयोग गर्नु पर्छ।
- बायोडिग्रेडेबल इन्धन र Chain Oils हरूको प्रयोगले मानव स्वास्थ्यमा कम असर हुने हुनाले त्यस्ता सामग्रीको प्रयोग उचित हुन्छ।
- सबै मेसिनरी उपकरणहरू निश्चित ठाउँमा र नियमित रूपमा निरीक्षण गरी राख्नु पर्छ।
- मेसिनरी इन्जिन उपकरणहरुलाई बेला-बेलामा ठिक छ, छैन जाँच गरी, उचित ठाउँमा चिन्ह लगाई राख्नु पर्छ। जुन बेलामा आकस्मिक अवस्थाको सिर्जना भएको बखत तुरुन्तै उपयोग गर्न सकियोस्।
- सामग्रीहरुलाई स्पष्ट रूपमा चिन्ह (Mark) लगाई सुरक्षित कोडिंङ गरी राख्नु पर्छ।
- सामग्रीहरुको नियमित मर्मत संभार गर्नु पर्दछ।

**वन क्षेत्रमा व्यक्तिगत सुरक्षा र स्वास्थ्यका आधारभूत उपकरणहरुको चित्रहरु**

(तस्बिरहरुः कृत्रिम बुद्धिमताको सहयोगमा तयार गरिएको हो। यो नमूनाको लागि मात्र हो। यस्तै किसिमका उपयुक्त सामग्रीहरुको उपयोग गर्नु पर्दछ।)




चित्र १: व्यक्तिगत सुरक्षा सामग्रीहरु

# परिच्छेद २: वन क्षेत्रमा श्रमिक सुरक्षा र स्वास्थ्यका विभिन्न पक्षहरु

कार्यस्थल सुरक्षा तथा स्वास्थ्यका विषयहरूलाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयारीसम्मका सबै चरणहरूमा समेट्न आवश्यक हुने भएकाले यसको विशेष महत्व रहेको छ। वन क्षेत्रमा बिउ सङ्कलन, बिरुवा उत्पादन तथा रोपण, बिरुवाको हेरचाह, छटनी, रुख कटान, काठ तथा वन पैदावारको ओसारपसार, भू—संरक्षण, वन विकासका कार्य, वनमा आधारित उद्योग तथा गैरकाष्ठ वन पैदावारको सङ्कलन, व्यवस्थापन र प्रशोधनजस्ता विविध गतिविधिहरूमा कार्यस्थल सुरक्षा मापदण्डको महत्वपूर्ण भूमिका रहन्छ।

मेसिन तथा उपकरण सञ्चालनसम्बन्धी सुरक्षा प्रोटोकलको विकास, व्यक्तिगत सुरक्षा सामग्रीको उचित प्रयोग र मर्मतसम्भार, जोखिमको पहिचान तथा व्यवस्थापनका उपायहरू समेटिएको कार्ययोजनाले वन श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। साथै, सुरक्षित कार्य व्यवहारको प्रवर्द्धन गर्दै सामाजिक तथा वातावरणीय जोखिमहरूलाई स्वीकार्य स्तरमा न्यूनीकरण गर्न कार्यस्थल सुरक्षा तथा स्वास्थ्यसम्बन्धी प्रभावकारी योजना अपरिहार्य मानिन्छ।

वन संवर्द्धन तथा वन व्यवस्थापनसम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्दा त्यसबाट पर्न सक्ने वातावरणीय तथा सामाजिक प्रभावहरूको मूल्याङ्कन गरी सम्भावित नकारात्मक असरहरू न्यूनीकरण तथा नियन्त्रण गर्न कार्यस्थल सुरक्षा तथा स्वास्थ्य कार्ययोजनाले महत्वपूर्ण भूमिका खेल्दछ। यसका लागि कार्यक्षेत्रको प्रकृति, कार्यस्थलको अवस्था तथा कार्यान्वयनका क्रममा उत्पन्न हुन सक्ने दुर्घटना, चोटपटक र अस्वस्थताका कारणहरूको पहिचान गरी जोखिम न्यूनीकरणका उपायहरू समेटिएको सरल, व्यवहारिक तथा कार्यान्वयनयोग्य योजना तयार गर्न आवश्यक हुन्छ।

वन श्रमिकहरूको कार्यस्थल तथा पेशागत स्वास्थ्य र सुरक्षासँग सम्बन्धित विषयहरू, जस्तै कार्यस्थलको उचित व्यवस्थापन, उपयुक्त औजार तथा उपकरणहरूको छनोट र प्रयोग, सुरक्षित कार्यविधिको अवलम्बन तथा आवश्यक सावधानीका उपायहरूको पालना कार्यक्रम कार्यान्वयनको प्रत्येक चरणमा अत्यन्त महत्वपूर्ण मानिन्छ।

सम्पन्न भएका कार्यहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्दा वन श्रमिक, रोजगारदाता तथा सम्बन्धित सरोकारवालाहरूसँग छलफल आयोजना गरी कार्यान्वयन प्रक्रिया र प्राप्त उपलब्धिहरूको समीक्षा गर्नुपर्दछ। यस क्रममा प्राप्त सिकाइ, चुनौती तथा सुधारका पक्षहरूलाई अभिलेखीकरण गरी आगामी योजना तर्जुमा तथा कार्यान्वयनमा उपयोग गर्न सकिने गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

वन तथा वन्यजन्तु संरक्षण र व्यवस्थापनसँग सम्बन्धित प्रमुख गतिविधिहरूमा आवश्यक पर्ने पेशागत स्वास्थ्य तथा सुरक्षाका विभिन्न पक्षहरू निम्नानुसार उल्लेख गरिएको छ।

## २.१ वृक्षारोपण (Plantation)

भविष्यमा वनको विकास तथा संरक्षण गर्ने उद्देश्यले खाली वा आंशिक रूपमा रुख—बिरुवाले ढाकिएको जमिनमा योजनाबद्ध ढङ्गले नयाँ बिरुवा रोप्ने कार्यलाई वृक्षारोपण भनिन्छ। वृक्षारोपणले काठ तथा गैरकाष्ठ वन पैदावारको दिगो आपूर्ति सुनिश्चित गर्नुका साथै वातावरणीय सन्तुलन कायम राख्न, कार्बन उत्सर्जन न्यूनीकरण गर्न, जलाधार क्षेत्रको संरक्षण गर्न तथा जैविक विविधताको संवर्द्धन र संरक्षण गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ। यसका प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै प्रकारका लाभहरू छन्।

वृक्षारोपण कार्य अन्तर्गत रोपण क्षेत्रको तयारी, खाल्डो खन्ने, उपयुक्त प्रजातिको छनोट, बिरुवा उत्पादन, बिरुवा ढुवानी तथा रोपण जस्ता विभिन्न गतिविधिहरू समावेश हुन्छन्। रोपण क्षेत्रको तयारी गर्दा सरसफाइ कार्य मानव श्रमद्वारा (Manual Clearing), हाते उपकरण वा मेसिनको प्रयोगद्वारा (Hand-held Machines) तथा यान्त्रिक विधिबाट (Mechanized Site Preparation) गर्न सकिन्छ। बिरुवाको प्रजाति, वृद्धि प्रकृति तथा व्यवस्थापन उद्देश्य अनुसार खाल्डोको आकार, रोपाइँ दूरी तथा रोप्ने तरिका फरक फरक हुन सक्छन्। प्रजाति छनोट गर्दा स्थानीय हावापानी, माटोको अवस्था, पारिस्थितिक उपयुक्तता तथा भविष्यमा त्यसको उपयोगिताको सम्भावनालाई विशेष ध्यान दिनुपर्छ। वृक्षारोपण क्षेत्रको तयारी तथा बिरुवा रोपणका क्रममा कार्यरत व्यक्तिहरूले आवश्यक सुरक्षा सावधानीहरू अपनाउनु अत्यन्त आवश्यक हुन्छ। जमिन तयारी तथा बिरुवा रोपण गर्दा अपनाउनुपर्ने प्रमुख सावधानीहरू निम्नानुसार रहेका छन्।




चित्र २: वृक्षारोपणमा प्रयोग हुने व्यक्तिगत सुरक्षा सामग्रीहरु

**वृक्षारोपण कार्यमा अपनाउनुपर्ने सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सावधानीहरू:**

क) श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्न आवश्यक व्यक्तिगत सुरक्षा सामग्रीहरु जस्तै पञ्जा, सुरक्षा चस्मा, धुलो तथा ध्वनि प्रदूषणबाट जोगाउने मास्क वा कान सुरक्षा सामग्री, सुरक्षा ज्याकेट तथा अन्य आवश्यक उपकरणहरूको पर्याप्त व्यवस्था गर्ने तथा तिनको सही र नियमित प्रयोगका लागि क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

ख) बाढी, भारी वर्षा, पहिरो लगायतका प्राकृतिक विपद्का जोखिमहरूलाई मध्यनजर गर्दै मौसम पूर्वानुमानसम्बन्धी जानकारी नियमित रूपमा प्राप्त गर्ने र सोही आधारमा जोखिम आँकलन बमोजिम कार्यतालिका निर्धारण गर्ने। साथै, आकस्मिक अवस्थाको सामना गर्न सुरक्षित निस्कने मार्ग (Escape Route) तथा सुरक्षित स्थलको पूर्वनिर्धारण गरी जानकारी गराउने।

ग) कार्यक्षेत्रमा वन्यजन्तुबाट हुन सक्ने जोखिमको पूर्वआँकलन गर्ने तथा वन्यजन्तुको बासस्थान, आवतजावत तथा प्राकृतिक व्यवहारमा अनावश्यक अवरोध नपुग्ने गरी कार्य सञ्चालन गर्ने।

घ) कार्य सञ्चालनका क्रममा स्थानीय समुदाय, आदिवासी जनजाति तथा अन्य सरोकारवालाहरूको सुझाव, सहमति र सहभागिता सुनिश्चित गर्ने। साथै, स्थानीय परम्परा, ज्ञान, सीप तथा अभ्यासहरूको सम्मान गर्दै आवश्यकताअनुसार तिनलाई कार्यान्वयन प्रक्रियामा समावेश गर्ने।

ङ) श्रमिकहरूको सुरक्षा तथा स्वास्थ्यसम्बन्धी व्यवस्थाको नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणलाई कार्ययोजनाको अभिन्न अङ्ग बनाउने तथा वन प्राविधिक वा साइट इन्चार्जले यस कार्यमा सक्रिय नेतृत्व लिने।

च) जमिन तयारी, बिरुवा तथा अन्य सामग्रीहरूको ढुवानीका लागि प्रयोग हुने ट्रक, मिनी ट्रक, भ्यान, ट्र्याक्टर, लोडर तथा रक ड्रिलजस्ता उपकरण तथा सवारी साधनहरू दक्ष, तालिमप्राप्त र अनुभवी व्यक्तिबाट मात्र सञ्चालन गराउने तथा तिनको नियमित मर्मतसम्भार र प्राविधिक परीक्षण सुनिश्चित गर्ने।

छ) वृक्षारोपण क्षेत्रको संरक्षण तथा निगरानीका लागि खटाइने वन हेरालु तथा सुरक्षाकर्मीहरूको बिमा व्यवस्था गर्ने तथा टल्किने (Reflective) पोशाक, सुरक्षात्मक जुत्ता, टोपी लगायत आवश्यक सुरक्षा सामग्रीको उपलब्धता सुनिश्चित गर्ने।

ज) रासायनिक उपचार गरिएका बिरुवाहरूको ह्यान्डलिङ (Handling) तथा रोपण (Planting) गर्दा श्रमिकहरूले अनिवार्य रूपमा मास्क तथा अन्य आवश्यक व्यक्तिगत सुरक्षा सामग्री प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने।

## २.२ गोडमेल तथा काँटछाँट (Tending operation)

प्राकृतिक रूपमा उम्रिएका वा वृक्षारोपण मार्फत स्थापित गरिएका बिरुवा तथा रूखहरूको उचित वृद्धि, विकास र गुणस्तर अभिवृद्धिका लागि गरिने व्यवस्थापकीय हेरचाहका कार्यहरूलाई गोडमेल तथा काँटछाँट (Tending Operation) भनिन्छ। वन व्यवस्थापनको यस महत्वपूर्ण प्रक्रियाले रूखहरूलाई अनुकूल वातावरणमा हुर्कन, सिधा तथा स्वस्थ रूपमा वृद्धि हुन र उच्च गुणस्तरको काठ तथा अन्य वन पैदावार उत्पादन गर्न सहयोग पुऱ्याउँछ।

गोडमेल तथा काँटछाँट अन्तर्गत मुख्य रूपमा प्रुनिङ (Pruning – काँटछाँट) र थिनिङ (Thinning - पातलो बनाउने) कार्यहरू पर्दछन्। यी दुवै कार्य वनबाट अन्तिम उत्पादन प्राप्त गर्नुअघि गरिने महत्वपूर्ण वन व्यवस्थापन गतिविधिहरू हुन्।

प्रुनिङ (Pruning) अन्तर्गत रूखका तल्लो भागमा रहेका अनावश्यक, कमजोर, रोगग्रस्त वा मरेका हाँगाहरू हटाइन्छ। यसबाट मुख्य काण्डको वृद्धि सुदृढ हुनुका साथै गाँठोरहित (Knot-free) तथा उच्च गुणस्तरको काठ उत्पादन गर्न मद्दत पुग्दछ।

त्यसैगरी, थिनिङ (Thinning) अन्तर्गत अत्यधिक बाक्लो रूपमा रहेका रूखहरूमध्ये कमजोर, रोगग्रस्त, विकृत वा वन व्यवस्थापनको उद्देश्य अनुरुपको असहयोगी रूखहरू हटाई बाँकी स्वस्थ तथा गुणस्तरीय रूखहरूलाई पर्याप्त घाम, पानी, पोषक तत्व तथा वृद्धि हुने स्थान उपलब्ध गराइन्छ। यसले रूखहरूको वृद्धि दर बढाउन तथा वनको उत्पादकत्व सुधार गर्न महत्वपूर्ण भूमिका खेल्छ।

समग्रमा, प्रुनिङ र थिनिङ दुवै कार्यले वनभित्र हावा तथा प्रकाशको उचित सञ्चार कायम गर्न, रूखहरूको वृद्धि तथा विकासलाई तीव्र बनाउन, रोग तथा किराको जोखिम कम गर्न तथा वनको समग्र स्वास्थ्य र गुणस्तर अभिवृद्धि गर्न योगदान पुर्याउँछन्।

### टेन्डिङ कार्यमा प्रयोग हुने प्रमुख औजारहरू

**क) छाँट्ने छुरा (Pruning Shears)**

साना हाँगा, टुसा तथा सामान्य छाँटछाँट कार्यका लागि प्रयोग गरिने हाते उपकरण हो। वन बिरुवा तथा बगैंचाका बिरुवाहरूको नियमित काँटछाँटमा यसको प्रयोग गरिन्छ।

**ख) लोपर (Lopper)**

मध्यम आकारका तथा अपेक्षाकृत बाक्ला हाँगाहरू काट्न प्रयोग गरिने उपकरण हो। रूखका अनावश्यक हाँगा, गाँठा तथा बिग्रिएका भागहरू हटाउन यसको प्रयोग गरिन्छ।

**ग) सिकेचर (Pruning Secateur)**

साना तथा मध्यम आकारका हाँगा काट्न प्रयोग हुने लोकप्रिय उपकरण हो। बिरुवा तथा रूखका हाँगाहरूको सफाइ, आकार व्यवस्थापन तथा नियमित काँटछाँटका लागि प्रयोग गरिन्छ।

**घ) छाँट्ने कैंची (Pruning Scissors)**

साना बिरुवा, झाडी तथा कोमल हाँगाहरूको छाँटछाँट गर्न प्रयोग गरिन्छ। विशेषगरी नर्सरी तथा सजावटी बिरुवाको व्यवस्थापनमा यसको प्रयोग प्रभावकारी हुन्छ।

**वन बिरुवा टेन्डिङ कार्य गर्दा अपनाउनुपर्ने सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सावधानीहरू:**

क) टेन्डिङ गरिने वन बिरुवा तथा रूख प्रजातिबारे आधारभूत जानकारी हासिल गर्ने। टेन्डिङबाट प्राप्त हुने वन पैदावार (दाउरा, पोल, काठ आदि) को सङ्कलन तथा ओसारपसारका क्रममा विशेष सावधानी अपनाउने।

ख) गुणस्तरीय व्यक्तिगत सुरक्षा सामग्री जस्तै पञ्जा, हेल्मेट, सुरक्षा चस्मा, धुलो तथा ध्वनि प्रदूषणबाट जोगाउने मास्क वा कान सुरक्षा सामग्री, सुरक्षा ज्याकेट तथा सुरक्षात्मक जुत्ताको उपलब्धता र नियमित प्रयोग सुनिश्चित गर्ने।

ग) वन्यजन्तुबाट हुन सक्ने जोखिमको पूर्वआकलन गर्ने तथा तिनको बासस्थान र विचरण क्षेत्रमा अनावश्यक अवरोध नपुऱ्याई कार्य सञ्चालन गर्ने। साथै, लोपोन्मुख तथा रैथाने वनस्पति प्रजातिहरूको संरक्षणमा विशेष ध्यान दिने।

घ) बाढी, भारी वर्षा, हिमपात, पहिरो, अत्याधिक तापक्रम, शितलहर लगायतका प्राकृतिक विपद्को जोखिमलाई मध्यनजर गर्दै मौसम पूर्वानुमानको जानकारीका आधारमा कार्यतालिका तयार गर्ने तथा आकस्मिक अवस्थाका लागि सुरक्षित निस्कने मार्ग (Escape Route) र सुरक्षित स्थानको पूर्वनिर्धारण गर्ने।

ङ) आवश्यकता अनुसार स्थानीय समुदाय, आदिवासी जनजाति तथा अन्य सरोकारवालाहरूको सुझाव, सहमति र सहभागिता सुनिश्चित गर्ने तथा स्थानीय परम्परा, ज्ञान र अभ्यासहरूको सम्मान गर्दै कार्य सञ्चालन गर्ने।

च) श्रमिकहरूको सुरक्षा तथा स्वास्थ्यसम्बन्धी व्यवस्थाको नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सुनिश्चित गर्ने तथा वन प्राविधिक वा साइट इन्चार्जले यस कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने।

छ) वन पैदावार तथा अन्य सामग्रीहरूको ढुवानीका लागि प्रयोग हुने ट्रक, मिनी ट्रक, भ्यान, ट्र्याक्टर, लोडर लगायतका सवारी साधन तथा उपकरणहरू दक्ष, तालिमप्राप्त र अनुभवी व्यक्तिबाट मात्र सञ्चालन गराउने तथा तिनको नियमित मर्मतसम्भार गर्ने।

ज) टेन्डिङ कार्यका क्रममा प्रयोग हुने धारिला औजारहरू सुरक्षित अवस्थामा राख्ने, प्रयोगपछि उचित स्थानमा भण्डारण गर्ने तथा औजार प्रयोग गर्दा सुरक्षित कार्यविधि (Safe Work Procedure) को पालना गर्ने।

झ) टेन्डिङ कार्य सञ्चालन गर्दा प्रचलित वन ऐन, वन नियमावली, कार्यविधि, निर्देशिका तथा अन्य सम्बन्धित कानुनी प्रावधानहरूको पूर्ण पालना गर्ने र आवश्यक स्वीकृति तथा सहमति प्राप्त गरी मात्र कार्य सञ्चालन गर्ने।

## २.३ वन पैदावार कटान, सङ्कलन तथा ओसारपसार कार्य (Forest Harvesting Operation and Transportation)

वन व्यवस्थापन योजनाअनुसार परिपक्व तथा कटानयोग्य रूखहरूको कटान गरी प्राप्त काठ तथा दाउरालाई उपयुक्त आकार र टुन टुक्रा तयार पार्ने, मुढा (Log) वा अन्य उत्पादनको रूपमा वर्गीकरण गर्ने, घाटगद्दीस्थलसम्म ओसारपसार गर्ने तथा आवश्यकता अनुसार बजार वा उपभोक्तासम्म पुऱ्याउने कार्यहरू वन पैदावार कटान, सङ्कलन तथा ओसारपसार कार्य अन्तर्गत पर्दछन्। त्यसैगरी, बाह्य क्षेत्रबाट आयात गरिएका वन पैदावारहरूको व्यवस्थापन तथा ढुवानीसम्बन्धी कार्यहरू पनि यस प्रक्रियामा समावेश हुन्छन्।

वन पैदावार सङ्कलन तथा ओसारपसार कार्यले वन क्षेत्रको दिगो उपयोग सुनिश्चित गर्नुका साथै स्थानीय स्तरमा रोजगारी सिर्जना, आयआर्जन वृद्धि तथा आर्थिक गतिविधि विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। यसले स्थानीय समुदायको जीविकोपार्जन, सामाजिक तथा आर्थिक सशक्तीकरणमा समेत सकारात्मक प्रभाव पार्दछ। हार्भेस्टिङ कार्य म्यानुअल (Manual) तथा यान्त्रिक (Mechanized) दुवै विधिबाट सञ्चालन गर्न सकिन्छ।

### हार्भेस्टिङ कार्यमा प्रयोग हुने केही प्रमुख उपकरणहरू

**रिन्च (Winch/Wrench)** र **चोकर (Choker)** काठ तथा मुढा तान्ने, सार्ने तथा ढुवानी गर्ने कार्यमा प्रयोग हुने महत्वपूर्ण उपकरणहरू हुन्। चोकर सामान्यतया फलामे तार, चेन वा उच्च क्षमताको फाइबर डोरीबाट बनेको हुन्छ, जसलाई मुढा (Log) वा काठको वरिपरि बाँधेर तान्न प्रयोग गरिन्छ। हार्भेस्टिङ तथा लगिङ (Logging) कार्यमा मुढालाई सुरक्षित रूपमा नियन्त्रण गर्न र सार्न यसको महत्वपूर्ण भूमिका हुन्छ।

**रिन्च (Winch)** भनेको मुढा, काठ वा अन्य भारी वस्तुहरूलाई तान्न, उचाल्न वा निश्चित दिशामा सार्न प्रयोग गरिने यान्त्रिक उपकरण हो। यो ट्र्याक्टर, स्किडर, क्रेन वा अन्य मेसिनहरूसँग जडान गरी प्रयोग गरिन्छ। रिन्चको सहायताले दुर्गम वा भिरालो भू–भागबाट काठलाई सुरक्षित रूपमा सङ्कलन स्थल वा ढुवानी मार्गसम्म ल्याउन सकिन्छ।

**चोकर (Choker)** भनेको मुढा वा काठमा बाँधिने विशेष प्रकारको फलामे तार, चेन वा डोरी हो, जसले रिन्च वा अन्य तान्ने उपकरणसँग जोडिएर काठलाई सुरक्षित रूपमा तान्न र ओसारपसार गर्न सहयोग गर्दछ। विशेषगरी ठूला मुढा तथा भारी काठका टुक्राहरूलाई सङ्कलन स्थलसम्म ल्याउन चोकरको व्यापक प्रयोग गरिन्छ।



चित्र ३ः समृद्धिका लागि वन परियोनाबाट सञ्चालित रुख कटान सम्बन्धी तालिम

**वन पैदावार सङ्कलन तथा ओसारपसार कार्य गर्दा अपनाउनुपर्ने प्रमुख सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सावधानीहरूः**

क) कार्यस्थलमा संलग्न श्रमिकहरूको सुरक्षाका लागि गुणस्तरीय व्यक्तिगत सुरक्षा सामग्रीको उपलब्धता तथा नियमित प्रयोग सुनिश्चित गर्नुपर्छ। यस अन्तर्गत पञ्जा, हेल्मेट, सुरक्षा चस्मा, धुलो तथा ध्वनि प्रदूषणबाट जोगाउने मास्क वा कान सुरक्षा सामग्री, सुरक्षा ज्याकेट तथा सुरक्षात्मक जुत्ताको प्रयोग गर्नुपर्छ।

ख) हार्भेस्टिङ तथा ओसारपसार कार्य सञ्चालन गर्दा स्थानीय समुदाय, सरोकारवाला निकाय तथा सामुदायिक संस्थाहरूको सहभागिता, सुझाव र सहकार्यलाई प्राथमिकता दिनुपर्छ। सामाजिक तथा सांस्कृतिक संवेदनशीलतालाई सम्मान गर्दै कार्य सञ्चालन गर्दा सम्भावित द्वन्द्व तथा विवाद न्यूनीकरण गर्न सहयोग पुग्छ।

ग) हार्भेस्टिङ कार्य शारीरिक रूपमा श्रमसाध्य तथा उच्च ऊर्जा आवश्यक पर्ने कार्य भएकाले लामो समयसम्म निरन्तर काम गर्दा थकान, तनाव तथा दुर्घटनाको जोखिम बढ्न सक्छ।

त्यसैले श्रमिकहरूलाई पर्याप्त विश्राम, सुरक्षित तथा उपयुक्त तापक्रमयुक्त विश्रामस्थल, पिउने पानी तथा आवश्यक स्वास्थ्य सुरक्षाका उपायहरू उपलब्ध गराइनुपर्छ।

घ) हार्भेस्टिङ कार्य प्रारम्भ गर्नुअघि कार्यक्षेत्रको विस्तृत निरीक्षण तथा जोखिम मूल्याङ्कन गर्नुपर्छ। विशेषगरी भिरालो भू–भाग, कमजोर जमिन, वन्यजन्तुको जोखिम तथा अन्य सम्भावित खतराहरूको पहिचान गरी सोही अनुसार कार्ययोजना तयार गर्नुपर्छ। यसले कार्यान्वयनका क्रममा हुने अवरोध तथा दुर्घटनाको जोखिम न्यूनीकरण गर्न मद्दत गर्दछ।

ङ) यान्त्रिक हार्भेस्टिङ (Mechanized Harvesting) गर्दा हार्भेस्टर, लोडर, ट्रक, ट्र्याक्टर, स्किडर तथा अन्य भारी उपकरणहरूको प्रयोग हुने भएकाले उपकरण सञ्चालनका लागि दक्ष, तालिमप्राप्त तथा अनुभवी जनशक्तिको व्यवस्था गर्नुपर्छ। साथै, उपकरणहरूको नियमित मर्मतसम्भार, सुरक्षा परीक्षण तथा सुरक्षित सञ्चालन प्रक्रियाको पूर्ण पालना गर्नुपर्छ।

च) हार्भेस्टिङ कार्य सञ्चालन गर्दा वातावरणीय प्रभावलाई न्यूनतम बनाउने उपायहरू अवलम्बन गर्नुपर्छ। माटोको क्षय, जलाधार क्षेत्रमा पर्ने असर, जैविक विविधताको संरक्षण तथा वन्यजन्तुको बासस्थानमा हुन सक्ने नकारात्मक प्रभावलाई ध्यानमा राखी दिगो वन व्यवस्थापनका सिद्धान्तअनुसार कार्य सञ्चालन गर्नुपर्छ।

छ) काठ कटान, मुढा तान्ने, लोडिङ–अनलोडिङ तथा ढुवानीका क्रममा श्रमिकहरूबीच प्रभावकारी समन्वय, संकेत प्रणाली तथा सञ्चार व्यवस्था कायम गर्नुपर्छ। दुर्घटनाको अवस्थामा तत्काल उद्धार तथा प्राथमिक उपचारको व्यवस्था समेत सुनिश्चित गर्नुपर्छ।

ज) हार्भेस्टिङ कार्य सञ्चालन गर्दा प्रचलित वन ऐन, वन नियमावली, कार्यविधि, निर्देशिका तथा अन्य सम्बन्धित कानुनी प्रावधानहरूको पूर्ण पालना गर्नुपर्छ तथा आवश्यक स्वीकृति र अनुमतिपत्र प्राप्त गरी मात्र कार्य सञ्चालन गर्नुपर्छ।



चित्र ४: घाटगद्दी व्यवस्थापन

## २.४ गैह्रकाष्ठ वन पैदावार सङ्कलन (Non-Timber Forest Products Collection)

नेपालका विभिन्न भौगोलिक तथा पारिस्थितिक क्षेत्रमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार (Non-Timber Forest Products - NTFPs) को सङ्कलन गरिन्छ। तराई क्षेत्रमा सालका पात, निगुरो तथा अन्य वनजन्य उत्पादनहरूको सङ्कलन हुने गर्दछ भने पहाडी तथा हिमाली क्षेत्रमा यार्सागुम्बा, जटामसी, पाँचऔंले, सतुवा, सुगन्धवाल लगायत विभिन्न प्रकारका जडीबुटीहरूको सङ्कलन व्यापक रूपमा गरिन्छ। यी गैह्रकाष्ठ वन पैदावारहरूले स्थानीय समुदायको जीविकोपार्जन, आयआर्जन तथा ग्रामीण अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

गैह्रकाष्ठ वन पैदावार तथा जडीबुटी सङ्कलन कार्य प्रायः दुर्गम तथा जोखिमयुक्त भू–भागमा गरिने भएकाले यस कार्यमा संलग्न वन श्रमिकहरूले आफ्नो सुरक्षा, स्वास्थ्य तथा वातावरणीय संरक्षणका पक्षमा विशेष ध्यान दिन आवश्यक हुन्छ।




चित्र ५: जडीबुटी संकलनमा प्रयोग हुने व्यक्तिगत सुरक्षा सामग्रीहरु

**जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार सङ्कलन कार्यमा अपनाउनुपर्ने प्रमुख सुरक्षा सावधानीहरू**

क) जडीबुटी तथा अन्य गैह्रकाष्ठ वन पैदावार सङ्कलन गर्ने क्षेत्रको भौगोलिक अवस्था, भू–बनोट, पहुँच मार्ग तथा सम्भावित प्राकृतिक जोखिमहरूको पूर्वजानकारी लिनुपर्छ। साथै, मौसम पूर्वानुमानको नियमित जानकारी प्राप्त गरी वर्षा, हिमपात, हुरीबतास तथा अन्य मौसमी परिवर्तनप्रति सचेत रहनुपर्छ।

ख) कार्य प्रारम्भ गर्नुअघि सम्भावित आपत्कालीन अवस्थाको सामना गर्न उद्धार तथा प्रतिकार्य योजना (Emergency Response Plan) तयार गर्नुपर्छ। साथै, स्थानीय समुदाय, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँग प्रभावकारी सञ्चार तथा समन्वय व्यवस्था कायम गर्नुपर्छ।

ग) रुखमा चढेर गरिने कार्यहरू, जस्तै बीउ सङ्कलन, पात सङ्कलन वा अन्य वन पैदावार सङ्कलन सुरु गर्नुअघि विस्तृत जोखिम मूल्याङ्कन गर्नुपर्छ। विशेषगरी रुखको उचाइ, हाँगाको अवस्था,

मजबुती, कुहिएको वा भाँचिने सम्भावना तथा वरपरका अन्य जोखिमहरूको पूर्व मूल्याङ्कन गर्न आवश्यक हुन्छ।

घ) रुख चढ्ने कार्य कम्तीमा दुई जनाको टोलीबाट सञ्चालन गर्नुपर्छ। टोलीमा रहेका ग्राउन्ड स्टाफमध्ये कम्तीमा एक जना उद्धार तथा आपत्कालीन प्रतिकार्यसम्बन्धी सीपमा दक्ष हुनुपर्छ। रुखमा चढ्ने कार्य अनुभवी, तालिमप्राप्त तथा पूर्ण रूपमा दक्ष व्यक्तिबाट मात्र गराउनुपर्छ। रुखमा चढ्ने व्यक्ति र ग्राउन्ड स्टाफबीच कार्य प्रारम्भ गर्नुअघि स्पष्ट कार्ययोजना तयार गर्नुपर्छ तथा सम्भावित जोखिम र सुरक्षाका उपायहरूको बारेमा पूर्ण जानकारी हुनुपर्छ। कार्य सञ्चालनका क्रममा दुवै पक्षबीच प्रभावकारी सञ्चार व्यवस्था कायम राख्नुपर्छ।

ङ) रुख चढ्ने तथा उच्च स्थानमा कार्य गर्ने श्रमिकहरूलाई आधारभूत प्राथमिक उपचार, उद्धार तथा आपत्कालीन प्रतिकार्यसम्बन्धी तालिम प्रदान गर्नुपर्छ। साथै, प्रत्येक टोलीसँग व्यक्तिगत प्राथमिक उपचार सामग्री (First Aid Kit) उपलब्ध हुनुपर्छ। कार्यको प्रकृतिअनुसार सुरक्षा हार्नेस (Safety Harness), सुरक्षा बेल्ट (Safety Belt), चढ्ने डोरी (Climbing Rope), स्ट्रोप (Strop), हेल्मेट, पञ्जा तथा अन्य आवश्यक व्यक्तिगत सुरक्षा सामग्रीहरूको पर्याप्त व्यवस्था तथा नियमित प्रयोग सुनिश्चित गर्नुपर्छ।

## २.५ वन डढेलो नियन्त्रण (Forest Fire Control)

वन क्षेत्रमा अनियन्त्रित रूपमा फैलिने आगोलाई वन डढेलो भनिन्छ। वन डढेलो विश्वका प्रमुख वातावरणीय समस्याहरू: प्रदूषण, जलवायु परिवर्तन तथा जैविक विविधताको ह्राससँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ। नेपालमा वन विनाश तथा वन क्षयीकरणका प्रमुख कारणहरूमध्ये अनियन्त्रित वन डढेलोलाई पनि मानिएको छ।

वन डढेलो वन व्यवस्थापनसँग सम्बन्धित एक महत्वपूर्ण विषय हो। नियन्त्रित तथा योजनाबद्ध रूपमा प्रयोग गरिने डढेलोले वन व्यवस्थापनमा सहयोग पुऱ्याउन सक्छ भने अनियन्त्रित डढेलोले वन, वन्यजन्तु, जैविक विविधता तथा मानव जीवनमा गम्भीर क्षति पुऱ्याउन सक्छ। त्यसैले डढेलो व्यवस्थापन एक महत्वपूर्ण व्यवस्थापकीय चुनौतीका साथै उच्च जोखिमयुक्त कार्य पनि हो।

वन डढेलो नियन्त्रणका लागि प्रभावकारी अग्नि नियन्त्रण संयन्त्र, स्पष्ट कार्ययोजना तथा आवश्यक स्रोत–साधनको व्यवस्था हुनु आवश्यक हुन्छ। यस्ता योजना तथा संयन्त्रहरू आपत्कालीन अवस्थामा तत्काल परिचालन गर्न सकिने गरी पूर्वतयारी अवस्थामा राखिनुपर्छ। वन डढेलो नियन्त्रण कार्यमा संलग्न जनशक्तिलाई आवश्यक तालिम, सुरक्षा सामग्री तथा सञ्चार सुविधाको व्यवस्था गरिनुपर्छ।




चित्र ६: समृद्धिका लागि वन परियोजना मार्फत तयार पारिएको डि. व. का. बाँके को वन डढेलो नियन्त्रण वाहन

<table>
<tr><th colspan="2">मुख्य व्यक्तिगत सुरक्षा सामग्रीहरु</th></tr>
<tr><td>सुरक्षा हेल्मेट (Safety Helmet)</td><td rowspan="9">प्राथमिक उपचार सामग्री (First Aid Kit)<br>• ब्यान्डेज (Bandage)<br>• गज (Gauze)<br>• एन्टिसेप्टिक (Antiseptic Solution)<br>• जलन उपचार पट्टी (Burn Dressing)<br>• कैंची (Scissors)<br>• दुखाइ कम गर्ने औषधि (Pain Reliever)<br>• जीवनजल (ORS)<br>• टेप (Medical Tape)<br>• कपास (Cotton)<br>• प्राथमिक उपचार पुस्तिका (First Aid Manual)</td></tr>
<tr><td>आगो प्रतिरोधी पोशाक (Fire-resistant Clothing)</td></tr>
<tr><td>सुरक्षा जुत्ता (Safety Boots)</td></tr>
<tr><td>सुरक्षा पन्जा (Safety Gloves)</td></tr>
<tr><td>आँखा सुरक्षा (Eye Protection)</td></tr>
<tr><td>श्वासप्रश्वास सुरक्षा (Respiratory Protection)</td></tr>
<tr><td>कान सुरक्षा (Hearing Protection)</td></tr>
<tr><td>उच्च दृष्यता भएको कपडा (High-Visibility Clothing)</td></tr>
<tr><td>खानेपानी र व्यक्तिगत सुरक्षा सामग्री (Drining Water and Personal Protetive Equipment)</td></tr>
</table>

वन व्यवस्थापन/उपभोक्ता समूहहरुको कार्य योजना तयार गर्दा, फायर फाइटरहरूको विशिष्ट सीपहरूलाई ध्यान दिन आवश्यक छ। तालिम अभ्यास र वास्तविक फायर अपरेशन दुवैको समयमा सबै सहभागीहरू बीच राम्रो सञ्चार सधैं कायम राख्न आवश्यक हुन्छ। सबै फायर फाइटरहरू र अन्य अग्नि नियन्त्रकहरूको सुरक्षा सुनिश्चित गर्नका लागि सचेत हुनुपर्छ। फायर

फाइटिंग टोलीहरूमा एक सुपरभाइजर हुनुपर्छ जसको जिम्मेवारीमा रहेको सबै फायर फाइटरहरूलाई सुरक्षा प्रक्रियाहरू बारे सचेत गराउने र यी प्रक्रियाहरू पालना गर्नु पर्छ भन्ने सुनिश्चित गराउनु पर्दछ। मेसिन अपरेटरहरूले सक्षम नभएसम्म एक्लै काम गर्नु हुँदैन। अग्निनियन्त्रकहरूको टोलीमा आगो लागेको क्षेत्र भू-भागसँग परिचित व्यक्तिहरू समावेश हुनुपर्छ। आगो निभाउने गतिविधिमा संलग्न व्यक्तिहरूलाई खतरा भएमा यस क्षेत्रका सडक र ट्र्याकहरू बन्द गर्नुपर्छ। अत्यधिक परिश्रमबाट बच्नको लागि आराम अवधि तथा खाना र पेय पदार्थहरूको पर्याप्त आपूर्ति गरिनुपर्छ।

आगो निभाउनका लागि बोलाइएका सबै वनकर्मी/श्रमिकहरूलाई निम्न सुविधा सहितको प्रशिक्षण दिनुपर्छः

क. आधारभूत फायर फाइटिंग उपकरणको उपलब्धता र उपकरणहरूको सुरक्षित प्रयोग;
ख. आगो लागेको क्षेत्रबाट बच्न आपत्कालीन अवस्थामा लिने उपायहरु;
ग. आगो निभाउने प्रविधिहरू र सम्बन्धित उपकरणहरूको प्रयोगको बारेमा विशेष प्रशिक्षण;
घ. दुर्घटना जोखिम र रोकथाम; तथा आगोमा सामान्य अवस्थाहरूमा आवश्यक हुने प्राथमिक उपचार;
ङ. आगो प्रतिरोधी कपासका कपडाहरू, सुरक्षा हेलमेटहरू;
च. तातोको कारणबाट हुने जोखिमहरु तथा शरिरमा पानीको मात्रा कम हुन नदिनको लागि पानि पिउने तरिका तथा पानीको प्रवन्ध;
छ. चस्मा र धुवाँको प्रतिरोधको लागि मास्क; सुरक्षात्मक पञ्जाहरू र सुरक्षा बुट;

**वन डढेलो नियन्त्रण कार्यमा अपनाउनुपर्ने सुरक्षा तथा क्षमता विकाससम्बन्धी व्यवस्थाहरू**

वन समूहहरूको कार्ययोजना तथा डढेलो व्यवस्थापन योजना तयार गर्दा अग्निनियन्त्रक (Fire Fighter) हरूको आवश्यक सीप, क्षमता तथा सुरक्षा आवश्यकताहरूलाई विशेष रूपमा समावेश गर्नुपर्छ। डढेलो नियन्त्रण कार्य उच्च जोखिमयुक्त हुने भएकाले तालिम, अभ्यास तथा डढेलो नियन्त्रण कार्यका क्रममा संलग्न सबै व्यक्तिहरूबीच प्रभावकारी सञ्चार तथा समन्वय कायम राख्नु अत्यन्त आवश्यक हुन्छ।

डढेलो नियन्त्रण कार्यमा संलग्न सबै अग्निनियन्त्रक तथा सहयोगी जनशक्तिले आफ्नो तथा सहकर्मीहरूको सुरक्षाप्रति सधैं सचेत रहनुपर्छ। प्रत्येक अग्नि नियन्त्रण टोलीमा एक जना सुपरिवेक्षक वा टोली प्रमुखको व्यवस्था हुनुपर्छ, जसले टोलीका सदस्यहरूलाई सुरक्षा प्रक्रिया, कार्यविधि तथा सम्भावित जोखिमहरूबारे जानकारी गराउने तथा सुरक्षा मापदण्डहरूको पूर्ण पालना सुनिश्चित गर्ने जिम्मेवारी निर्वाह गर्दछ।

यान्त्रिक उपकरण तथा मेसिन सञ्चालन गर्ने व्यक्तिहरूले पर्याप्त तालिम र अनुभव प्राप्त नगरेसम्म एक्लै कार्य गर्नु हुँदैन। डढेलो नियन्त्रण टोलीमा आगलागी भएको क्षेत्रको भूगोल, पहुँच मार्ग तथा

स्थानीय अवस्थाबारे जानकारी भएका व्यक्तिहरूलाई समावेश गर्नुपर्छ। आगो नियन्त्रण कार्यका क्रममा सर्वसाधारण वा कार्यदलका सदस्यहरूको सुरक्षामा जोखिम उत्पन्न हुने अवस्था भएमा सम्बन्धित क्षेत्रका सडक, गोरेटो तथा आवतजावतका मार्गहरू अस्थायी रूपमा बन्द गर्न सकिन्छ।

डढेलो नियन्त्रण कार्य शारीरिक रूपमा अत्यन्त श्रमपूर्ण हुने भएकाले अत्याधिक थकान तथा स्वास्थ्य जोखिम न्यूनीकरण गर्न पर्याप्त विश्राम अवधि, स्वच्छ खानेपानी, पोषिलो खाना तथा आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गर्नुपर्छ।

## आगो नियन्त्रण कार्यमा संलग्न वनकर्मी तथा श्रमिकहरूका लागि आवश्यक तालिम तथा सुरक्षा व्यवस्था

आगो नियन्त्रण कार्यमा संलग्न सबै वनकर्मी तथा श्रमिकहरूलाई निम्न विषयमा तालिम तथा आवश्यक सुरक्षा सामग्रीको व्यवस्था गरिनुपर्छः

क) आधारभूत अग्नि नियन्त्रण उपकरणहरूको उपलब्धता सुनिश्चित गर्ने तथा ती उपकरणहरूको सुरक्षित र प्रभावकारी प्रयोगसम्बन्धी तालिम प्रदान गर्ने।

ख) आगो फैलिने अवस्था वा अन्य आकस्मिक जोखिम उत्पन्न भएमा सुरक्षित रूपमा बाहिर निस्कने उपाय, सुरक्षित मार्ग (Escape Route) तथा आपत्कालीन प्रतिकार्यसम्बन्धी जानकारी प्रदान गर्ने।

ग) आगो नियन्त्रणका विभिन्न प्रविधि, रणनीति तथा सम्बन्धित उपकरणहरूको प्रयोगसम्बन्धी विशेष तालिम प्रदान गर्ने।

घ) सम्भावित दुर्घटनाका जोखिमहरू, जोखिम न्यूनीकरणका उपायहरू तथा आगलागीका घटनामा आवश्यक प्राथमिक उपचार (First Aid) सम्बन्धी ज्ञान र सीप विकास गर्ने।

ङ) अग्नि नियन्त्रण कार्यमा संलग्न सबै व्यक्तिहरूलाई आगो प्रतिरोधी कपासका पोशाक (Fire-resistant Cotton Clothing), सुरक्षा हेल्मेट तथा उच्च दृश्यता भएका सुरक्षा पोशाक उपलब्ध गराउने।

च) आँखा सुरक्षा चस्मा (Safety Goggles), धुवाँ तथा धुलोबाट बचाउने मास्क वा श्वासप्रश्वास सुरक्षा सामग्री (Respiratory Protection), सुरक्षात्मक पञ्जा तथा सुरक्षा बुटको अनिवार्य प्रयोग सुनिश्चित गर्ने।

छ) डढेलो नियन्त्रण कार्यमा संलग्न प्रत्येक टोलीसँग प्राथमिक उपचार सामग्री (First Aid Kit), सञ्चार उपकरण तथा आपत्कालीन उद्धार सामग्रीको व्यवस्था गर्ने।

अग्नि प्रतिरोध (फायर फाइटिंग) उपकरणहरू प्रत्येक फायर ड्रिल र आपत्कालीन अवस्थामा प्रयोग गर्नु अघि यसको प्रयोगबारे जानकारी तथा निरीक्षण गरिनुपर्छ, र प्रयोग गरिसके पछि पनि पुनः निरीक्षण गरिनुपर्छ। यो निर्माता (Manufacture Company) को सिफारिस अनुसार राखिएको हुनुपर्छ। बिजुलीका लाइनहरू नजिक विशेष सावधानी आवश्यक हुन्छ। मेसिनको नजिकमा काम गर्ने फायर फाइटरहरूले सम्भव भएमा, मेसिन अपरेटरको ज्ञान र सहमतिमा र सुपरभाइजरको कुनै निर्देशन अनुसार मात्र गर्नुपर्छ। जब नियन्त्रित जलाउने काम गरिन्छ, कामदारहरूले योजनाबद्ध लाइट-अप ढाँचाको पालना गर्नुपर्छ र तिनीहरूलाई त्यसो गर्न निर्देशन नभएसम्म यता उता विचलित हुनु हुँदैन। ह्यान्ड बर्नर प्रयोग गर्दा, अपरेटर र अर्को व्यक्ति एक अर्कामा देखिने र बोलेको आवाज सुनिने क्षेत्र भित्र हुनुपर्छ, सामान्यतया २० मिटर भन्दा बढी टाढा हुनु हुँदैन। सवारी साधनहरू ढोका बन्द, झ्यालहरू र ढोकामा साँचोहरू राखेर र आपत्कालीन अवस्थामा अन्य सवारी साधनहरूमा जान सक्ने स्थितिमा भाग्ने बाटोको दिशामा पार्क गर्नुपर्छ।

**आगो Vs. आगो (Counter Fire)**ः एक क्षेत्रबाट आगो आइरहेको छ र अर्को क्षेत्रमा मानवीय क्षति लगायत ठुलो क्षति हुने सम्भावना छ, गाउँ बस्तीहरु छन, वन्यजन्तुहरुमा असर पुग्ने अवस्था भएमा त्यस्तो बेला त्यस क्षेत्रमा भएका पातपतिङ्गर सोरेर, आगो आएकै तिर बढार्ने र सुरक्षा घेरा बनाउने अनि आगो लगाउने, यसरी आगो लगाउँदा आगो नजिकको अरु क्षेत्रमा आगो फैलिन सक्दैन, नियन्त्रण गर्न सजिलो हुन्छ। यसलाई पनि एक आगो नियन्त्रणको असल तरिका मान्न सकिन्छ। घाटगद्धिको सुरक्षा गर्दा पनि यो कार्य अपनाउन सकिन्छ। यदि घाटगद्धिको काठहरुमा आगलागी हुने जोखिम भएको अवस्थामा सो घाटगद्धि वरिपरि पानीको फोहोराहरु फ्याक्ने तथा काठहरुमा पानीले भिजाउने कार्य पनि गर्न सकिन्छ। यो तत्कालको अवस्था हेरी निर्णय गर्नु पर्दछ।

## २.६ खोटो सङ्कलन (Resin Collection)

वन क्षेत्रमा रहेका सल्ला प्रजातिका रुखबाट सङ्कलन गरिने मुख्य गैहृकाष्ठ वन पैदावार खोटो हो। रुखको वृद्धिमा असर नगरिकन ठाडो रुखबाट सङ्कलन गरिने हुनाले रुख र श्रमिक स्वयंको सुरक्षा महत्वपूर्ण हुन्छ। नेपालका विभिन्न पहाडी क्षेत्रमा सल्लाका रुखबाट खोटो सङ्कलन कार्य गरिन्छ। निश्चित महिनामा खोटो सङ्कलन कार्य गरिने हुनाले र भौगोलिक रुपमा पनि कठिन प्राय अवस्था हुने हुनाले श्रमिक सुरक्षा र स्वस्थका निम्न विषयमा ध्यान दिनुपर्छ।

क) खोटो सङ्कलन गर्दा धारिलो औजार, रसायन, चिप्लो भू-सतह तथा अग्लो रूखसँग काम गर्नुपर्ने भएकाले व्यक्तिगत सुरक्षा सामग्री अत्यन्त आवश्यक हुन्छ। व्यक्तिगत सुरक्षा सामग्रीहरु जस्तैः सुरक्षा हेल्मेट, बलियो पञ्जा, आँखाको सुरक्षा चस्मा, सुरक्षात्मक जुत्ता/बुट, लामो

बाहुला भएको कपडा, मास्क, रेनकोट वा मौसमअनुसार सुरक्षात्मक पोशाकको अनिवार्य प्रयोग गर्नु पर्दछ।

ख) रूख चढ्दा वा भिरालो क्षेत्रमा/चिप्लो ठाउँमा सावधानी लिन आवश्यकता अनुसार safety belt/डोरी प्रयोग गर्ने, कमजोर वा ढल्न सक्ने रूखमा नचढ्ने तथा समूह कार्यलाई प्राथमिकता दिने गर्नु पर्दछ।

ग) खोटो अत्यधिक ज्वलनशील पदार्थ भएकाले आगलागीको जोखिम धेरै हुन्छ । त्यसैले धुम्रपान निषेध गर्ने, आगो नियन्त्रण सामग्री तयारी अवस्थामा राख्ने, अग्नि रेखा व्यवस्थापन तथा रसायन वा ज्वलनशील वस्तु सुरक्षित भण्डारणमा ध्यान दिनुपर्छ।

घ) रसायनहरु प्रयोग गर्दा पञ्जा र मास्क लगाउने, प्रत्यक्ष छालामा नछुने, सुरक्षित भण्डारण गर्ने, बालबालिकाको पहुँचभन्दा टाढा राख्ने र प्रयोगपछी हात धुने गर्नुपर्दछ।

ङ) प्राथमिक उपचारको किट, पर्याप्त खानेपानी, सर्पदंश तथा किराको टोकाइबाट बच्न सावधानी अपनाउनु पर्दछ।

च) सुरक्षित सङ्कलन प्रविधिको बारेमा श्रमिकको क्षमता विकास गर्ने साथै रुखबाट अत्यधिक खोटो सङ्कलन नगर्ने, रूखलाई स्थायी क्षति नपुर्‍याउने गरी कार्य गर्नुपर्दछ।

छ) दुर्घटनाको अभिलेखीकरण, प्रतिवेदन तथा व्यवस्थापनको लागि प्रभावकारी सञ्चार, प्राथमिक उपचारमा ध्यान दिनु पर्दछ।

ज) श्रमिकको स्वास्थ्यको ख्याल गरी नियमित विश्रामको व्यवस्था गर्नु पर्दछ।

## २.७ वन उद्यम (Forest Based Enterprises)

वनजन्य उत्पादनलाई प्रयोग गरी सञ्चालन गरिने उद्यम वन उद्यम हुन् । नेपालमा हाल साना, मझौला र ठुला वन उद्यमहरु संचालनमा छन् । ती मध्ये समुदाय र निजी क्षेत्रले साना र मझौला प्रकारका सःमिलहरु स्थापना गरी काठको चिरान र प्रशोधन गरी विभिन्न काष्ठजन्य सामग्रीहरु उत्पादन गरिरहेका छन् ।काष्ठ उद्योगमा कार्यस्थल जोखिमहरुको मात्रा धेरै हुन्छ । यहाँ मेसिन, धारिलो ब्लेड, काठको धुलो, भारी सामग्री, आवाज, बिजुली तथा आगलागीको जोखिम हुने भएकाले कार्यस्थल सुरक्षा र स्वास्थ्य अत्यन्त आवश्यक हुन्छ।



चित्र ७: भद्राक्षी स: मिल, मौरीघाट, दाङ

वन उद्यम (विशेषगरी स:मिल) मा अपनाउनुपर्ने मुख्य कार्यस्थल सुरक्षा तथा स्वास्थ्यका विषयहरू:

### क. व्यक्तिगत सुरक्षा सामग्री

कार्यस्थलमा कार्यरत सबै श्रमिकले सुरक्षा हेल्मेट, आँखाको सुरक्षा चस्मा, कानको सुरक्षा सामग्री (Ear Protection), धुलोबाट बचाउने मास्क वा श्वासप्रश्वास सुरक्षा सामग्री (Respiratory Protection), सुरक्षा पञ्जा, सुरक्षा बुट तथा परावर्तक सुरक्षा ज्याकेट (Reflective Jacket) को अनिवार्य प्रयोग गर्नुपर्ने व्यवस्था मिलाउने।

### ख. मेसिन सुरक्षा

स:मिलमा प्रयोग हुने सर्कुलर स (Circular Saw), ब्यान्ड स (Band Saw), कटर (Cutter), प्लेनर (Planer) लगायतका उच्च जोखिमयुक्त मेसिनहरूको नियमित निरीक्षण, मर्मत तथा सुरक्षित सञ्चालन सुनिश्चित गर्ने। सबै मेसिनमा ब्लेडको सुरक्षा कवच (Blade Guard) जडान गरिएको हुनुपर्ने, आकस्मिक अवस्थामा तुरुन्त सञ्चालन बन्द गर्न सकिने आपत्कालीन बन्द (Emergency Stop) बटनको व्यवस्था हुनुपर्ने तथा प्रशिक्षित र अधिकारप्राप्त व्यक्तिले मात्र मेसिन सञ्चालन गर्नुपर्ने।

### ग. मेसिन सञ्चालनसम्बन्धी सुरक्षा

मेसिन सञ्चालन भइरहेको अवस्थामा सफाइ वा मर्मतसम्भार नगर्ने। ढिलो वा खुकुलो कपडा, गहना तथा अन्य अड्किन सक्ने सामग्री लगाएर काम गर्न निषेध गर्ने। मर्मत वा सरसफाइका क्रममा विद्युत् आपूर्ति पूर्ण रूपमा बन्द गरी लकआउट/ट्यागआउट (Lockout/Tagout) प्रणालीको अनिवार्य प्रयोग गर्ने।

### घ. काठको धुलो (Wood Dust) नियन्त्रण

काठको धुलोको प्रभाव न्यूनीकरण गर्न धुलो सङ्कलन प्रणाली (Dust Collection System) जडान गर्ने, कार्यस्थलमा पर्याप्त हावाप्रवाह (Ventilation) सुनिश्चित गर्ने, नियमित सरसफाइ गर्ने, उपयुक्त श्वासप्रश्वास सुरक्षा सामग्री प्रयोग गर्ने तथा धुलो लामो समयसम्म थुप्रिन नदिने व्यवस्था गर्ने।

### ङ. आवाज (Noise) नियन्त्रण

मेसिनहरूको नियमित मर्मतसम्भार गरी अनावश्यक कम्पन (Vibration) तथा आवाज (Noise) कम गर्ने। उच्च आवाज हुने क्षेत्रमा कार्य गर्ने श्रमिकले कानको सुरक्षा सामग्री (Ear Protection) अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने तथा नियमित रूपमा श्रवण परीक्षण (Hearing Check-up) गराउनुपर्ने व्यवस्था मिलाउने।

### च. आगलागी तथा विद्युत् सुरक्षा

कार्यस्थलमा पर्याप्त सङ्ख्यामा अग्नि नियन्त्रण यन्त्र (Fire Extinguisher) उपलब्ध गराउने, विद्युत् प्रणाली तथा तारहरूको नियमित परीक्षण गर्ने, धूम्रपान निषेध गर्ने, आपत्कालीन निष्कासन मार्ग (Emergency Exit) तथा उद्धार योजना (Evacuation Plan) तयार गर्ने र ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा भण्डारण गर्ने ।

### छ. भारी वस्तु उठाउने तथा ढुवानी सुरक्षा

भारी वस्तु उठाउँदा सही उठाउने विधि (Proper Lifting Technique) अपनाउने, आवश्यकतानुसार ट्रली (Trolley) वा फोर्कलिफ्ट (Forklift) प्रयोग गर्ने, अत्यधिक भार एक्लैले नउठाउने तथा काठ र अन्य सामग्री सुरक्षित र व्यवस्थित रूपमा थुपार्ने (Safe Stacking) व्यवस्था गर्ने।

### ज. कार्यस्थल व्यवस्थापन

कार्यस्थलको भुइँ चिप्लो हुन नदिने, नियमित सरसफाइ गरी काठका टुक्रा, धुलो तथा फोहोर हटाउने, आपत्कालीन मार्ग सधैँ खुला राख्ने, आपत्कालीन मार्गको लागि चिन्हहरु राख्ने, पर्याप्त प्रकाशको व्यवस्था गर्ने तथा सामग्री सुरक्षित रूपमा भण्डारण गर्ने व्यवस्था मिलाउने। साथै

रसायन तथा फिनिसिङ सामग्रीको भण्डारण, प्रयोग र व्यवस्थापनका क्रममा आवश्यक सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने। सामग्रीहरुको सुरक्षाको लागि विशेष प्रवन्ध गर्ने।

### झ. श्रमिक कल्याण तथा प्राथमिक उपचार

कार्यस्थलमा प्राथमिक उपचार सामग्री (First Aid), स्वच्छ पिउने पानी, शौचालय, विश्रामको उचित व्यवस्था तथा दुर्घटना बिमाको व्यवस्था सुनिश्चित गर्नु।

### ञ. तालिम तथा क्षमता विकासः

श्रमिकहरूलाई पेशागत सुरक्षा तथा स्वास्थ्यसम्बन्धी नियमित तालिम प्रदान गर्ने, मेसिन सञ्चालन, जोखिम पहिचान, दुर्घटना रोकथाम तथा आगलागी एवं अन्य आपत्कालीन अवस्थाको व्यवस्थापनसम्बन्धी अभ्यास नियमित रूपमा सञ्चालन गर्ने। सुरक्षाको बारेमा दैनिक साप्ताहिक तथा मासिक गरिने अभिमुखिकरणको विवरण तयार गर्ने तथा सो अनुसारको कोचिङ् गर्ने।

## २.८ वन संरक्षण गस्ती (Forest Patrolling)

वन क्षेत्र, निकुञ्ज लगायत संरक्षित क्षेत्रमा अबैध कार्यहरु जस्तै: चोरी शिकारी लगायतका क्रियाकलापहरु रोक्न वनकर्मीद्वारा गरिने निगरानीलाई वन संरक्षण गस्ती भनिन्छ । वन संरक्षण गस्ती (Forest Patrolling) पनि जोखिमयुक्त कार्य हो । विशेषगरी नेपालजस्तो भौगोलिक बनोट, वन्यजन्तुको उपस्थिति र स्रोतसाधन सिमितता भएको अवस्थामा वन गस्ती गर्ने कर्मचारी, वन हेरालु, वन उपभोक्ता, समुदायका सदस्य, स्वयंसेवक तथा सुरक्षाकर्मीहरूको कार्यस्थल सुरक्षा अत्यन्त महत्वपूर्ण हुन्छ।



चित्र ८ः वन अनुगमन (स्रोत: रेडपाण्डा नेटवर्क, नेपाल)

**वन गस्तीका क्रममा अपनाउनुपर्ने प्रमुख पेशागत सुरक्षा तथा स्वास्थ्यका उपायहरूः**

**क) गस्तीपूर्व जोखिम मूल्याङ्कन (Pre-patrol Risk Assessment)**

गस्तीमा निस्कनुअघि गस्ती क्षेत्र, मौसम, भौगोलिक अवस्था, वन्यजन्तुको सम्भावित उपस्थिति, मानव—वन्यजन्तु जम्काभेटको सम्भावना तथा अवैध गतिविधिबाट उत्पन्न हुन सक्ने जोखिमको मूल्याङ्कन गर्ने। गस्ती समूहगत रूपमा सञ्चालन गरी टोली प्रमुख तोक्ने तथा आवश्यक परेमा नियमित सम्पर्क गर्न सकिने सञ्चार व्यवस्था सुनिश्चित गर्ने।

**ख) व्यक्तिगत सुरक्षा सामग्री (Personal Protective Equipment)**

गस्तीका क्रममा सुरक्षा हेल्मेट, सुरक्षा जुत्ता, सुरक्षा पञ्जाहरु काँडा, झाडी, सर्प लगायतका जोखिमबाट बच्न लामो बाहुला भएको पोशाक, परावर्तक वा उच्च दृश्यता (High Visibility) भएको सुरक्षा ज्याकेट, वर्षाको समयमा रेनकोट तथा आवश्यकता अनुसार सुरक्षा चस्माको प्रयोग सुनिश्चित गर्ने।

**ग) सञ्चार व्यवस्था (Communication)**

गस्तीमा जाने कर्मचारीसँग पूर्ण रूपमा चार्ज भएको मोबाइल फोन वा अन्य सञ्चार उपकरणको व्यवस्था गर्ने। गस्तीमा निस्कने र फर्कने समय सम्बन्धित कार्यालय वा जिम्मेवार निकायलाई अग्रिम जानकारी गराउने तथा आपत्कालीन सम्पर्क नम्बरहरूको सूची साथमा राख्ने।

**घ) प्राथमिक उपचार तयारी (First Aid Preparedness)**

गस्ती टोलीले प्राथमिक उपचार सामग्री (First Aid Kit) अनिवार्य रूपमा राख्ने । साथै नजिकको स्वास्थ्य संस्था, एम्बुलेन्स सेवा तथा आपत्कालीन उद्धार सेवासम्बन्धी जानकारी लिने।

**ङ) वन्यजन्तुबाट सुरक्षा**

वन्यजन्तुसँग जम्काभेट भएमा शान्त रहने, जनावरलाई उत्तेजित नगर्ने, बच्चा भएको जनावरको नजिक नजाने तथा सुरक्षित दूरी कायम गर्ने। रातिको गस्तीका क्रममा टर्चको प्रयोग गर्ने, समूहबाट नछुट्टिने तथा टोलीबीच प्रभावकारी समन्वय कायम गर्ने।

**च) वन्यजन्तुको व्यवहारसम्बन्धी आधारभूत ज्ञान**

बाघ, हात्ती, गैंडा, चितुवा, भालु, जंगली हात्ती, सर्प तथा अन्य हिंस्रक वा ठूला स्तनधारी वन्यजन्तुको बानी, व्यवहार तथा सम्भावित जोखिम व्यवस्थापनका आधारभूत जानकारी लिने।

### छ) द्वन्द्व तथा सुरक्षा जोखिम व्यवस्थापन

अवैध कटानी, चोरी शिकारी, वन अतिक्रमण वा अन्य अवैध गतिविधि भेटिएमा आफ्नै सुरक्षालाई पहिलो प्राथमिकता दिने। घटनास्थलको प्रमाण सुरक्षित रूपमा सङ्कलन गर्ने, सम्बन्धित निकायलाई तुरुन्त जानकारी गराउने तथा पर्याप्त सहयोगबिना एक्लै नियन्त्रण गर्ने प्रयास नगर्ने।

### ज) विश्राम तथा कार्य व्यवस्थापन

गस्ती मार्गमा आवश्यक विश्राम स्थलहरूको पूर्वपहिचान गर्ने। अत्यधिक लामो समयसम्म निरन्तर गस्ती नगरी आवश्यकतानुसार विश्राम गर्ने, पर्याप्त पानी पिउने तथा शारीरिक थकान व्यवस्थापनमा विशेष ध्यान दिने। विश्राम गर्दा पनि सुरक्षाको चनाखो हुनु आवश्यक हुन्छ।

## २.९ वन्यजन्तु उद्धार (Wildlife Rescue)

वन क्षेत्र भित्र र बाहिरका स्थानमा पनि असामान्य स्थितिमा रहेका वन्यजन्तुहरुलाई वन्यजन्तु प्राविधिकहरु लगायतको टोलिद्वारा सुरक्षित रुपमा कब्जामा लिने प्रक्रिया वन्यजन्तु उद्धार (Wildlife Rescue) हो। वन्यजन्तु उद्धार वन तथा निकुञ्ज क्षेत्रमा हुने सबैभन्दा उच्च जोखिमयुक्त कार्यहरूमध्ये एक हो। यसमा वन कर्मचारी, पशु चिकित्सक, सुरक्षाकर्मी, प्राविधिक तथा सहयोगी श्रमिकहरू प्रत्यक्ष रुपमा शारीरिक, जैविक, र मनोसामाजिक जोखिममा पर्न सक्दछन्।
वन्यजन्तु उद्धार क्रममा विचार गर्नुपर्ने मुख्य कार्यस्थल सुरक्षा तथा स्वास्थ्य सम्बन्धी उपायहरू निम्नानुसार रहेका छन्:

क. उद्धारपूर्व जोखिम मूल्याङ्कन (Pre-rescue Risk Assessment) गरी वन्यजन्तुको प्रजाति, आकार र व्यवहारको जानकारी राख्ने । जनावर घाइते, आक्रामक वा तनावग्रस्त छ कि छैन मूल्याङ्कन गर्ने । घटनास्थलको अवस्थाको जानकारी पूर्ण रुपमा राख्ने ।

ख. प्रशिक्षित टोली परिचालनको सुनिश्चितता गरी ट्राङ्क्विलाइजर (Sedation/Immobilization) प्रयोग गर्नुपर्ने अवस्थामा अधिकारप्राप्त पशु चिकित्सक वा दक्ष प्राविधिकको प्रत्यक्ष निगरानी तथा संलग्नतामा मात्र प्रयोग गर्ने।

ग. व्यक्तिगत सुरक्षा सामाग्रीहरु जस्तै: मजबुत जुत्ता, सुरक्षात्मक पञ्जा, लामो बाहुलाको पोशाक, सुरक्षा हेल्मेट, मास्क (जुनोटिक रोगको जोखिम हुँदा), सुरक्षा चस्मा/फेस शिल्ड (छिटा वा तरल पदार्थबाट सुरक्षा), जनावर अनुसार Bite-resistant gloves (टोकाइ प्रतिरोधी पञ्जा) को बन्दोबस्त गर्ने ।

घ. वन्यजन्तुबाट मानिसमा सर्न सक्ने रोगको जोखिम कम गर्न रगत, पिसाब वा अन्य शारीरिक तरल पदार्थसँग प्रत्यक्ष सम्पर्क नगर्ने। आवश्यकता अनुसार रेबिज खोप लगायतको व्यवस्था गर्ने।

ङ. जनावर नियन्त्रण र सुरक्षित दूरी तथा आवश्यकता अनुसार भाग्ने बाटो तयारी तथा जनावरको व्यवहार परिवर्तनलाई निरन्तर अवलोकन गर्ने।

च. ट्राङ्क्विलाइजरको प्रयोग गर्दा योग्य पशु चिकित्सक वा दक्ष प्राविधिकले मात्र प्रयोग गर्ने, औषधिको मात्रा प्रजाति र तौलअनुसार निर्धारण गर्ने, डार्ट गन सुरक्षित रूपमा प्रयोग गर्ने, औषधिको अभिलेख राख्ने र बेहोस जनावरको श्वासप्रश्वास र तापक्रम निगरानी गर्ने।

छ. भीड व्यवस्थापन नहुने गरी कार्य गर्ने तथा उद्धार कार्यमा अवरोध हुन नदिने।

ज. उद्धार पश्चात् जनावरको सुरक्षित ढुवानीको व्यवस्था गर्ने ।

झ. आवश्यकता अनुसार विश्रामको व्यवस्था गर्ने ।

य. घटना अभिलेखीकरण र समीक्षा प्रत्येक उद्धार पश्चात् गर्ने ।

# परिच्छेद ३: वन श्रमिकहरुको पेशागत स्वास्थ्य मापदण्ड

वन श्रमिकहरूको लागि उचित स्वास्थ्य सेवा, मेडिकल सुविधा र नियमित स्वास्थ्य जाँचको मापदण्डले उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यको संरक्षण गर्न मद्दत पुऱ्याउँछ। यी मापदण्डहरू कार्यस्थलमा उनीहरूको सुरक्षा र उत्पादकत्व सुनिश्चित गर्न महत्त्वपूर्ण हुन्छन्। यस भागमा पेशागत स्वास्थ्य सम्बन्धी मुख्य मापदण्डहरू प्रस्तुत गरिएको छ। कार्यस्थलमा स्वास्थ्य सुरक्षाका उपायहरूमा शौचालय, हात धुने ठाउँ र खाने क्षेत्र स्वच्छ राख्दै सुरक्षा उपकरणहरू जस्तै पञ्जा, मास्क, हेलमेट, र अन्य व्यक्तिगत सुरक्षाका उपकरण उपलब्ध गराउने तथा विषालु पदार्थ र फोहोरको सुरक्षित व्यवस्थापन गरी नियमित सरसफाई गरेर स्वच्छता सुनिश्चितता गर्नुपर्दछ।

### ३.१ उचित स्वास्थ्य सेवाको व्यवस्था तथा बिमा

**क. आवश्यक स्वास्थ्य क्लिनिक स्थापनाः** कार्यक्षेत्र नजिक प्राथमिक स्वास्थ्य केन्द्र वा मोबाइल क्लिनिकको स्थापना गर्ने र आकस्मिक उपचारका लागि नजिकको अस्पतालसँग सहकार्य गर्ने।

**ख. प्राथमिक उपचार किटको उपलब्धताः** प्रत्येक कार्यस्थलमा गराउने जस्तै : एन्टिसेप्टिक पट्टी, ब्यान्डेज, दुखाई कम गर्ने औषधि, थर्मामिटर र प्राथमिक उपचारका उपकरण राख्ने।

**ग. नियमित स्वास्थ्य परीक्षणः** शारीरिक वा मानसिक स्वास्थ्य समस्याका लागि विशेषज्ञ परामर्शको व्यवस्था गराउने र वर्षमा कम्तीमा दुईपटक श्रमिकहरूको सम्पूर्ण स्वास्थ्य परीक्षण गराउने जस्तैः रक्तचाप, रगतको सामान्य परीक्षण, छाला रोग, श्वासप्रश्वास समस्या, र अन्य पेशागत स्वास्थ्य जोखिम तथा तौल, उचाइ, र पोषण अवस्था।

**घ. नियमित स्वास्थ्य जाँचको मापदण्ड**

- **कार्यसम्बन्धी जोखिम जाँच जस्तैः** वन क्षेत्रको कार्यमा सामना गरिने मुख्य जोखिमहरू जस्तैः धूलो, विषालु रसायन, वा भारी कामको असरको जाँच तथा श्वासप्रश्वास, छाला, र हड्डीसँग सम्बन्धित रोगहरूको अनुगमन ।
- **रोग रोकथामका उपायहरु जस्तैः** विभिन्न रोग विरुद्धका खोप लगाउने र अन्य प्रासङ्गिक रोगहरूप्रति सुरक्षा र पोषणसम्बन्धी आवश्यकताहरू सुनिश्चित गर्न भिटामिन र खनिजको परीक्षण गर्ने।
- **मानसिक स्वास्थ्य जाँचको लागि** तनाव, थकान, र मानसिक स्वास्थ्यसम्बन्धी समस्या पहिचान गर्न नियमित परामर्श दिने र मानसिक स्वास्थ्य सुधारका लागि विश्राम र आरामदायी समयको व्यवस्था मिलाउने।

- **आकस्मिक चिकित्सा सुविधा चाहिएको** अवस्थामा एम्बुलेन्स र चिकित्सा सहायता उपलब्ध गराउने र विषालु जनावरको टोकाइ वा अन्य चोटपटकको उपचार गर्न तत्काल उपचारको उपाय गर्ने।
- **बिमा योजनाको प्रबन्ध:** श्रमिकहरुलाई कार्यस्थल हुन सक्ने दुर्घटनाको क्षतिपूर्तिको लागि उपयुक्त बिमा गर्ने, स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी श्रमिकको उपचार खर्च व्यवस्थापन गर्ने र आकस्मिक बिमा योजना लागू गर्ने।

विभिन्न इन्सुरेन्सको प्रावधान मध्ये निम्न योजनाको बिमा गर्न सकिन्छ:

- जीवन बिमा (Life Insurance): यसले वन श्रमिकहरूको मृत्यु भएको अवस्थामा तिनीहरूको परिवारलाई आर्थिक सहायता प्रदान गर्दछ।
- अस्थायी वा स्थायी असक्षमता बीमा (Temporary or Permanent Disability Insurance): यसले पेशागत दुर्घटनाको कारण वन श्रमिकलाई अस्थायी वा स्थायी असक्षमता हुन पुगेमा आर्थिक सहायता प्रदान गर्दछ।
- गम्भीर रोग बिमा (Critical Illness Insurance): यसले केही गम्भीर रोगहरूको उपचार गर्दा वन श्रमिकहरूलाई आर्थिक सहायता प्रदान गर्दछ।

यी सबै प्रकारको बिमाको विवरण, प्रिमियम तथा बिमा दायरा र अन्य सर्तहरु बिमाकम्पनी र त्यसको नीति अनुसार छनौट गर्नुपर्दछ।वन श्रमिकहरूलाई यस्ता बिमाको व्यवस्थामा संलग्न गराउन सकेमा उनीहरूलाई दुर्घटनाबाट सुरक्षित तथा क्षतिपूर्ति दिनको लागि राहत हुन्छ।

## ३.२ समुदाय र संस्थागत सहयोग

विद्यमान सरकारी संरचना मार्फत् वा छुट्टै संस्थागत पहलबाट समय-समयमा वन श्रमिकहरूको स्वास्थ्यसँग सम्बन्धित विशेष कार्यक्रमहरू जस्तै: स्वास्थ्य शिविर सञ्चालन गर्ने।

श्रमिकको स्वास्थ्य आवश्यकताबारे उनीहरूको राय र सल्लाह लिई सुधारका प्रक्रियामा सहभागी गराउने।

## ३.३ स्वच्छ पिउने पानीको सुनिश्चितता

श्रमिकलाई स्वच्छ पिउने पानी सुनिश्चित गर्न विभिन्न उपायहरू अपनाउन सकिन्छ। यी उपायहरूले श्रमिकको स्वास्थ्य, उत्पादकत्व र कार्यस्थलको वातावरणलाई सकारात्मक बनाउँछ। स्वच्छ पिउने पानीको सुनिश्चितताका लागि निम्न व्यवस्था गर्न सकिन्छ:

क. पानीको स्रोतको व्यवस्था गर्न कार्यस्थल नजिकै स्वच्छ पिउने पानीका लागि कुवा, ट्यांकी, वा फिल्टर प्रणाली स्थापना गर्ने र आवश्यकता अनुसार ढुवानी गर्न सकिने पानीको आपूर्तिः पानी ट्यांकर वा बोतलको व्यवस्था गर्ने।

ख. पानीको गुणस्तर परीक्षण नियमित गर्ने र पानी शुद्धिकरणको लागि फिल्टर गर्ने।

ग. पानीको भण्डारण र सफाईमा ध्यान दिने र पानीका स्रोतलाई प्रदूषणबाट जोगाउन संरक्षण बार लगाउने।

घ. शौचालयमा पानी तथा सरसफाइको लागि उपयुक्त प्रबन्ध गर्ने।

ङ. शौचालय भान्छा तथा खाना खाने स्थान तथा वरिपरि सरसफाइ नियमित गर्ने। यस्तो स्थानमा सफाइ गर्न सफा पानीको प्रयोग गर्ने व्यवस्था मिलाउने ।

### ३.४ विश्राम समयको व्यवस्थापन

विश्राम समयको व्यवस्था गर्दा श्रमिकको स्वास्थ्यमा सुधार, कार्यक्षमतामा वृद्धि, र कार्यस्थलको वातावरण राम्रो हुन्छ। यसको लागि नियमित अनुगमन, प्रभावकारी व्यवस्थापन, र समन्वय आवश्यक छ। विश्राम समय व्यवास्थापनको लागि निम्न व्यवस्था गर्न सकिन्छ:

क. कार्यसमयको तालिका बनाई विश्राम समयको निर्धारण गर्ने, आवश्यकता अनुसार श्रमिकलाई दिनमा २ देखि ३ पटक १५ – ३० मिनेटको विश्राम समय दिने र गर्मी समयमा थप विश्राम दिने ।

ख. विश्राम क्षेत्रको व्यवस्था सुरक्षित र आरामदायी स्थान जस्तैः सितल छायाँदार र हावा खेल्ने विश्राम क्षेत्रमा व्यवस्था गर्ने। विश्राम गर्ने स्थानको तापक्रम तथा व्यवस्थाहरु मौसम विशेष गरी जाडो तथा गर्मी समय अनुसार व्यवस्था गर्ने।

### ३.५ श्रमिकहरूको स्वास्थ्य जोखिमको सम्बोधन र व्यवस्थापन

कार्यस्थलमा हुन सक्ने स्वास्थ्य जोखिमलाई समयमै आँकलन गर्न र त्यसको व्यवस्थापनबाट श्रमिकको उत्पादकत्व वृद्धि गर्न जरुरी हुन्छ। जस्तैः किटनाशक सम्पर्कबाट हुने जोखिमको सम्बोधन निम्न तरिकाले गर्न सकिन्छ:

**क. व्यक्तिगत सुरक्षा उपकरणः** किटनाशक प्रयोग गर्दा मास्क, पञ्जा, सुरक्षात्मक कपडा, चस्मा र बुट अनिवार्य प्रयोग गर्ने ।

**ख. पानीजन्य सुरक्षा गर्दा** किटनाशक प्रयोग गरेपछि हात-मुख राम्ररी धुने व्यवस्था गर्ने र पिउने पानी र कार्यस्थलको नजिक किटनाशकको प्रभाव नपर्ने व्यवस्था मिलाउने।

### ३.६ कार्यस्थलमा जंगली जनावरको जोखिमको व्यवस्थापन

क. सम्भव भएसम्म कार्यक्षेत्र वरपर सुरक्षा बार (Fencing) वा सुरक्षात्मक संरचना बनाउने र हिंस्रक वन्यजन्तुलाई भगाउनको लागि सुरक्षित प्रकाश, सायरन, वा अन्य उपकरण प्रयोग गर्ने।

ख. जंगली जनावरको आहार विहार र सम्भावित खतरा चिन्ह सचेतना तथा तालिम कार्यक्रम गर्ने र पूर्व-सचेतना अपनाउने।

### ३.७ मौसमसम्बन्धी जोखिमको व्यवस्थापन

क. शारीरिक सुरक्षाका उपायहरूमा अत्यधिक गर्मी वा चिसोबाट बच्न श्रमिकलाई उपयुक्त पोशाक, पर्याप्त पानी र चिसो मौसममा तातो पेय पदार्थ उपलब्ध गराउने।

ख. कार्य समयको व्यवस्थापन गर्दा प्रतिकूल मौसममा कार्य समय घटाउने वा अनुकूल समयमा कामको योजना गर्ने वा अत्याधिक प्रतिकूलतामा (हावाहुरी, झरी, हिउँ) काम रोक्ने।

ग. आवास र विश्रामस्थलको व्यवस्था गर्दा अस्थायी शिविरहरूमा पर्याप्त हावा-खेल्ने र सरसफाइको सुनिश्चितता गर्ने ।

### ३.८ उपकरण र चोटपटक व्यवस्थापन

क. उपकरणहरूको नियमित जाँच र मर्मत गरी भारी उपकरण वा औजार प्रयोग गर्दा श्रमिकहरुलाई प्रशिक्षण दिने।

ख. प्राथमिक उपचार किट र प्रशिक्षित कर्मचारीको प्रबन्ध मिलाई आकस्मिक चोटपटक व्यवस्थापन गर्ने ।

ग. जोखिमयुक्त स्थान पहिचान गरी कार्यस्थल जोखिम मूल्याङ्कन गर्ने र भारी सामान उठाउने प्रक्रियामा सही तरिका अपनाउने र उपयुक्त कामदार खटाउने ।

### ३.९ समन्वय र अनुगमन

क. जोखिम व्यवस्थापनमा सम्बन्धित वन कार्यालयहरु, स्वास्थ्य सेवासँग सम्बन्धित कार्यालयहरु र स्थानीय तहसँग सहकार्य गर्ने।

ख. कार्यस्थलको स्वास्थ्य र सुरक्षा सम्बन्धी नियमित अनुगमन गर्ने।

# परिच्छेद ४: प्रशिक्षण र क्षमता विकास

श्रमिकहरुलाई नियमित रुपमा कार्यस्थल सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्थाको जानकारी हुन आवश्यक हुन्छ। ती कार्यहरु प्रभावकारी रुपमा गर्न गराउन श्रमिकहरुलाई समय-समयमा मुख्यतया निम्न बमोजिम विषयवस्तुहरु समावेश गरी तालिम/प्रशिक्षण दिनु पर्छ।

- स्वास्थ्य जोखिम र प्राथमिक उपचार।
- श्रमिकहरूको स्वास्थ्य र सुरक्षा सम्बन्धी ज्ञान र सीप विकास।
- विषाक्त पदार्थ र उपकरणहरूको सुरक्षित प्रयोग।
- किटनाशकको सही प्रयोग र भण्डारण।
- कार्यस्थलमा प्रयोग हुने मेशिनरी उपकरणको प्रयोग ।
- आपत्कालीन अवस्था सामना गर्न प्राथमिक उपचार ।
- श्रमिकलाई स्वास्थ्य सम्बन्धी जोखिम र सावधानी बारे सचेतना।
- सरसफाइ, पानीजन्य रोग र संक्रमण रोकथामका उपायहरू बारे अनुशिक्षण ।

वन श्रमिकहरुलाई निम्न विषयवस्तुहरुमा तालिम र प्रशिक्षणको सुनिश्चितता गर्न सकेमा कार्यस्थल सुरक्षामा सहयोग पुग्छ ।

## ४.१ प्राथमिक उपचार (First Aid)

वन क्षेत्रमा कार्यरत श्रमिकहरूलाई कार्यस्थलमा आकस्मिक रूपमा हुन सक्ने घाउ, चोटपटक वा अन्य स्वास्थ्यसम्बन्धी आपत्कालीन अवस्थाको तत्काल व्यवस्थापन गर्न प्रत्येक कार्यस्थलमा प्राथमिक उपचार बाकस (First Aid Kit Box) को व्यवस्था अनिवार्य रूपमा हुनुपर्छ। वन क्षेत्रका कार्यहरू प्रायः दुर्गम तथा छुट्टाछुट्टै स्थानमा साना समूहमा सञ्चालन हुने भएकाले प्रत्येक श्रमिकलाई आधारभूत प्राथमिक उपचारसम्बन्धी तालिम प्रदान गर्न आवश्यक हुन्छ। उक्त तालिममा रक्तश्राव नियन्त्रण, खुला घाउको उपचार, हड्डी भाँचिएको अवस्थामा अपनाउनुपर्ने प्रारम्भिक उपाय, अचेत व्यक्तिको उद्धार तथा पुनर्जीवन सम्बन्धी आधारभूत ज्ञान समावेश गरिनुपर्छ।

रसायन, धुवाँ, सर्प, बिच्छी, किरा वा माकुराको टोकाइ तथा अन्य विशेष जैविक वा भौतिक जोखिम भएका क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सो जोखिमअनुसार थप प्राथमिक उपचारसम्बन्धी विशेष तालिम प्रदान गर्नुपर्छ। यस्तो तालिम योग्य स्वास्थ्यकर्मी वा सम्बन्धित विशेषज्ञ संस्थाको समन्वयमा सञ्चालन गरिनु उपयुक्त हुन्छ।

प्रत्येक कार्यस्थलमा आवश्यक औषधि तथा प्राथमिक उपचार सामग्रीसहितको प्राथमिक उपचार बाकस सहज रूपमा उपलब्ध हुनुपर्छ। प्राथमिक उपचार बाकसमा कम्तीमा निम्न सामग्रीहरू समावेश गरिएको हुनुपर्छः

| क्र.स. | सामग्रीहरु |
|---|---|
| १. | कैंची (Scissors) |
| २. | स्टेराइल कटन स्वाव (Sterile Cotton Swabs) |
| ३. | ब्याण्डेज (Bandages)/स्टेराइल गज (Sterile Gauze) |
| ४. | निसंक्रमण बेटाडाइन (Antiseptic Betadine) र<br>ह्यान्ड स्यानिटाइजर (Hand Sanitizer) |
| ५. | लामखुट्टे निषेध जेल वा स्प्रे (Mosquito Repellent Gel or Spray) |
| ६. | एन्टी एलर्जी औषधी (Antihistamine), प्यारासिटामोल ट्यावलेट (Paracetamol)<br>जीवन जल (ORS) |
| ७. | डिटोल सावुन / झोल (Dettol Soap/Liquid) |
| ८. | मेडिकल पञ्जा (Disposable Medical Gloves) |

### ४.२ आपत्कालीन उद्धार (Emergency Rescue)

अचानक चोटपटक वा रोगको घटनालाई चिकित्सा सहायता आवश्यक हुन्छ त्यस्ता कामदारलाई सो स्थानबाट छिट्टै बाहिर निकाल्ने व्यवस्था गरिनुपर्छ। आपत्कालीन अवस्थामा उद्धार सेवाहरूलाई सम्पर्क गर्न सञ्चार व्यवस्थाको कार्यप्रणालीबारे जानकारी तथा कार्यस्थलमा यातायात वा सञ्चारको साधन उपलब्ध हुनुपर्छ। सबै कामदारहरूलाई नजिकको अस्पताल, एम्बुलेन्स स्टेशन वा चिकित्सकको टेलिफोन नम्बरको बारेमा जानकारी गराउनुपर्छ। स्थायी कार्यस्थलहरूमा एक बिरामी वा घाइते व्यक्तिलाई आराम गराउनको लागि बाहिर निकाल्ने व्यवस्था नभए सम्म आराम गर्ने कोठाको व्यवस्था गरी आराम गराउनु पर्छ। यदि व्यवहारिक र उपयुक्त छ भने, हेलिकप्टर अवतरण क्षेत्रहरू तोक्नु पर्छ र कार्यस्थलमा उपस्थित सबै कर्मचारीहरूलाई जानकारी तथा तालिम गराउनु पर्छ।

# परिच्छेद ५ः दुर्घटना र घटना जानकारी तथा अभिलेख

कार्यस्थलमा हुन सक्ने दुर्घटना, चोटपटक, स्वास्थ्यसम्बन्धी समस्या तथा अन्य सुरक्षा घटनाहरूको प्रभावकारी व्यवस्थापनका लागि उचित अभिलेखीकरण, प्रतिवेदन तथा समीक्षा प्रणालीको व्यवस्था गर्न आवश्यक हुन्छ। यसका लागि निम्न उपायहरू अवलम्बन गर्नुपर्छः

**क. कार्यस्थल सुरक्षा नियमसम्बन्धी निरन्तर सचेतना (Workplace Safety Regulations Awareness)**

कार्यस्थलमा लागू भएका सुरक्षा तथा स्वास्थ्यसम्बन्धी नियम, कार्यविधि र सावधानीका उपायहरूको बारेमा श्रमिकहरूलाई नियमित रूपमा जानकारी गराउने, अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ।

**ख. स्वास्थ्य तथा सुरक्षा कार्यक्रम (Health and Safety Programs)**

श्रमिकहरूको सुरक्षा, स्वास्थ्य तथा कल्याण प्रवर्द्धन गर्न आवश्यक स्वास्थ्य तथा सुरक्षा कार्यक्रम सञ्चालन गर्ने, नियमित तालिम, अभ्यास तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

**ग. नियमित अभिलेखीकरण (Regular Record Keeping)**

कार्यस्थलको सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित विवरण, निरीक्षण प्रतिवेदन, जोखिम मूल्याङ्कन, दुर्घटना, चोटपटक, स्वास्थ्यसम्बन्धी घटना तथा अपनाइएका सुधारात्मक उपायहरूको व्यवस्थित अभिलेख राख्नुपर्छ। यस्ता अभिलेखहरूले कार्यस्थलमा हुने घटनाको विश्लेषण, जोखिमको पहिचान तथा भविष्यमा दुर्घटना न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछन्।

**घ. घटना दर्ता तथा प्रतिवेदन (Incident Recording and Reporting)**कार्यस्थलमा भएका सबै दुर्घटना, चोटपटक, निकट दुर्घटना तथा अन्य सुरक्षा घटनाहरूको यथाशीघ्र दर्ता गरी प्रचलित कानुन, मापदण्ड वा संस्थागत कार्यविधिअनुसार सम्बन्धित निकायमा समयमै प्रतिवेदन पेश गर्नुपर्छ।

**ङ. नियमित समीक्षा तथा अद्यावधिक (Regular Review and Update)**

कार्यस्थल सुरक्षा तथा स्वास्थ्यसम्बन्धी नीति, मापदण्ड, कार्यविधि तथा सुरक्षा कार्यक्रमहरूको नियमित समीक्षा र आवश्यकतानुसार अद्यावधिक गर्नुपर्छ। समीक्षा प्रक्रियाबाट प्राप्त सिकाइ तथा सुधारका उपायहरू कार्यान्वयन गरी कार्यस्थलको सुरक्षा प्रणालीलाई निरन्तर सुदृढ बनाउनु आवश्यक हुन्छ।

यस पुस्तकमा कार्यस्थलमा हुने दुर्घटना तथा घटनाहरूको दर्ता र प्रतिवेदनका लागि नमुना फाराम अनुसूची–३ मा समावेश गरिएको छ। सबै श्रमिक, रोजगारदाता तथा सम्बन्धित निकायहरूले कार्यस्थल सुरक्षा तथा पेशागत सुरक्षा र स्वास्थ्यसम्बन्धी मापदण्डहरूको पूर्ण पालना गर्दै सुरक्षित कार्यसंस्कृतिको विकास गर्न र परम्परागत असुरक्षित कार्य व्यवहारमा सुधार ल्याई कार्य गर्नुपर्दछ।

# परिच्छेद ६ः वातावरणीय तथा पारिस्थितिकीय प्रणालीको संरक्षण

यस परिच्छेदमा वन व्यवस्थापन तथा वनजंगलमा गरिने क्रियाकलापहरूको कार्यान्वयनका क्रममा वातावरणीय संरक्षण र पारिस्थितिकीय सन्तुलन कायम राख्न अपनाउनुपर्ने प्रमुख उपायहरू समावेश गरिएको छ। वन क्षेत्रका कार्यहरू सञ्चालन गर्दा जैविक विविधता, जलस्रोत, माटो, वनस्पति तथा वन्यजन्तुको संरक्षणलाई प्राथमिकता दिनुका साथै वातावरणमा पर्ने नकारात्मक प्रभावलाई न्यूनतम बनाउन आवश्यक सावधानी अपनाउनुपर्छ। साथै, वन पुनःस्थापना, रसायनको सुरक्षित प्रयोग, माटो संरक्षण, मिचाहा प्रजातिको नियन्त्रण तथा स्थानीय समुदायको सहभागिता प्रवर्द्धनमार्फत दिगो वन व्यवस्थापनलाई सुदृढ बनाउनु पर्दछ। यस्ता उपायहरूको प्रभावकारी कार्यान्वयनले वातावरण संरक्षणका साथै श्रमिकहरूको स्वास्थ्य, सुरक्षा तथा कार्यस्थलको दिगोपनमा समेत सकारात्मक योगदान पुर्‍याउँछ।

- जैविक विविधता संरक्षणः वन क्षेत्रमा कार्य गर्दा वन्यजन्तु, वनस्पति तथा तिनको वासस्थानमा प्रतिकूल असर पर्ने कुनै पनि गतिविधि नगर्ने। लोपोन्मुख, दुर्लभ तथा संवेदनशील प्रजाति पाइने क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा विशेष सावधानी अपनाउने र आवश्यक सूचना तथा चेतनामूलक संकेत राख्ने एवम् त्यस्ता क्षेत्रको संरक्षणलाई प्राथमिकता दिने।
- जलस्रोतको सुरक्षाः वन क्षेत्रमा अवस्थित प्राकृतिक जलस्रोतको संरक्षण गर्ने र विषाक्त पदार्थ वा रसायन प्रयोग गर्दा जल प्रदूषण रोक्ने उपाय गर्ने।
- काठ कटानमा न्यून प्रभाव पार्न कटानको लागि चिन्ह लगाएको र अनुमति प्राप्त रूख मात्र कटान गर्ने। कटान गरेपछि पुनः वृक्षरोपण वा पुनः पुनरुत्पादनको कार्यहरु अनिवार्य रुपमा योजना अनुसार गर्ने। साथै कटान गरिसके पश्चातको वन क्षेत्र तथा अन्य रुख बिरुवाहरु लगाएको क्षेत्रलाई अतिक्रमण हुनबाट बचाउने।
- किटाणुनाशक र अन्य रसायनहरूको न्यूनतम प्रयोग गर्ने। प्रयोग नै गर्नु पर्ने भएमा विषालु रसायनको सुरक्षित भण्डारण र नष्ट गर्ने। विषालु रसायन भण्डारण रहेको वरिपरी जोखिम क्षेत्र वा उपयोग गर्नको लागि अनुमति प्राप्त व्यक्तीको मात्र प्रवेश वा जानकार व्यक्तीको मात्र पहुँच हुने व्यवस्था गर्ने।
- भू-क्षय तथा जमिन कटान रोक्न आवश्यक विधि (टेरेसिङ, जैविक बारहरु लगाउने, भू-क्षय हुने कार्यहरु नगर्ने, जैविक वा प्राङ्गारिक मल राख्ने आदि) अपनाउने र भारी तथा ठुला उपकरणहरुको असावधानीपूर्ण प्रयोग नगर्ने।

- नेपाल सरकारबाट स्वीकृत गरिएको विषादीहरु मात्र माटोमा प्रयोग गर्ने। स्वीकृत गरिएको परिमाणमा सम्बन्धित विज्ञको सल्लाहमा मात्र प्रयोग गर्ने। जैविक मलको प्रयोगलाई प्रोत्साहन गर्ने।
- वन क्षेत्र पुनःस्थापना गर्न स्थानीय प्रजातिका रूख र वनस्पति रोपणलाई प्राथमिकता दिने।
- हानिकारक तथा बाह्य मिचाहा प्रजातिको नियन्त्रण गर्न सहयोग गर्ने।
- सामुदायको सहभागिता र जनचेतनालाई प्रबर्धन गर्न मद्दत गर्ने।
- कार्यहरु सञ्चालन गर्दा वायु तथा ध्वनी प्रदूषण लगायतका अन्य प्रदूषणहरु हुन नदिने तथा प्रदूषण नहुने गरी कार्यहरु गर्ने गराउने।



चित्र ९: जल संरक्षण पोखरी

# परिच्छेद ७: श्रमिक स्वास्थ्य र सुरक्षा दर्ता अभिलेख व्यवस्थापन

श्रमिकहरूको पेशागत स्वास्थ्य र सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने रजिस्टर तथा रेकर्ड व्यवस्थापन निम्नानुसार राख्न सकिन्छ ।

- **श्रमिक व्यक्तिगत विवरण दर्ता**

| | | | | | |
|---|---|---|---|---|---|
| श्रमिकको नाम | | | | | |
| ठेगाना | स्थायी | जिल्ला : | पालिका : | वडा : | टोलः |
| | अस्थायी | जिल्ला : | पालिका : | वडा : | |
| उमेर | | | | | |
| सम्पर्क नम्बर | | | | | |
| ई-मेल (उपलब्ध भएमा): | | | | | |
| कामको जिम्मेवारी | | | | | |
| कार्य अनुभव | | | | | |
| आपत्कालीन सम्पर्क नम्बर | | | | | |
| ब्लड ग्रुप | | | | | |
| स्थायी लेखा नम्बर (PAN) | | | | | |

- **स्वास्थ्य र सुरक्षा प्रशिक्षण रजिस्टर**

| | |
|---|---|
| प्रशिक्षण प्राप्त गर्ने श्रमिकको नाम | |
| प्रदान गरिएको प्रशिक्षणको प्रकार | जस्तै, PPE प्रयोग |
| | आपत्कालीन प्रतिकार |
| | |
| प्रशिक्षण मिति | |
| प्रशिक्षण लिएको दिन | |
| प्रशिक्षकको नाम | |

- **व्यक्तिगत सुरक्षा उपकरण वितरण रजिस्टर**

| | |
|---|---|
| श्रमिकको नाम/थर | |
| प्राप्त गरेको | |

| | |
|---|---|
| व्यक्तिगत सुरक्षा उपकरणको नाम (सम्बन्धित PPE सामान प्राप्त गरेपछि √ चिन्ह लगाउने) | जुत्ता/बुट |
| | मास्क |
| | हेल्मेट |
| | पञ्जा |
| | Rain Coat |
| | Torch Light |
| | पोशाक |
| | अन्य चस्मा आदी |
| वितरण मिति | |
| प्राप्त गर्ने श्रमिकको हस्ताक्ष | |

- **नियमित स्वास्थ्य परीक्षण रजिस्टर**

| | |
|---|---|
| श्रमिकको नाम/थर | |
| स्वास्थ्य परीक्षणको मिति | |
| परीक्षण गर्ने स्वास्थ्य संस्थाको नाम | |
| स्वास्थ्य जोखिम (यदि केही छ भने) | |
| आवश्यकताअनुसार सिफारिश गरिएको उपचार | |
| औषधि कुनै छ भने सो को विवरण तथा जानकारी | |
| दीर्घरोगी छ भने पनि सो को जानकारी | |

- **आपत्कालीन घटना अभिलेख**

| **घटना भएको मिति, समय, र स्थान** | **मिति** | **समय** | **स्थान** |
|---|---|---|---|
| | | | |
| घटनाको प्रकृति (चोट पटक, विषाक्त पदार्थ सम्पर्क, आदि) | | | |
| प्रभावित श्रमिकहरूको नाम र अन्य विवरण | | | |
| | | | |
| | | | |
| | | | |

| | |
|---|---|
| लिइएको तत्काल कदम र सुधारात्मक उपाय | |

- **उपकरण र मेशिनरी मर्मत र जाँच रजिस्टर**

| | |
|---|---|
| प्रयोग हुने उपकरण र मेशिनरीको सूची | |
| उपकरणको नियमित मर्मत र निरीक्षण मिति | |
| निरीक्षण गर्ने प्राविधिकको नाम | |
| आवश्यक सुधारको विवरण | |

- **किटाणुनाशक र अन्य रसायन प्रयोग रजिस्टर**

| | |
|---|---|
| प्रयोग गरिएको रसायनको प्रकार र मात्रा | |
| नेपाल सरकारबाट स्वीकृत भएको विवरण । प्रमाण | |
| प्रयोग मिति र स्थान | |
| सुरक्षित भण्डारण र नष्ट गर्ने विधि | |
| प्रयोगमा संलग्न श्रमिकको नाम | |

यी सबै रजिस्टर र रेकर्डहरू व्यवस्थित रूपमा राख्नाले श्रमिकहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ। साथै, भविष्यमा हुन सक्ने कानूनी वा प्रशासनिक आवश्यकताका लागि यिनीहरूले आधारशिला तयार गर्न मद्दत पुग्दछ ।

# परिच्छेद ८ः श्रमिक अधिकार र क्षतिपूर्ति

विद्यमान ऐन तथा कानूनको परिधिभित्र रही श्रमिकहरूको पेशागत स्वास्थ्य सुरक्षा मापदण्ड अन्तर्गतका अधिकारको प्रयोग निम्न व्यवस्था अनुसारका गर्दछन् ।

## ८.१ श्रमिकहरूको अधिकार

| अधिकारहरु | क्रियाकलापहरु |
|---|---|
| सुरक्षित कार्यस्थलको अधिकार (Right to a Safe Workplace) | • सुरक्षित र स्वस्थ वातावरणमा काम गर्ने।<br>• उपकरण, औजार र कार्यस्थल सुरक्षित हुने।<br>• खतरनाक रसायन, विषाक्त पदार्थ, र खतरनाक प्रक्रियाबाट जोगिने सुरक्षा उपायहरूको व्यवस्था गर्ने। |
| व्यक्तिगत सुरक्षा उपकरणको पहुँच (Access to PPE) | • हेल्मेट, मास्क, पञ्जा बुट, लामखुट्टे तथा अन्य किरा आदिबाट बच्ने लगायत सुरक्षाको लागि उपयोग गरिने औषधिहरु तथा विभिन्न साधानहरुको उपलब्धता तथा सम्बन्धित उपकरणहरु निःशुल्क पाउने।<br>• उपयुक्त सुरक्षा सामग्रीहरूको वितरण र नियमित मर्मत।<br>• महिलाहरुको लागि Sanitary Pad Products हरुको उपलब्धता तथा पहुँच । |
| स्वास्थ्य परीक्षणको अधिकार (Right to Medical Check-ups) | • नियमित स्वास्थ्य परीक्षण।<br>• कामको प्रकृतिले स्वास्थ्यमा पारेको असरको मूल्याङ्कन।<br>• आवश्यकता अनुसार स्वास्थ्य सेवा र परामर्श। |
| प्रशिक्षण प्राप्त गर्ने अधिकार (Right to Training) | • जोखिम र सुरक्षासम्बन्धी जानकारी र प्रशिक्षण।<br>• उपकरणको सुरक्षित प्रयोग र आपत्कालीन स्थितिमा कसरी प्रतिक्रिया गर्ने भन्ने तालिम अभिमुखिकरण व्यवस्था। |
| गुनासो राख्ने अधिकार (Right to Raise Complaints) | • काममा अनुभव गरिएको स्वास्थ्य वा सुरक्षा जोखिमहरूको बारेमा गुनासो राख्न।<br>• प्रतिशोध बिना गुनासो सम्बोधन हुने सुनिश्चितता। |

## ८.२ क्षतिपूर्ति व्यवस्था

### क. कार्य क्षेत्रमा काम गर्दा गर्दै दुर्घटना भएको भए क्षतिपूर्ति (Compensation for Workplace Accidents)

- दुर्घटनाका कारण शारीरिक चोटपटक, अङ्गभङ्ग, वा मृत्यु भएमा क्षतिपूर्ति दिने।
- श्रम ऐन र सामाजिक सुरक्षा कानून अन्तर्गत हुने आर्थिक राहत दिने।
- उपचार खर्चको पूर्तिसहित परिवारलाई सहयोग दिने।
- बिमा सुविधाको उपलब्धता तथा बिमाको सुविधा एवम् नविकरण ।
- अन्य कुनै थप सुविधाहरु ।

### ख. आपत्कालीन सहयोग (Emergency Assistance)

- आकस्मिक दुर्घटनामा तत्काल उपचारको व्यवस्था गर्ने।
- प्राथमिक उपचार सामग्री र सेवाको उपलब्धता।
- तुरुन्त अस्पताल लैजाने साधनको व्यवस्था।
- अस्पतालमा भर्ना हुनु पर्ने अवस्थामा सेवाको उपलब्धता ।

### ग. स्थायी अपाङ्गता क्षतिपूर्ति (Permanent Disability Compensation)

- कामको कारणले स्थायी अपाङ्गता भएमा आर्थिक सहयोग दिने।
- पुनःस्थापनाका लागि पुनःतालीम र अन्य रोजगार सहायता दिने।

### घ. मृत्यु क्षतिपूर्ति (Death Compensation)

- काममा मृत्यु भएमा परिवारलाई वित्तीय क्षतिपूर्ति दिने।
- आश्रित परिवारका सदस्यहरूको शिक्षादेखि जीविकोपार्जनसम्मका लागि सहयोग दिने।

## ८.३ अन्य व्यवस्थाहरु

### क. पुनःस्थापन सहायता (Rehabilitation Support)

- कामको क्षमतामा कमी आएमा अन्य वैकल्पिक रोजगार प्रदान गर्ने।
- आवश्यक तालिमको व्यवस्था।

### ख. मनोसामाजिक सहयोग (Psychosocial Support)

- मानसिक स्वास्थ्य सम्बन्धी समस्याका लागि परामर्श र उपचार।
- आपत्कालीन घटना पछि पुनःस्थापन कार्यक्रम।

## ग. बिदा सुविधा

- स्वास्थ्य समस्या वा उपचारका लागि बेतलबी वा तलबी बिदा दिने।
- कार्यस्थलमा उत्पन्न दुर्घटनाका कारण बिदा लिने व्यवस्था।

## घ. नीतिगत र कानूनी आधारहरू

- श्रम ऐन, २०७४: श्रमिकको स्वास्थ्य र सुरक्षाका लागि कानूनी अधिकार।
- ILO Convention: सुरक्षित कार्यस्थल र श्रमिक स्वास्थ्य सुरक्षाका अन्तर्राष्ट्रिय मापदण्ड।
- सामाजिक सुरक्षा कोषः वन श्रमिकहरूको लागि विभिन्न स्वास्थ्य, दुर्घटना र जीवन बिमाका व्यवस्थाहरू।

श्रमिकहरूको स्वास्थ्य र सुरक्षालाई सुनिश्चित गर्न यी अधिकार र क्षतिपूर्ति व्यवस्थाले उनीहरूलाई सुरक्षित, स्वस्थ, र सम्मानजनक काम गर्ने वातावरण प्रदान गर्दछ। यी प्रावधानहरूको पालना नगरेमा सम्बन्धित रोजगारदातालाइ कानूनी कारबाहीको व्यवस्था हुनुपर्छ।

# परिच्छेद ९: सरोकारवालाको सहभागिता

श्रमिकहरूको पेशागत स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरूको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूको अर्थपूर्ण र सक्रिय सहभागिता अपरिहार्य हुन्छ। सरोकारवालाहरूले मापदण्डको तर्जुमा, कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, नतिजाको समीक्षा र निरन्तर सुधारका प्रक्रियामा महत्वपूर्ण योगदान पुऱ्याउँछन्। यसले कार्यस्थलमा सुरक्षित, स्वस्थ, समावेशी तथा उत्तरदायी वातावरण निर्माण गर्न सहयोग पुग्दछ। यसै सन्दर्भमा सरोकारवालाहरूको सूची तथा तिनीहरूको भूमिका निम्नानुसार उल्लेख गरिएको छः

**श्रमिकहरू (Workers)**

- कार्यस्थलको अनुकूलता तथा प्रलिकूलता सम्बन्धमा पूर्व जानकारी तथा पूर्व-सू-सूचित गर्ने तथा समन्वय गर्ने।
- स्वास्थ्य र सुरक्षासम्बन्धी मापदण्डको आवश्यकताबारे प्रत्यक्ष सुझाव दिने र मापदण्डको पालना र सुधारमा सहयोग गर्ने।
- जोखिम पहिचान र न्यूनीकरणका लागि आफ्नो अनुभव साझेदारी गर्ने।

**श्रमिक संघहरू (Trade Unions)**

- श्रमिकहरूको हकहित र सुरक्षाका लागि पैरवी गर्ने।
- मापदण्ड निर्माणमा श्रमिकको आवाज समेट्ने कुराको सुनिश्चित गर्ने।
- श्रमिकहरूको क्षमता विकास र तालिम सञ्चालन गर्ने।

**वन व्यवस्थापन निकाय (Forest Management Authorities)**

- मापदण्ड निर्माण र कार्यान्वयनको नेतृत्व, नियमन गर्ने।
- वन व्यवस्थापनको क्रियाकलापहरुको कार्यतालिकाहरु तयार गर्ने।
- वन व्यवस्थापनको लागि आवश्यक उपकरणहरुको उपयोगको तरिकाहरुको बारेमा तालिम तथा अभिमुखिकरण।
- वन व्यवस्थापनको कार्यहरु मध्ये जोखिमयुक्त कार्यहरु जस्तै रुख ढाल्ने, काठ दाउराहरु टुक्रा पार्ने, काठ दाउराहरु ढुवानी गर्ने, वन डढेलो व्यवस्थापन आदि कार्यहरुको वर्गिकरण गरी जोखिम आँकलन गर्ने र जोखिम व्यवस्थापनको लागि स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।
- श्रमिकहरूको स्वास्थ्य सुरक्षाका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने।
- नीतिगत र प्राविधिक सहयोग उपलब्ध गराउने।

- कार्य क्षेत्रमा जोखिमहरुको पूर्व सूचना प्रवाह तथा सावधानीको उपयाहरुको जानकारी गराउने ।

**सरोकारवाला संघ/सङ्गठनहरू (Stakeholder Organizations)**

- वन क्षेत्रमा कार्यरत गैरसरकारी संस्था (NGOs) र सामुदायिक संस्थाहरूको संलग्नता गर्ने।
- मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गर्ने।
- जोखिम व्यवस्थापनमा प्राविधिक तथा वित्तीय सहयोग गर्ने।

**सरकारी निकाय (Government Agencies)**

- श्रम ऐन र अन्तर्राष्ट्रिय मापदण्डसँग सुसङ्गत मापदण्ड निर्माण गर्ने।
- वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालय, श्रम विभाग र स्वास्थ्य मन्त्रालयबीच समन्वय (सङ्घीय तथा प्रदेश स्तर)।
- वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालय, श्रम विभाग र स्वास्थ्य मन्त्रालय (सङ्घीय तथा प्रदेश स्तर) अन्तरगतका सङ्घीय प्रदेश तथा स्थानीय तहका निकायहरुबाट समन्वय तथा सहजीकरण।
- अनुगमन तथा अनुपालन सुनिश्चितता गर्ने।

**स्थानीय समुदाय (Local Community)**

- स्थानीय ज्ञान र स्रोतहरूको पहिचान तथा परिचालन गर्ने।
- कार्यस्थलको सामाजिक र वातावरणीय जोखिम पहिचान गर्ने।
- वन क्षेत्रको दिगोपनका लागि श्रमिकहरूसँग सहकार्य गर्ने।

**व्यवसायी र निजी क्षेत्र (Business and Private Sector)**

- सुरक्षित उपकरण र प्राविधिक उपकरणहरूको आपूर्ति गर्ने।
- सुरक्षित उपकरण र प्राविधिक उपकरणहरूको प्रयोगमा क्षमता विकास गर्ने।
- कार्यस्थलको सुरक्षासम्बन्धी नवीन प्रविधि विकास गर्ने।

**अन्तराष्ट्रिय निकायहरू (International Agencies)**

- ILO (International Labour Organization), UN Agencies जस्ता संस्थाहरूबाट परामर्श र सहयोग दिने।
- अन्तर्राष्ट्रिय स्तरमा स्वीकार्य स्वास्थ्य सुरक्षा मापदण्डमा समन्वय गर्ने।

**स्वास्थ्य सेवा प्रदायकहरू (Healthcare Providers)**

- श्रमिकहरूको नियमित स्वास्थ्य परीक्षण र उपचार सेवा प्रदान गर्ने।

- विषाक्त पदार्थ, संक्रमण, वा चोटपटकको प्राथमिक उपचार उपलब्ध गराउने।
- श्रमिकहरूको स्वास्थ्य सुधारका लागि सुझाव दिने।

**अनुसन्धानकर्ताहरू र शिक्षाविद्हरू (Researchers and Academicians)**

- कार्यस्थलमा जोखिमको पहिचान र मूल्याङ्कन गर्ने।
- स्वास्थ्य सुरक्षाका लागि अनुसन्धानमा आधारित समाधानको खोजी गर्ने।
- नीति निर्माण र प्रशिक्षणका लागि सामग्री विकास गर्ने।

सरोकारवालाको समन्वयपूर्ण सहभागिताले मापदण्ड निर्माण र कार्यान्वयन प्रभावकारी हुन्छ। श्रमिक, समुदाय, सरकारी निकाय, र अन्तर्राष्ट्रिय संस्था बीचको सहकार्यले श्रमिकहरूको स्वास्थ्य सुरक्षाका लागि आवश्यक आधार तयार गर्न सकिन्छ।



चित्र १०: नवदुर्गा सःमिल बर्दिवास, महोत्तरीमा विश्व बैंक तथा रेड कार्यान्वयन केन्द्रको अनुगमन

# परिच्छेद १०: निरीक्षण, पुनरावलोकन, सिकाइ र सुधार

श्रमिकहरूको पेशागत स्वास्थ्य र सुरक्षाको मापदण्डमा पुनरावलोकन र सुधारले कार्यस्थलको जोखिम न्यूनीकरण, श्रमिकहरूको स्वास्थ्य सुरक्षाको सुनिश्चितता र समग्र कार्यक्षमता वृद्धिमा महत्वपूर्ण भूमिका खेल्दछ। पुनरावलोकन र सुधारका लागि निम्न बुँदाहरूमा ध्यान दिन सकिन्छः

**जोखिम मूल्याङ्कन (Risk Assessment)**

- कार्यस्थलमा सम्भावित जोखिमहरूको पुनर्मूल्याङ्कन गर्ने।
- विषाक्त पदार्थ, उपकरण प्रयोग, मौसमजन्य चुनौती र जंगली जनावर (हात्ती देखि कमिला र किर्नासम्म) सँगको जोखिम पहिचान गर्ने।
- नयाँ जोखिमहरू पत्ता लगाउन नियमित अनुगमन गर्ने।

**कार्यस्थल निरीक्षण (Workplace Inspection)**

- नियमित रूपमा कार्यस्थल निरीक्षण गरी मापदण्ड पालना भए/नभएको सुनिश्चित गर्ने।
- सुरक्षा उपकरण र मेसिन, औजारको उचित तरिकाले प्रयोग भए नभएको सुनिश्चत गर्ने र मर्मत सम्भार गर्ने।
- श्रमिकको सुरक्षाका लागि प्रयोग हुने व्यक्तिगत सुरक्षा उपकरणको स्थिति जाँच गर्ने।

**प्रशिक्षण र क्षमता विकास (Training and Capacity Building)**

- श्रमिकहरूको स्वास्थ्य सुरक्षाको सुनिश्चितता गर्नको लागि समय-समयमा आवश्यक तालिमको पहिचान गर्ने।
- क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गर्ने।

**श्रमिकहरूबाट प्रतिक्रिया सङ्कलन (Workers Feedback)**

- श्रमिकहरूसँग नियमित संवाद गरी समस्याहरू र सुझावहरूको सङ्कलन गर्ने ।
- कार्य स्थलमा गुनासो पेटिका राख्ने र प्राप्त सुझावहरूको आधारमा सुधारात्मक कदम चाल्ने।

**मापदण्डहरूको अन्तर्राष्ट्रिय स्तरसँग सामञ्जस्य (Alignment with International Standards)**

- International Labour Organization का मापदण्डहरूसँग सुसङ्गत सुनिश्चित गर्ने।
- अन्तर्राष्ट्रिय अभ्यास, स्थानीय कानूनी र नीतिगत व्यवस्थाहरूसँग तुलना गरी आवश्यक सुधार गर्ने।

**स्वास्थ्य परीक्षण र निगरानी (Health Screening and Monitoring)**

- श्रमिकहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने, विषाक्त पदार्थ वा अन्य जोखिमबाट हुने स्वास्थ्य समस्याको पहिचान गर्ने र उपचार तथा पुनर्स्थापना सेवा प्रदान गर्ने।

**सरोकारवालाको सहभागिता (Stakeholder Involvement)**

- श्रमिक संघ, समुदाय, स्थानीय निकाय, र अन्य सरोकारवालाको सहभागितामा सुधार योजनाको विकास गर्ने, सुझाव सङ्कलन र कार्यान्वयन गर्ने साथै समुदाय र स्थानीय स्रोतहरूको उपयोग गर्ने।

**आधुनिक प्रविधिको प्रयोग (Use of Modern Technology)**

- स्वास्थ्य सुरक्षाका लागि नयाँ प्रविधिमा आधारित उपायहरूको समावेश, डिजिटल उपकरणबाट कार्यस्थलको जोखिम अनुगमन गर्ने।

**बजेट तथा स्रोत व्यवस्थापन (Budget and Resource Allocation)**

- सुधारका लागि पर्याप्त बजेट व्यवस्था गरी सुरक्षा उपकरणको खरिद, तालिम, र स्वास्थ्य सेवाको व्यवस्थापनमा स्रोत लगानी गर्ने।

**सिकाइ व्यवस्थापन (Learning Management)**

- अनुगमन तथा मुल्याङ्कनबाट प्राप्त सिकाइलाइ अभिलेखीकरण गर्ने, योजना तहमा एकिकृत गर्ने र निरन्तर सिकाइलाइ संस्थागत गर्ने।

**दिगो सुधार (Sustainable Improvement)**

- दीर्घकालीन सुधारका लागि रणनीति विकास गर्ने।
- निरन्तर अनुगमन र परिष्कृत गर्दै दिगो मापदण्ड निर्माण गर्ने।
- वातावरण र कार्यस्थलको अनुकूलतासँग मेल खाने नीतिहरूको विकास गर्ने।

श्रमिकहरूको स्वास्थ्य सुरक्षाको मापदण्डको पुनरावलोकन र सुधारले उनीहरूको जीवनस्तर, कार्यक्षमता, र कार्यस्थलको समग्र उत्पादनशीलतामा सकारात्मक प्रभाव पार्छ। नियमित मूल्याङ्कन, श्रमिकको सहभागिता र स्रोतको प्रभावकारी उपयोगद्वारा मापदण्डलाई परिमार्जन र सुदृढ बनाउन सकिन्छ।

# परिच्छेद ११ः अनुगमन र अनुपालन

श्रमिकको कार्यस्थल सम्बन्धी मापदण्ड तथा पेशागत स्वास्थ्य सुरक्षाको निरन्तर अनुगमन गरी प्रभावकारी अनुपालन गर्नका लागि निम्नलिखित कार्यहरु सम्बन्धित निकायबाट कार्यान्वयन गर्न सकिन्छ।

१. **सम्बन्धित विषयमा अनौपचारिक शिक्षा तथा प्रशिक्षणः** श्रमिकहरुलाई कार्यस्थल सुरक्षा जोखिमका काम, रोग प्रतिरोधक उपाय, तथा अपाङ्गताहरूको जोखिमका बारेमा शिक्षा र प्रशिक्षण दिने।

२. **कार्यस्थल सुरक्षा योजनाः** सम्भव भएसम्म विज्ञको सहयोगमा कार्यस्थल सुरक्षा योजना तयार गर्ने ।

३. **सुरक्षा निर्देशन तथा अनुगमनः** कार्यस्थलमा सुरक्षित रूपमा काम गर्न नियमित निर्देशन प्रदान गर्ने तथा उनीहरुको काम गर्ने स्थानमा बेला बेलामा उपयुक्त निर्देशन अनुसार काम भएको छ, छैन अनुगमन गर्ने र नभएको पाइएमा पालना गर्न प्रोत्साहन गर्ने।

४. **नियमन मापदण्डको पुनरावलोकनः** कार्यस्थलमा नियमित अनुगमन तथा अनुसन्धान गरी नियम र मापदण्डहरुको पुनावलोकन गर्ने, सिकाइ र सुधार गर्ने।

५. **सम्बन्धित तालिम र बुझाइः** वन श्रमिकहरूलाई कार्यस्थल सुरक्षा, आपत्कालीन प्रतिरोध, प्राथमिक चिकित्सा चिन्हहरूको पहिचान र त्यस्ता स्वास्थ्य सम्बन्धी तालिम एवम् प्रशिक्षण गर्ने।

६. **अनुकूल सुझाव र समाधानहरुको खोजीः** कार्यस्थलमा आउने समस्याहरूको अनुकूल सुझाव तथा समाधानहरूको उपायहरुको खोज अनुसन्धान गरिरहने तथा अन्य क्षेत्रको घटनाहरुबाट सिकाइ प्राप्त गर्ने। त्यस्तो विशेष सुरक्षा तथा स्वास्थ्यका उपायहरु अवलम्बन गरिएका उद्यम तथा कार्यस्थलहरुको अवलोकन तथा भ्रमण गरी उपयुक्त ज्ञान तथा प्रविधिहरु ग्रहण गरी उपयुक्तता अनुसार कार्यान्वयन गर्ने।

७. **विभिन्न वन कार्यहरुलाई सहज बनाउने उपकरणको प्रशिक्षण अनुसन्धानः** कार्य स्थलमा प्रयोग हुने उपकरण र सुरक्षा उपकरणहरूको परीक्षण, मूल्याङ्कन र अनुसन्धान गर्न सहयोग पुर्याउने।

श्रमिकहरूको पेशागत स्वास्थ्य सुरक्षाको अनुगमन र अनुपालन सुनिश्चित गर्न नीतिगत, प्राविधिक र व्यवहारिक उपायहरू आवश्यक छन्। सरकार, व्यवस्थापन, र श्रमिकहरूको समन्वयले मात्र प्रभावकारी कार्यान्वयन सम्भव छ।

# परिच्छेद १२ः गुनासो व्यवस्थापन तथा यौन दुर्व्यवहार सम्बन्धी व्यवस्था

## १२.१ गुनासो व्यवस्थापन (Grievance Management)

कार्यक्रम तथा आयोजनाका गतिविधिहरू कार्यान्वयनका क्रममा कुनै व्यक्ति, समुदाय, समूह वा अन्य सरोकारवालामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्न सक्ने भएकाले पारदर्शी, उत्तरदायी, समावेशी तथा प्रभावकारी गुनासो व्यवस्थापन संयन्त्रको स्थापना र सञ्चालन आवश्यक हुन्छ। कार्यस्थलमा हुने हिंसा, धम्की, मौखिक दुर्व्यवहार, शारीरिक आक्रमण, लैङ्गिक विभेद, यौनजन्य दुर्व्यवहार तथा यौन उत्पीडन (Sexual Exploitation, Abuse and Sexual Harassment–SEA/SH) जस्ता घटनाले श्रमिक, कर्मचारी, समुदाय तथा सेवाग्राहीहरूको सुरक्षा, मर्यादा र कार्यसम्पादनमा नकारात्मक प्रभाव पार्न सक्ने भएकाले यस्ता घटनाको रोकथाम तथा सम्बोधनका लागि उपयुक्त व्यवस्था गरिनु पर्दछ।

गुनासो व्यवस्थापनको मुख्य उद्देश्य कार्यक्षेत्रसँग सम्बन्धित गुनासोहरूको दर्ता, सुनुवाइ र समाधानका लागि स्पष्ट, न्यायोचित, पारदर्शी तथा समयबद्ध प्रक्रिया सुनिश्चित गर्नु हो। साथै, लैङ्गिक समानता, सामाजिक समावेशिता तथा संवेदनशील मुद्दाहरू, विशेष गरी लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार तथा सामाजिक बहिष्करणसँग सम्बन्धित विषयहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्दै कार्यक्रम कार्यान्वयनप्रति विश्वास, उत्तरदायित्व र सुशासन अभिवृद्धि गर्नु पनि यसको प्रमुख उद्देश्य हो।

गुनासो व्यवस्थापनको दायराभित्र लाभग्राही छनोटमा हुने विभेद, सार्वजनिक जग्गा व्यवस्थापन वा समूह गठनसम्बन्धी विवाद, वातावरणीय तथा सामाजिक जोखिमका मुद्दाहरू, श्रमिक सुरक्षा तथा स्वास्थ्यसम्बन्धी विषय, लैङ्गिक विभेद, यौन दुर्व्यवहार तथा उत्पीडन, सामाजिक बहिष्करण, आर्थिक अनियमितता, पारदर्शितासम्बन्धी प्रश्न तथा कार्यक्रमको कार्यान्वयन प्रक्रिया र नतिजासँग सम्बन्धित गुनासोहरू समावेश हुन सक्छन्।

वन व्यवस्थापन तथा उत्सर्जन न्यूनीकरण कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सुशासन तथा सुरक्षा मापदण्ड अनुरूप सुदृढ गुनासो व्यवस्थापन संयन्त्रको स्थापना अपरिहार्य मानिन्छ। यस सम्बन्धमा वन ऐन, २०७६, वन नियमावली, २०७९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लगायतका कानुनी व्यवस्थाहरूले सरकारी निकाय, वन उपभोक्ता समूह, स्थानीय तह, न्यायिक समिति, मेलमिलाप केन्द्र तथा गुनासो सुन्ने अधिकारी (नोडल अफिसर) मार्फत गुनासो व्यवस्थापनको व्यवस्था गरेका छन्। त्यसैगरी, भ्रष्टाचार वा अख्तियार दुरुपयोगसम्बन्धी गुनासोहरू जिल्ला प्रशासन कार्यालय, अख्तियार दुरुपयोग

अनुसन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रमा पेश गर्न सकिने व्यवस्था रहेको छ। सम्बन्धित निकायबाट भएका निर्णयप्रति असन्तुष्ट पक्षले प्रचलित कानुनबमोजिम न्यायिक पुनरावलोकन तथा संवैधानिक उपचारको खोजी गर्न सक्ने व्यवस्था पनि विद्यमान छ। यसरी नेपालमा समुदायदेखि संघीय तहसम्म बहुस्तरीय गुनासो व्यवस्थापन संयन्त्रहरू उपलब्ध रहेकाले गुनासोको प्रकृति तथा विषयवस्तुका आधारमा उपयुक्त संयन्त्र छनोट गरी न्यायोचित समाधान प्राप्त गर्न सकिन्छ।

## १२.२ यौनजन्य व्यवहारमा निषेध (Prohibition to Sexual Behaviour)

कार्यस्थलमा हुन सक्ने हिंसा धम्की र मौखिक दुर्व्यवहार देखि शारीरिक आक्रमण र हत्यासम्म पनि हुन सक्दछन्। यसले श्रमिक, कर्मचारी, समूह, समुदायमा असर गर्न सक्छ। वन श्रमिकहरुलाई यौन दुर्व्यवहार वा यौनजन्य हिंसा (Sexually Exploitation Abuse/ Sexual Harassment – SEA/SH) हुन् नदिनको लागि निम्न व्यवस्था गर्नु पर्दछः


**क. नीति तथा आचार संहिताको निर्माण र पालनाः** यौन दुर्व्यवहार र यौनजन्य हिंसाको विरुद्ध नीति तथा आचार संहिताको निर्माण र पालना गर्नुपर्छ। यसलाई कार्यालय र कर्मचारीले पालना गर्न सबै श्रमिक, कर्मचारीहरुलाई प्रतिबद्धता गराउनुपर्छ।

**ख. प्रशिक्षण र परामर्शः वन** श्रमिकहरूलाई यौन दुर्व्यवहार र यौनजन्य हिंसा र त्यसका प्रभावहरूको बारेमा अभिमुखीकरण र परामर्श दिनुपर्छ।

**ग. प्रतिकृया र सहयोगः** यौन दुर्व्यवहार वा यौनजन्य हिंसाको घट्ना भएमा तत्काल प्रतिक्रिया गर्न प्रोत्साहन गर्नुपर्छ। यौन दुर्व्यवहार वा यौनजन्य हिंसाको शिकार भएका वन श्रमिकहरूलाई सहयोगको लागि समर्थन र सुरक्षा प्रदान गर्नुपर्छ। जसले गर्दा प्रभावितको मनोबल र हौसला बढाउन मद्दत गर्छ।

## १२.३ गुनासो निवारण संरचना (Grievance Redressal Mechanism)

गुनासो निवारण संरचनाको संस्थागत व्यवस्था सबै कार्यालय, आयोजनाले गर्नु पर्दछ र सो कुरा सार्वजनिक गर्नुपर्दछ। गुनासो निवारण संयन्त्र पारदर्शी, न्यायोचित, समावेशी तथा लैङ्गिक उत्तरदायी प्रणालीका रूपमा कार्यान्वयन गर्नुपर्दछ। जस्तैः समृद्धिका लागि वन परियोजनाको लागि तयार गरिएको गुनासो निवारण संरचना तल चित्रमा देखाइएको छ।




चित्र ११: गुनासो निवारण प्रक्रियाको फ्लो चार्ट

क. स्थानीय तह (नगरपालिका/गाउँपालिका स्तर) मा रहेको न्यायिक समिति/तोकिएको गुनासो फोकल व्यक्ति मार्फत गुनासो दर्ता, प्रारम्भिक छानबिन तथा समाधान प्रयास गरी अभिलेख राख्ने गर्नुपर्दछ ।

ख. डिभिजन वन कार्यालय तथा जिल्ला स्तरमा स्थानीय स्तरमा समाधान नभएका गुनासोको व्यवस्थापनमा समन्वय तथा प्राविधिक सिफारिस सहितको कार्य गरी अभिलेखीकरण गर्नु पर्दछ ।

ग. प्रदेश स्तरका कार्यालयहरु/प्रदेश परियोजना व्यवस्थापन इकाइ/प्रदेश स्तरमा गम्भीर तथा संवेदनशील मुद्दा समाधान साथै संवेदनशिलता हेरी केन्द्रिय स्तरमा प्रतिवेदन पेश गर्नु पर्दछ ।

घ. गुनासो दर्ता गर्ने माध्यमहरु मौखिक जस्तै: टेलिफोन, लिखित जस्तै; इमेल, आधिकारिक सामाजिक सञ्जाल (उपलब्ध भएमा) लिखित निवेदन तथा अन्य (कार्यालयमा रहेको सुझाव पेटिका आदि) हुन सक्छन। गुनासो दर्ता गर्दा "गुनासो/उजुरी अभिलेख फाराम" भन्ने व्यवस्था गर्न सकेमा अभिलेखीकरण प्रभावकारी हुन्छ।

## गुनासो व्यवस्थापन प्रक्रिया

**चरण १: गुनासो प्राप्ति र दर्ता** : प्राप्त भएको गुनासो तत्काल रजिस्टरमा दर्ता गर्ने र गुनासोकर्तालाई दर्ता नम्बर उपलब्ध गराउने।

**चरण २: प्रारम्भिक मूल्याङ्कन:** गुनासोको प्रकृति (सामान्य/गम्भीर/SEA/SH) वर्गीकरण गर्ने र आवश्यक परेमा सम्बन्धित निकायमा रेफर गर्ने।

**चरण ३ः छानबिनः निश्चित कार्यदिनभित्र** (७—१५ कार्य दिनभित्र) तथ्य सङ्कलन गर्ने र सम्बन्धित पक्षसँग छलफल गर्ने र निर्णय दिने।

**चरण ४ः निर्णय तथा समाधानः** सहमति, मध्यस्थता वा सिफारिस मार्फत समाधान गर्ने र सो समाधानको लिखित अभिलेख राख्ने।

**चरण ५ः रेफरल (यदि आवश्यक भएमा)ः** कानूनी, चिकित्सा, मनोपरामर्श, आश्रय सेवा आदिको सहयोग लिने र माथिल्लो निकायमा औपचारिक प्रतिवेदन पेश गर्ने।

गुनासो व्यवस्थापनको समयरेखा गुनासोको प्रकार अनुसार तय गर्न सकिन्छ र सो कुरा सार्वजनिक रुपमा सूचना प्रबाह गर्नु पर्दछ, जस्तै :

| **गुनासोको प्रकार** | **समाधान समय** |
|---|---|
| सामान्य गुनासो | १५ कार्य दिनभित्र |
| जटिल/प्राविधिक | ३० दिनभित्र |
| SEA/SH | तत्काल (२४—७२ घण्टा भित्र रिपोर्टिङ) |

यौन दुर्व्यवहार तथा संवेदनशील गुनासो व्यवस्थापन गर्दा गोपनीयता पूर्ण रूपमा कायम गरी पीडितको सहमति बिना कुनै पनि विवरण सार्वजनिक नगर्ने तथा तत्काल माथिल्लो निकायलाई जानकारी गराई आवश्यक कानूनी सहायता, परामर्श, चिकित्सा सेवा उपलब्ध गराउने।

अभिलेख व्यवस्थापनमा विशेष ध्यान दिई प्रत्येक गुनासोको छुट्टै रेकर्ड र समाधान स्थिति (समाधान/प्रक्रियामा/रेफर गरिएको) उल्लेख गर्ने सो कुरान आवधिक रुपमा जस्तै मासिक/त्रैमासिक प्रतिवेदन माथिल्लो निकायमा गर्ने र कार्यालयमा सबै निर्णय र कारवाहीको सुरक्षित अभिलेख राख्ने।

गोपनीयता र नैतिक मापदण्ड अन्तर्गत गुनासोकर्ताको पहिचान सुरक्षित राखी प्रतिशोध (Retaliation) नहुने कुरा सुनिश्चित तथा लैङ्गिक र सामाजिक समावेशिता सुनिश्चित गर्ने।

अनुगमन तथा प्रतिवेदन प्रभावकारी गर्न स्थानीय तह/जिल्ला (डिभिजन वन कार्यालय वा अन्य सम्बन्धित कार्यालयहरु) स्तरमा मासिक समीक्षा गरी प्रदेश स्तरमा आवधिक रुपमा समीक्षा गरी केन्द्रिय स्तरमा त्रैमासिक प्रतिवेदन गर्ने।

उजुरी पेश गर्ने ढाँचा अनुसूचीः १ मा राखिएको छ। त्यसैगरी कार्य स्थलमा भएको घटना/गुनासो/उजुरी अभिलेख राख्ने अनुसूचीः २ र घटना/ गुनासो/ उजुरी प्रतिवेदनको ढाँचा

अनुसूचीः ३ मा राखिएको छ। यौन दुर्व्यवहार र यौनजन्य हिंसाको लागि नेपाल सरकारको कानून बमोजिमको सजाय हुने व्यवस्था सुनिश्चित गर्नुपर्दछ।




चित्र १२ः उजुरी पेटिका

# परिच्छेद १३: लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था

वन श्रमिकहरूको कार्यस्थल सम्बन्धी मापदण्ड तथा पेशागत स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्ने क्रममा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (Gender Equality, Disability and Social Inclusion – GEDSI) का सिद्धान्तहरूलाई एकीकृत गर्नु अनिवार्य हुन्छ। वन क्षेत्रमा कार्यरत श्रमिकहरू विभिन्न लैङ्गिक, जातीय, सामाजिक, आर्थिक तथा शारीरिक अवस्थाबाट आएका हुने भएकाले सुरक्षित, सम्मानजनक, भेदभावरहित तथा पहुँचयुक्त कार्य वातावरण सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ। वन श्रमिकहरूको पेशागत स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्दा GEDSI सिद्धान्तहरूको एकीकरणले सुरक्षित, सम्मानजनक तथा समावेशी कार्य वातावरण निर्माण गर्दछ। यसले श्रमिकहरूको मनोबल, उत्पादकत्व तथा संस्थागत विश्वसनीयता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ।

## १३.१ लैङ्गिक समानता सम्बन्धी विषयहरु

क. **समान पारिश्रमिक** (Equal Pay for Equal Work): समान प्रकृतिको कामका लागि महिला तथा पुरुष श्रमिकलाई समान पारिश्रमिक प्रदान गरिनु पर्दछ।

ख. **सुरक्षित तथा सम्मानजनक कार्य वातावरण:** महिला श्रमिकका लागि पृथक तथा सुरक्षित शौचालय, विश्रामस्थल तथा स्वच्छता सुविधा सुनिश्चित गरिनु पर्दछ।

ग. **महिनावारी स्वच्छता व्यवस्थापन (Menstrual Hygiene Management):** महिला श्रमिकका लागि स्वच्छता सामग्री, सुरक्षित पानी र गोपनीयता सुनिश्चित गरिनु पर्दछ।

घ. **मातृत्व संरक्षण:** गर्भवती तथा स्तनपान गराईरहेका श्रमिकलाई हल्का कार्य, आवश्यक विश्राम समय तथा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनु पर्दछ।

ङ. **यौन दुर्व्यवहार विरुद्ध शून्य सहनशीलता:** कार्यस्थलमा यौन दुर्व्यवहार, यौन शोषण तथा लैङ्गिक हिंसा विरुद्ध कडा नीति लागू गरिनु पर्दछ। गुनासो प्रक्रिया गोप्य, सुरक्षित र पीडितमैत्री हुनु पर्दछ।

## १३.२ अपाङ्गता समावेशीकरण सम्बन्धी मापदण्ड

क. **भौतिक पहुँच** (Accessibility): कार्यस्थल, शौचालय, विश्रामस्थल तथा तालिम स्थलहरू सम्भव भएसम्म अपाङ्गतामैत्री र पहुँचयुक्त बनाइनु पर्दछ।

ख. **उचित समायोजन** (Reasonable Accommodation): अपाङ्गता भएका श्रमिकलाई उनीहरूको क्षमता र स्वास्थ्य अवस्थाअनुसार उपयुक्त कार्यको व्यवस्था गरिनु पर्दछ।

ग. **सूचना पहुँच सुनिश्चितता:** सुरक्षा संकेत, चेतावनी चिन्ह तथा तालिम सामग्रीहरू दृश्य, श्रवण वा सरल भाषामा उपलब्ध गराइनु पर्दछ।

घ. **आपत्कालीन उद्धार योजना:** आपत्कालीन अवस्थामा अपाङ्गता भएका श्रमिकहरूको सुरक्षित उद्धार सुनिश्चित गर्ने विशेष प्रबन्ध गरिनु पर्दछ।

### १३.३ सामाजिक समावेशीकरण सम्बन्धी मापदण्ड

क. **भेदभाव निषेध नीति** : पारिश्रमिक भर्ना, तालिम, पदोन्नति तथा कार्य विभाजनमा जात, वर्ग, लिङ्ग, धर्म, भाषा, क्षेत्र वा सामाजिक अवस्थाका आधारमा कुनै पनि प्रकारको भेदभाव गरिनु हुँदैन।

ख. **समावेशी भर्ना प्रक्रिया:** दलित, आदिवासी जनजाति, मधेशी, महिला तथा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्न समावेशी नीति अवलम्बन गरिनु पर्दछ।


ग. **स्थानीय भाषामा सूचना:** आवश्यकता अनुसार सुरक्षा निर्देशन तथा कार्यसम्बन्धी सूचना स्थानीय भाषामा उपलब्ध गराइनु पर्दछ।

घ. **प्रतिनिधित्व सुनिश्चितता:** कार्यस्थल सुरक्षा समिति तथा गुनासो व्यवस्थापन समितिमा महिला तथा सीमान्तकृत समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ।

साथै आवधिक रुपमा क्षमता विकासका कार्यक्रम मार्फत सबै श्रमिकहरूलाई लैङ्गिक संवेदनशीलता, समावेशी व्यवहार तथा भेदभावरहित कार्यसंस्कृति सम्बन्धी नियमित अभिमुखीकरण, सुपरिवेक्षक तथा व्यवस्थापकहरूलाई GEDSI उत्तरदायी नेतृत्व सम्बन्धी तालिम प्रदान गर्ने र SEA/SH सचेतना कार्यक्रम सरोकारवालाबीच समन्वय गरी आवधिक रुपमा सञ्चालन गरिनु पर्दछ। त्यसैगरी श्रमिकहरूको विवरण लिङ्ग, जात/समुदाय तथा अपाङ्गता अवस्थाका आधारमा पृथक रूपमा अभिलेख राखी अनुगमनबाट प्राप्त जानकारी सहित त्रैमासिक/वार्षिक प्रतिवेदनमा GEDSI सम्बन्धी प्रगति समावेश गरिनु पर्दछ।

## १३.४ वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१), २०८२

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयद्वारा "वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१)" तयार पारिएको १० वर्षे दीर्घकालीन रणनीतिले महिला, आदिवासी जनजाति, दलित, मधेशी, अपाङ्गता भएका व्यक्ति, पिछडिएका क्षेत्र तथा सीमान्तकृत समुदायलाई विकासको मूलधारमा ल्याउने लक्ष्य राखेको छ।




रणनीतिको दूरदृष्टि, ध्येय र उद्देश्यहरू

**दूरदृष्टिः** लैङ्गिक समानता, अपाङ्गतामैत्री र सामाजिक समावेशीकरण सहितको मर्यादित र न्यायपूर्ण वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रको निर्माण गर्ने।

**ध्येयः** राज्यका तीनै तहका सरकार, गैरसरकारी निकाय, निजी क्षेत्र र सामुदायिक संस्थाहरूमा सकारात्मक विभेदका माध्यमबाट सीमान्तकृत समुदायको मूलप्रवाहीकरण गर्दै हिंसारहित सुशासन सुनिश्चित गर्ने।

**मुख्य उद्देश्यहरूः**

१. नीतिगत र संस्थागत रूपमा वन तथा वातावरण क्षेत्रका सबै निकायलाई लैङ्गिक संवेदनशील, अपाङ्गतामैत्री र जवाफदेही बनाउने।

२. नेतृत्व र निर्णय प्रक्रियामा महिला तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै स्रोत-साधन र लाभमा न्यायोचित पहुँच र नियन्त्रण कायम गर्ने।

३. सबै कार्यस्थललाई लैङ्गिक तथा सामाजिक न्यायका दृष्टिकोणले सुरक्षित, मर्यादित, समावेशी र विभेदरहित बनाउने।

**प्रमुख कार्यनीति तथा रणनीतिक प्रावधानहरू**

**१. नीतिगत तथा संस्थागत सुदृढीकरण**

- ५०% महिला प्रतिनिधित्वः वन तथा वातावरण क्षेत्रका सबै संस्थागत संरचनाहरूमा निर्णायक पदसहित कम्तीमा ५० प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्ने।
- **समानुपातिक समावेशीकरणः** कर्मचारी भर्ना, करार, दैनिक ज्यालादारी, परामर्श सेवा, र इन्टर्नसिपमा न्यूनतम योग्यताका आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति र पिछडिएका वर्गको समानुपातिक प्रतिनिधित्व गराइने।
- **GEDSI एकाइः** सबै सरकारी, सार्वजनिक, र सामुदायिक संघ-संस्थाहरूमा स्पष्ट कार्यसूची, साधन र स्रोतसहितको लैसअसास एकाइ वा सम्पर्क व्यक्तिको व्यवस्था गरिने।
- **सूचना व्यवस्थापन प्रणाली (MIS):** लैङ्गिक खण्डीकृत तथ्याङ्क सङ्कलन, विश्लेषण र अनुगमनका लागि छुट्टै डिजिटल **MIS प्रणाली** स्थापना गरिने।

**२. नेतृत्व विकास र लाभको न्यायोचित वितरण**

- **सामुदायिक वन व्यवस्थापनमा नेतृत्वः** सामुदायिक वन, जलाधार व्यवस्थापन समिति, र वातावरण समितिहरूमा अध्यक्ष वा सचिव एवं उपाध्यक्ष वा कोषाध्यक्षमध्ये कम्तीमा ५० प्रतिशत महिला हुनुपर्ने कानूनी प्रावधानलाई दृढताका साथ लागू गरिने।
- **बजेट तथा लाभको वैज्ञानिक बाँडफाँटः** वन तथा वातावरण क्षेत्रबाट प्राप्त हुने कुल लाभको कम्तीमा ३५ प्रतिशत हिस्सा महिलाहरूको सीप र उद्यमशीलता विकासमा तथा कम्तीमा १५ प्रतिशत हिस्सा दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको जीविकोपार्जन सुधारमा खर्च गरिने।
- **परम्परागत ज्ञानको संरक्षणः** प्राकृतिक स्रोतसँग जोडिएका आदिवासी जनजातिका परम्परागत ज्ञान, सीप, र अभ्यासलाई अभिलेखीकरण गरी उद्यमशीलतासँग जोडिने।
- **अन्तर्राष्ट्रिय प्रतिनिधित्वः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन र वार्ताहरूमा भाग लिने टोलीमा महिला कर्मचारी एवं सीमान्तकृत वर्गका विषय विज्ञहरूको अनिवार्य र सार्थक सहभागिता सुनिश्चित गरिने।

**३. सुरक्षित र मर्यादित कार्यस्थल**

- **शून्य सहनशीलता (Zero Tolerance):** कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र लैङ्गिक हिंसा विरुद्ध कडा आचारसंहिता लागू गरी 'शून्य सहनशीलता' को नीति अपनाइनेछ। यसका लागि सबै कार्यालयहरूमा गोप्य उजुरी पेटिका वा अनलाइन उजुरी पोर्टलको व्यवस्था गरिने।

- **अपाङ्गतामैत्री पूर्वाधारः** वन क्षेत्रका कार्यालय, आवास, र सार्वजनिक पूर्वाधारहरूलाई महिला, यौनिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्ति अनुकूल (लिफ्ट, शिशु स्याहार कक्ष, स्तनपान कक्ष, मर्यादित महिनावारीमैत्री शौचालय आदि) बनाइने।
- **लैङ्गिक सुरक्षा अडिटः** सुरक्षित र मर्यादित कार्यवातावरण सुनिश्चित गर्न प्रत्येक दुई वर्षमा एक पटक स्वतन्त्र विज्ञद्वारा कार्यस्थलको 'लैङ्गिक सुरक्षा अडिट' गराइने।
- **कार्यबोझ न्यूनीकरणः** ग्रामीण महिलाहरूको कार्यबोझ घटाउन सुधारिएको चुलो, महिलामैत्री हाते औजार, र कृषि वन प्रविधिको विस्तार गरिने।

**कार्यान्वयन तथा संस्थागत व्यवस्था**

- **निर्देशक समितिः** वन मन्त्रालयका सचिवको संयोजकत्वमा नीतिगत मार्गदर्शन र स्रोत व्यवस्थापन गर्ने उच्चस्तरीय समिति रहने।
- **कार्यान्वयन समितिः** योजना महाशाखा प्रमुखको संयोजकत्वमा दैनिक सञ्चालन र प्रगति अनुगमन गर्ने समिति रहने।



चित्र १३ः सार्वजनिक जग्गामा वृक्षरोपणमा वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी सरोकारवाला छलफल बैठक, पटेर्वा सुगौली गा. पा. पर्सा

# सन्दर्भ ग्रन्थसूची


नेपाल सरकार, (२०६४). *खोटो सङ्कलन (कार्यविधि) निर्देशिका, २०६४.* काठमाडौं: नेपाल सरकार, वन तथा भू—संरक्षण मन्त्रालय।

नेपाल सरकार, (२०६९). *गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६९।* काठमाडौं: नेपाल सरकार, वन तथा भू—संरक्षण मन्त्रालय।

नेपाल सरकार, (२०७२). *नेपालको संविधान, २०७२.* काठमाडौंः नेपाल सरकार।

नेपाल सरकार, (२०७५). *श्रम नियमावली, २०७५* काठमाडौं: नेपाल सरकार ।

नेपाल सरकार, (२०७५). *सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५* काठमाडौं: नेपाल सरकार।

नेपाल सरकार, (२०७६). *राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति २०७६,* काठमाडौं: नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।

नेपाल सरकार, (२०७६). *वन ऐन, २०७६.* काठमाडौं, नेपालः नेपाल सरकार।

नेपाल सरकार, (२०७६). *वातावरण संरक्षण ऐन, २०७६.* काठमाडौंः नेपाल सरकार।

नेपाल सरकार, (२०७७). *वातावरण संरक्षण नियमावली, २०७७.* काठमाडौं: नेपाल सरकार।

नेपाल सरकार, (२०८०). *एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०,* काठमाडौं: नेपाल सरकार, राष्ट्रिय योजना आयोग।

नेपाल सरकार, (२०८०). *वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०।* काठमाडौंः नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय।

नेपाल सरकार, (२०८०). *व्यावसायिक रूपमा वन्यजन्तुको पालन, प्रजनन तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०.* काठमाडौं, नेपालः वन तथा वातावरण मन्त्रालय।

नेपाल सरकार, (२०८२). *वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१), २०८२,* काठमाडौंः वन तथा वातावरण मन्त्रालय।

नेपाल सरकार, वन तथा भू—संरक्षण मन्त्रालय, (२०७३). *वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३* काठमाडौं, नेपालः नेपाल सरकार, वन तथा भू—संरक्षण मन्त्रालय।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (२०७९). *वन नियमावली, २०७९* काठमाडौंः नेपाल सरकार।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, (२०७५). *राष्ट्रिय वन नीति, २०७५* काठमाडौंः नेपाल सरकार।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, (२०८१). *दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१* काठमाडौंः नेपाल सरकार।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, (२०८१). *राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना (२०८१—२१००)* काठमाडौंः नेपाल सरकार।

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, (२०७६). *राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६.* काठमाडौं: नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।

भट्टराई, भोला; अधिकारी, कृष्ण; र ज्ञवाली, विष्णु (२०७३). *नेपालमा वन श्रमिक,* काठमाडौं: राष्ट्रिय जनवकालत मञ्च, नेपाल।

महत, तेज बहादुर; (२०७७). *नेपालको सामुदायिक वन विकास प्रयासका ति प्रारम्भिक दिनको अनुभव र अनुभूतिहरु,* काठमाडौं।

राष्ट्रिय योजना आयोग, (२०८१). *सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२—२०८५/८६)* काठमाडौं, नेपालः नेपाल सरकार।

Bashyal, M. Cedamon, E. and Karki, P. (2024). Safe chainsaw operation. Enhancing Livelihoods from Improved Forest Management in Nepal (EnLiFT2), Kathmandu, Nepal.

Dangal S, Karki P, Cedamon E, Basyal M, Sharma N, Tiwari S, and Nuberg I 2024. Training of Trainers Manual on Forest Management. Enhancing Livelihood through Improved Forest Management (EnLiFT II) Project, Nepal.

FAO/IAEA/ILO/OECD-NEA/PAHO/WHO. (1996). *International basic safety standards for protection against ionizing radiation and for the safety of radiation sources* (Safety Series No. 115). International Atomic Energy Agency.

FAO/ILO. (1980). *Chain-saws in tropical forests* (FAO Training Paper No. 2). Food and Agriculture Organization of the United Nations.

Food and Agriculture Organization. (n.d.). *Occupational safety and health in forest harvesting and silviculture*.

Forestry and Arboriculture Safety and Training Council. (1996). *Forest industry safety guides* (36 leaflets). The Forestry Commission.

International Labour Organization. (1990). *Occupational safety and health in forestry* (Report III, Forestry and Wood Industries Committee, Second Session, Geneva, 1991).

International Labour Organization. (n.d.). *National occupational safety and health (OSH) profile for Nepal*.

Jackson, J.K. (1994) Manual of afforestation in Nepal. Kathmandu: Forest Research and Survey Centre. 2nd edition.

Joint FAO/ECE/ILO Committee on Forest Technology, Management and Training. (1997). *Safety and health in forestry are feasible: Proceedings of seminar held in Emmental, Switzerland, 7-11 October, 1996*. Federal Office of Environment, Forests and Landscape.

Kathmandu Valley Water Supply and Sanitation Project. (2017). *Health and safety manual 2017*.

Nepal Law Commission. (2016). *National health policy 2073*. Government of Nepal.

Nepal Law Commission. (2017). *Labour act 2074*. Government of Nepal.

Project Management Unit. (2019). *Occupational safety and health policy and procedures manual*.

*Safety and health in forestry work: ILO code of practice. Revised edition*. Geneva: International Labour Office, 2025.

Smith, David M.; (1986). The Practice of Silviculture. John Wiley & Sons, Inc. USA

*World Bank / REDD IC (2022). Environement and Social Management Freamwork (ESMF)*

World Bank (1998). Occupational Health and Safety Guidelines

World Bank. (2021). *Improving early childhood development (ECD) project (P168295)*.

# अनुसूचीहरु

## अनुसूचीः १

### विभिन्न तहमा पेश गर्ने घटना/गुनासो/उजुरीको ढाँचा

श्रीमान् प्रमुख ज्यू,

.................................. मन्त्रालय/केन्द्र/निर्देशनालय/कार्यालय

................

विषयः घटना/गुनासो/उजुरी सम्बन्धमा

महोदय,

उपरोक्त सम्बन्धमा............ .......जिल्ला................. ......गा.पा./न.पा................ ..........वडा नं. .............. स्थित म .......................लाई ..... ............ .. . .. ... .. ........... विषयमा निम्न बमोजिम भएकोले यो गुनासो/उजुरी पेश गरेको छु ।

व्यहोरा...................................................

............................................................

............................................................

संलग्न कागज प्रमाण.................................

भवदीय,

हस्ताक्षर................................

नाम.....................................

ठेगाना..................................

मोबाइल नं............................

मिति...................................

# अनुसूचीः २

## कार्यस्थलमा भएको घटना/गुनासो/उजुरी अभिलेख विवरण

| क्र. स. | घटना प्राप्ति मिति | घटना/गुनासो कर्ताको नाम/ थर | ठेगाना | लिंग ( म./ पु.) | घटना/ मुद्दाको प्रकार | घटना/ गुनासोको विवरण | घटना/गुनासो प्राप्तिको मध्यम/मोड | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मौखिक | टेलिफोन | इमेल | घटना/ गुनासो लगबुक रजिस्टर | निवेदन | अन्य | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

# अनुसूचीः ३

## घटना/ गुनासो/उजुरी प्रतिवेदनको ढाँचा (चौमासिक)

प्रतिवेदन अवधिः देखि सम्म

घटना/ गुनासो/उजुरी सुन्ने अधिकारीको नामः

| क्र.सं. | घटना/ गुनासो/ उजुरीको प्रकृति | प्राप्त घटना /गुनासो/ उजुरी संख्या | | | सुनुवाई भएको घटना / गुनासो/ उजुरी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | अघिल्लो प्रतिवेदन सम्म | यस प्रतिवेदन अवधि सम्म | जम्मा | अघिल्लो प्रतिवेदन सम्म | यस प्रतिवेदन अवधि सम्म | जम्मा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्नेः

नामः

पदः

हस्ताक्षरः

स्वीकृत गर्नेः

नामः

पदः

हस्ताक्षरः

# अनुसूची: ४

## GEDSI लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (अनुगमन चेकलिस्ट)

### खण्ड १: श्रम तथा कार्य अवस्था सम्बन्धित सूचकहरू

| क्र.सं. | सूचकहरु | प्रमाणीकरण विधि | अवस्था (छ/छैन/आंशिक) | टिप्पणी |
|---|---|---|---|---|
| १. | श्रम व्यवस्थापन प्रक्रियामा GEDSI प्रावधान समावेश छ? | कागजात समीक्षा | | |
| २. | समान कामका लागि समान पारिश्रमिक व्यवस्था लागू छ? | पारिश्रमिक अभिलेख | | |
| ३. | श्रमिकमा महिला/दलित/जनजाति/ अल्पसंख्यकको प्रतिनिधित्व (%) छ? | श्रमिक सूची | | |
| ४. | श्रम सम्झौतामा भेदभाव नगर्ने प्रावधान छ? | सम्झौता समीक्षा | | |
| ५. | महिला तथा पुरुषका लागि छुट्टै शौचालय व्यवस्था छ? | स्थल अवलोकन | | |
| ६. | श्रमिकहरूले आचारसंहिता (GBV/SEA/SH विरुद्ध) हस्ताक्षर गरेका छन्? | हस्ताक्षर अभिलेख | | |
| ७. | श्रमिक गुनासो व्यवस्थापन संयन्त्र (GRM) महिला तथा वञ्चित समूह मैत्री छ? | गुनासो रजिस्टर | | |
| ८. | PPE सबै श्रमिकलाई समान रूपमा वितरण गरिएको छ? | भौतिक जाँच | | |
| ९. | प्रसूति/मातृत्व संरक्षण व्यवस्था छ? | नीति समीक्षा | | |
| १०. | अपाङ्गता मैत्री पहुँच व्यवस्था छ? | स्थल अवलोकन | | |

### खण्ड २: सरोकारवाला सहभागिता सम्बन्धित सूचकहरू

| क्र.सं. | सूचक | प्रमाणीकरण विधि | अवस्था | टिप्पणी |
|---|---|---|---|---|
| १. | सरोकारवाला पहिचानमा वञ्चित समूह समावेश छन्? | SEP समीक्षा | | |
| २. | परामर्श कार्यक्रममा महिला तथा | उपस्थिति सूची | | |

| क्र.सं. | सूचक | प्रमाणीकरण विधि | अवस्था | टिप्पणी |
|---|---|---|---|---|
| | दलित(%) जनजातिको सहभागिता/ | | | |
| ३. | सूचना स्थानीय भाषामा उपलब्ध गराइएको छ? | सामग्री समीक्षा | | |
| ४. | बैठक समय/स्थान महिला मैत्री छ? | सहभागी प्रतिक्रिया | | |
| ५. | गुनासो दर्तामा महिला तथा वञ्चित समूहको पहुँच (%) | GRM अभिलेख | | |
| ६. | प्राप्त सुझाव योजनामा समावेश गरिएको छ? | बैठक Minutes | | |

## खण्ड ३: वनमा आधारित उद्यम (Forest Based Enterprise) विशेष GEDSI अनुगमन

### क. स्वामित्व तथा व्यवस्थापन

| क्र.सं. | सूचक | प्रमाण | अवस्था | टिप्पणी |
|---|---|---|---|---|
| १. | उद्यममा महिलाको स्वामित्व/साझेदारी (%) | दर्ता कागजात | | |
| २. | व्यवस्थापन पदमा महिला/वञ्चित समूह प्रतिनिधित्व छ? | अभिलेख | | |
| ३. | समावेशी भर्ती नीति छ? | HR फाइल | | |
| ४. | पारिश्रमिक विभेद | पारिश्रमिक विवरण | | |

### ख. कार्यस्थल सुरक्षा र समावेशीता

| क्र.सं. | सूचक | प्रमाण | अवस्था | टिप्पणी |
|---|---|---|---|---|
| १. | यौन दुर्व्यवहार विरुद्ध नीति छ? | नीति कागजात | | |
| २. | छुट्टै शौचालय तथा विश्रामस्थल व्यवस्था छ? | स्थल अवलोकन | | |
| ३. | बाल श्रम छैन? | श्रमिक अन्तर्वार्ता | | |
| ४. | श्रमिक बिमा व्यवस्था छ? | बिमा कागजात | | |

### ग. वित्तीय पहुँच तथा लाभ वितरण

| क्र.सं. | सूचक | प्रमाण | अवस्था | टिप्पणी |
|---|---|---|---|---|
| १. | महिला नेतृत्वमा रहेका उद्यमले अनुदान/ऋण प्राप्त गरेका छन्? | वित्तीय अभिलेख | | |
| २. | लाभ वितरण पारदर्शी छ? | लेखा अभिलेख | | |

## खण्ड ४: वृक्षरोपण/वन श्रमिक केन्द्रित GEDSI अनुगमन

### क. श्रमिक छनौट

| क्र.सं. | सूचक | प्रमाण | अवस्था | टिप्पणी |
|---|---|---|---|---|
| १. | श्रमिक छनौट पारदर्शी छ? | सूचना प्रकाशन | | |
| २. | महिला श्रमिकको सहभागिता (%) | उपस्थिति रजिस्टर | | |
| ३. | जबरजस्ती श्रम छैन? | श्रमिक अन्तर्वार्ता | | |

### ख. पेशागत स्वास्थ्य तथा सुरक्षा

| क्र.सं. | सूचक | प्रमाण | अवस्था | टिप्पणी |
|---|---|---|---|---|
| १. | **PPE** उपलब्ध छ? | स्थल जाँच | | |
| २. | प्राथमिक उपचार किट उपलब्ध छ? | अवलोकन | | |
| ३. | पिउने पानी र छायाँको व्यवस्था छ? | अवलोकन | | |
| ४. | महिला तथा पुरुषका लागि छुट्टै शौचालयको व्यवस्था छ? | अवलोकन | | |

### ग. Gender Based Violation जोखिम न्यूनीकरण

| क्र.सं. | सूचक | प्रमाण | अवस्था | टिप्पणी |
|---|---|---|---|---|
| १. | आचारसंहिता अभिमुखीकरण गरिएको छ? | तालिम अभिलेख | | |
| २. | महिला फोकल व्यक्ति तोकिएको छ? | निर्णय अभिलेख | | |
| ३. | गोप्य गुनासो संयन्त्र छ? | गुनासो रजिस्टर | | |

### समग्र मूल्याङ्कन

१. पूर्ण पालना (८०% भन्दा माथि)
२. आंशिक पालना (६०-७९%)
३. पालना नभएको (६०% भन्दा कम — तुरुन्त सुधार आवश्यक)

### सुधारात्मक कार्ययोजना

| सुधार गर्नुपर्ने विषय | जिम्मेवार व्यक्ति | समयसीमा | अनुगमन मिति |
|---|---|---|---|
| | | | |

# अनुसूचीः ५

नेपाल वन वातावरण श्रमिक संघका अनुसार वन श्रमिकका प्रकार

१) फर्निचर तथा सःमिल श्रमिक

२) वन पैदावार कटान मुछान श्रमिक

३) बीउ सङ्कलक तथा नर्सरी श्रमिक

४) जडिबुटी सङ्कलक तथा प्रशोधक

५) वनमा आधारित ठूला उद्योग श्रमिक

६) वन तथा वातावरण प्राविधिक

७) फोहोर व्यवस्थापन तथा सरसफाईमा संलग्न श्रमिक

८) वन, वन्यजन्तु तथा पंक्षी संरक्षक तथा हेरालु

९) वन पथ प्रदर्शक

१०) खोटो सङ्कलक

११) साना वन पैदावार घरेलु उद्योग श्रमिक

१२) वैकल्पिक ऊर्जा श्रमिक

१३) जल तथा माटो परिक्षक श्रमिक

१४) वैकल्पिक उर्जा प्रवद्र्धनमा संलग्न श्रमिकहरू

१५) पर्या—पर्यटन, भू—संरक्षण, कृषि—वन, चोरी नियन्त्रणमा संलग्न श्रमिकहरू

१६) बाँस तथा हस्तकला क्षेत्रमा संलग्न श्रमिकहरू

१७) गोल पोल्ने/उत्पादन गर्ने, ब्रिकेट उत्पादन गर्ने आदि क्षेत्रका श्रमिकहरू

१८) वनको संरक्षण र सम्बर्धनमा संलग्न श्रमिकहरू

१९) विभिन्न सरकारी, निजी तथा गैरसरकारी निकायमा आबद्ध भई वन संरक्षण तथा व्यवस्थापनमा कार्यरत प्राविधिक तथा श्रमिकहरू

*(श्रोत : भट्टराई र साथीहरु, २०७३)*

# अनुसूचीः ६
# नेपालको संविधान, २०७२

## ३४. श्रमको हकः

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

स्पष्टीकरणः यस धाराको प्रयोजनका लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।

## ३३. रोजगारीको हकः

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ।

## ३०. स्वच्छ वातावरणको हकः

(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## ३५. स्वास्थ्य सम्बन्धी हकः

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।

१८. <u>समानताको हकः</u>

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । <u>स्पष्टीकरणः</u> यस भाग र भाग ४ को प्रयोजनका लागि “आर्थिक रूपले विपन्न” भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन।

(५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

**धारा ५०: राज्यका निर्देशक सिद्धान्तहरु**

(२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ ।

**धारा ५१ः राज्यका नीतिहरु**

(झ) श्रम र रोजगार सम्बन्धी नीतिः

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(४) श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।

## अनुसूचीः ७

## श्रम ऐन, २०७४ का मुख्य प्रावधानहरु

### परिच्छेद-१२

### व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्था

**६८. सुरक्षा र स्वास्थ्य सम्बन्धी नीति बनाउनु पर्नेः**

(१) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिइएको निर्देशनको अधीनमा रही रोजगारदाताले कार्यस्थलमा श्रमिक तथा अन्य व्यक्तिको सुरक्षा र स्वास्थ्य सम्बन्धी नीति बनाई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएको नीति कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(३) रोजगारदाताले बनाउने सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम रोजगारदाताले बनाएको सुरक्षा तथा स्वास्थ्य नीतिको पालना भए नभएको सम्बन्धमा कार्यालयले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

**६९. श्रमिकप्रति रोजगारदाताको कर्तव्यः**

(१) व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका सम्बन्धमा रोजगारदाताको श्रमिकप्रति देहाय बमोजिमको कर्तव्य हुनेछः-

(क) कार्यस्थलमा सुरक्षा र स्वास्थ्य सम्बन्धी उचित प्रबन्ध गरी काम गर्ने सुरक्षित वातावरण बनाउने,

(ख) कार्यस्थलमा रासायनिक, भौतिक वा जैविक पदार्थ वा उपकरणको प्रयोग, सञ्चालन, सञ्चय र परिवहन गर्दा सुरक्षा र स्वास्थ्यमा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाउने,

(ग) श्रमिकलाई आवश्यकता अनुसार सुरक्षा र स्वास्थ्य सम्बन्धी आवश्यक सूचना, जानकारी र तालिम प्रदान गर्ने,

(घ) श्रमिकलाई उपकरण वा कामसँग सम्बन्धित रासायनिक, भौतिक वा जैविक पदार्थको प्रयोग र सञ्चालनका सम्बन्धमा आवश्यक तालिम र जानकारी उपयुक्त भाषामा दिने,

(ङ) कार्यस्थलमा सुरक्षित रुपमा प्रवेश गर्ने तथा निस्कने समुचित व्यवस्था गर्ने,

(च) श्रमिकलाई आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा साधन उपलब्ध गराउने,

(छ) तोकिए बमोजिमको अन्य व्यवस्था गर्ने ।

(२) श्रमिकलाई सुरक्षा सम्बन्धी कुनै सुविधा वा उपकरण दिए बापत रोजगारदाताले श्रमिकबाट कुनै शुल्क वा दस्तुर लिन पाउने छैन ।

**७०. <u>गैरश्रमिक प्रति रोजगारदाताको कर्तव्यः</u>**

(१) रोजगारदाताले कार्यस्थलमा आउने र जाने वा कार्यस्थल भएर हिड्ने गैरश्रमिकको सुरक्षा तथा स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) कार्यस्थलको कुनै कार्य प्रकृयाबाट कसैको सुरक्षा वा स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा खतरा पुग्न सक्ने भए सो सम्बन्धमा रोजगारदाताले सङ्केत दिने, राख्ने वा जानकारी दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) रासायनिक पदार्थ प्रयोग वा उत्पादन गर्ने प्रतिष्ठानले आफ्नो कार्य सञ्चालन गर्दा निस्कने रासायनिक पदार्थ वा ग्याँस वा अन्य कुनै कुराले स्थानीय जीवजन्तु, मानिस तथा वातावरणमा प्रतिकूल प्रभाव नपार्ने गरी व्यवस्थापन गर्नु पर्नेछ ।

**७१. <u>जिम्मेवार व्यक्तिको कर्तव्यः</u>** कुनै कार्यस्थल, उपकरण, वस्तु वा पदार्थ सम्बन्धित कामको लागि सुरक्षित तथा स्वस्थ भए वा नभएको कुरा सुनिश्चित गर्ने कर्तव्य जिम्मेवार व्यक्तिको हुनेछ ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनका लागि “जिम्मेवार व्यक्ति” भन्नाले कार्यस्थल, उपकरण, वस्तु वा पदार्थमाथि स्वामित्व वा नियन्त्रण भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यस्थल प्रमुख, उपकरण, वस्तु वा पदार्थको प्रयोगका सम्बन्धमा कुनै सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताबाट स्वामित्व वा नियन्त्रण कायम हुने व्यक्ति वा संस्था समेतलाई जनाउँछ ।

# अनुसूचीः ८
# श्रम नियमावली, २०७५ का मुख्य प्रावधानहरु

## परिच्छेद-७

## व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति

**३४. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति बनाउनु पर्नेः**

(१) ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएको बाहेक रोजगारदाताले कार्यस्थलमा कार्यरत श्रमिक तथा अन्य व्यक्तिको सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति बनाउँदा प्रतिष्ठानको कार्य प्रकृति अनुसार कार्यस्थलमा अपनाउनु पर्ने सुरक्षा सतर्कता, श्रमिकको स्वास्थ्य, कार्यस्थलमा हुनसक्ने सम्भावित दुर्घटना, कार्यस्थलमा मेशिनरी यन्त्र उपकरण सञ्चालन गर्दा अपनाउनु पर्ने सावधानी, स्वास्थ्यका दृष्टिले संवेदनशील मानिने रसायनिक पदार्थको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी लगायत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको सुनिश्चितता गर्ने आधारलाई समेटिने गरी बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम रोजगारदाताले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति बनाउँदा नियम ३७ बमोजिम सुरक्षा तथा स्वास्थ्य समिति गठन भएकोमा सो समिति र त्यस्तो समिति गठन नभएमा सम्बन्धित कार्यस्थलमा कार्यरत श्रमिक वा ट्रेड युनियनका प्रतिनिधिसँग परामर्श गर्नु पर्नेछ ।

**३५. रोजगारदाताको कर्तव्यः** ऐनको दफा ६९ को उपदफा (१) मा लेखिएका अतिरिक्त रोजगारदाताको श्रमिक प्रतिको कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) कामको सिलसिलामा कुनै श्रमिक दुर्घटनामा परेमा वा बिरामी परेमा त्यस्तो श्रमिकलाई उपचारको लागि तत्काल अस्पताल वा स्वास्थ्य केन्द्रसम्म लैजानको लागि आवश्यक व्यवस्था गर्ने,

(ख) रोजगारदाताले श्रमिकप्रति पूरा गर्नु पर्ने अन्य व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी दायित्व निर्वाह गरेको कुराको जानकारी कार्यालयलाई दिने ।

**३६. उत्पादनकर्ता, आयातकर्ता र आपूर्तिकर्ताको कर्तव्यः** कार्यस्थलमा प्रयोग हुने रसायनिक पदार्थको सुरक्षित प्रयोग, भण्डारण, प्रयोगमा आउन नसक्ने रसायनिक पदार्थको व्यवस्थापन तथा त्यसको असरबाट बच्ने उपायको बारेमा रोजगारदातालाई समयमै पर्याप्त जानकारी गराउनु सम्बन्धित उत्पादनकर्ता, आयातकर्ता र आपूर्तिकर्ताको कर्तव्य हुनेछ ।

**१२७. वन व्यवस्थापनमा संलग्न हुने जनशक्ति व्यवस्थापन गर्नेः**

(१) वनक्षेत्रबाट वन पैदावार सङ्कलन गर्ने इजाजतपत्र प्राप्त गरेका उपभोक्ता समूह, व्यक्ति, फर्म, उद्योग, कम्पनी वा आयोजनाले वन व्यवस्थापन तथा वन पैदावारको सङ्कलनदेखि प्रशोधनसम्मको कार्यमा श्रमिकको रुपमा संलग्न हुने जनशक्ति व्यवस्थापन गर्दा देहाय बमोजिमका कार्य गर्नु पर्नेछः-

(क) वन श्रमिकको अभिलेख राख्ने र परिचय पत्र उपलब्ध गराउनु पर्ने,

(ख) वन पैदावार सङ्कलन कार्य गराउनु अघि सङ्कलन कार्यमा संलग्न हुने व्यक्तिलाई वन पैदावारको दिगो सङ्कलनका अभ्यासको बारेमा तालिम प्रदान गर्नु पर्ने,

(ग) वन पैदावार सङ्कलन कार्यमा संलग्न हुने जनशक्तिलाई वन पैदावार सङ्कलनका क्रममा हुनसक्ने जोखिम न्यूनीकरणका उपाय अपनाउनु पर्ने,

(घ) वन पैदावार सङ्कलनमा खटिएका जनशक्तिलाई आफ्नो सुरक्षा गर्ने सम्बन्धी तालिम प्रदान गर्नु पर्ने,

(ङ) वन पैदावार सङ्कलनमा खटिएका जनशक्तिको प्रत्येक समूहलाई प्राथमिक उपचारको सामान उपलब्ध गराउनु पर्ने र समूहको कम्तीमा एकजनालाई आधारभूत प्राथमिक उपचारको तालिम दिने व्यवस्था गर्नु पर्ने ।

(२) वन पैदावार सङ्कलन सम्बन्धी काम गर्ने कर्मचारी तथा श्रमिकको लागि सम्बन्धित निकायले सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(३) यो नियम प्रारम्भ हुँदाका बखत वन व्यवस्थापन कार्यमा संलग्न भइरहेका जनशक्तिलाई समेत यो नियम प्रारम्भ भएको एक वर्षभित्र यस नियम बमोजिमको तालिमको व्यवस्था गर्नु पर्नेछ ।

## अनुसूचीः १०
# वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३

### परिच्छेद १५

### तालिम, सरसफाई र सुरक्षा सम्बन्धी व्यवस्था

**५४. तालिम सम्बन्धी व्यवस्थाः**

(१) प्लटमा छपान भएका रुखहरुको कटान, मुछान, दुवानी, घाटगद्दी आदि कार्यमा लगाइने कामदारहरुलाई र यस्ता कामहरुको निरीक्षणमा खटिने कर्मचारीहरुलाई समेत जिल्ला वन कार्यालयको सहयोगमा आवश्यक पर्ने तालिमको प्रबन्ध सम्बन्धित निकायले नै मिलाउनु पर्नेछ । जिल्ला वन कार्यालय आफैले पनि यस्तो तालिमको व्यवस्था गर्न सक्नेछ ।

(२) कटान मुछान सम्बन्धी तालिम प्राप्त नभएको वा अनुभव नभएको व्यक्तिलाई काममा लगाउनु हुँदैन ।

(३) निरीक्षणमा खटिने कर्मचारीहरुको लागि लगिङ्ग (Logging) सम्बन्धी तालिम स्वदेश वा विदेशमा समेत दिलाउने व्यवस्था सम्बन्धित निकायले मिलाउन सक्नेछ ।

**५५. सरसफाई र सुरक्षा व्यवस्थाः**

(१) क्याम्पमा काम गर्ने कामदारहरु तथा कर्मचारीहरुको लागि सम्बन्धित निकायले क्याम्पको सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) कामदारहरु तथा कर्मचारीहरुको लागि पिउन योग्य पानीको व्यवस्था सम्बन्धित निकायले गर्नु पर्नेछ ।

(३) कामदारको लागि पानीको स्रोतभन्दा कम्तीमा १०० मिटर टाढा रहने गरी खाल्डे चर्पी (Pit Latrin) बनाउनु पर्नेछ । ढल निकासको व्यवस्था हुनु पर्नेछ र यस्तो निकास पानीको स्रोत रहेको क्षेत्र वा खोला नदीमा सोझै गरिनु हुँदैन ।

(४) फोहोर मैलालाई जथाभावी नफली खाडल खनी राम्ररी पुर्नु पर्दछ ।

(५) क्याम्प क्षेत्रमा पानीको राम्ररी निकासको व्यवस्था मिलाउनु पर्दछ । लामखुट्टेले फूल पार्ने गरी पानी जम्न दिनु हुँदैन ।

(६) वन जंगललाई डढेलोबाट सुरक्षित हुने गरी खाना पकाउने व्यवस्था गर्नु पर्नेछ । खाना पकाइसकेपछि पानी हाली आगो निभाउनु पर्दछ ।

(७) वनक्षेत्रमा आगो लागेमा सबै कर्मचारी र कामदारहरु मिली तुरुन्त निभाउनु पर्दछ ।

(८) सम्बन्धित निकायले प्राथमिक उपचारको सामान हरेक कामदारको समूहलाई उपलब्ध गराउनु पर्नेछ । त्यस्ता समूहको कम्तीमा एकजनालाई आधारभूत प्राथमिक उपचारको तालिम दिने व्यवस्था गर्नु पर्दछ ।

(९) सबै कामदारहरुलाई काममा लगाउने व्यक्ति वा निकायले हेलमेट, बुट, पञ्जा र सुरक्षाजन्य पोशाक आदि उपलब्ध गराउनु पर्नेछ ।

**५६. <u>डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्थाः</u>**

(१) कटान क्षेत्र, अन्य वनक्षेत्र र घाटगद्दीमा समेत वन डढेलो लाग्न नदिनको लागि सम्बन्धित निकायले वन डढेलो रोकथाम र नियन्त्रणको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) आकस्मिक रुपमा वन डढेलो लागेमा यसको जानकारी यथासक्य चाँडो नजिकको प्रहरी, वन कार्यालय, नागरिक समाज र समुदायलाई गराई तुरुन्त नियन्त्रणमा लिने प्रयास गर्नु पर्दछ ।

(३) घाटगद्दीमा आगलागी भई काठ दाउराको हानि नोक्सानी भएमा दफा १३ बमोजिम गर्नु पर्नेछ ।

३. राहत उपलब्ध गराइने:

(१) वन्यजन्तुबाट देहायबमोजिमको क्षति भएको अवस्थामा सोबापत राहत उपलब्ध गराइनेछः-

(क) वन्यजन्तु मानव बस्तीमा प्रवेश गरी गरेको आक्रमणबाट नेपाली नागरिकको मृत्यु भएमा, गम्भीर घाइते भएमा वा सामान्य घाइते भएमा;

(ख) राष्ट्रिय निकुञ्ज वा आरक्ष बाहेक अन्य वन क्षेत्रमा विधिपूर्वक प्रवेश गर्दा वन्यजन्तुको आक्रमणमा परी नेपाली नागरिकको मृत्यु भएमा, गम्भीर घाइते भएमा वा सामान्य घाइते भएमा;

(ग) राष्ट्रिय निकुञ्ज वा आरक्षमा सरकारी काममा खटिएका कर्मचारी, वन तथा वन्यजन्तुको संरक्षण र व्यवस्थापनको काममा अनुमति लिई खटिएका वन हेरालु तथा कामदार वा अनुमतिप्राप्त प्रकृति पथप्रदर्शकलाई वन्यजन्तुले आक्रमण गरी मृत्यु भएमा, गम्भीर घाइते भएमा वा सामान्य घाइते भएमा;

(घ) सरकारी काममा खटिएका कर्मचारीलाई राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रको कार्यालय वा चिडियाखानामा पालिएका, गरिएका वा उपचारका लागि राखिएका वन्यजन्तुले क्षति पुऱ्याएमा:

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# रेड कार्यान्वयन केन्द्र

बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाडौँ